## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषय परिचय

भीम खरेलको जन्म वि.सं. २०१० कार्तिक २७ गते मेची अञ्चल, ताप्लेजुङ जिल्ला, थेचम्बु गा.वि.स. को खहरे गाउँमा भएको हो । हाल उनी वाग्मती अञ्चल, काठमाडौँ जिल्ला, वानेश्वरमा बसोवास गर्दै आएका छन् ।

भीम खरेल वि.सं. २०२७ सालमा झापाबाट प्रकाशित **लालटिन** पत्रिकामा **कर्णधार बालक** कविता प्रकाशित गरी साहित्य-साधनामा जुटेका हुन् । खरेलका एक कवितासङ्ग्रह, एक नाटक, तीनवटा समालोचनात्मक कृति र चारवटा सम्पादन कृतिहरू प्रकाशित छन् भने एकसय भन्दाबढी कविता र गीतहरू **मधुपर्क**, **गरिमा**, **रूपरेखा**, **मिर्मिरे** र **गोरखापत्र** आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । त्यस्तै उनका नेपाली साहित्य र साहित्येतर विषयमा लेखिएका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । खरेल कविता विधाबाट आफ्नो साहित्यिक यात्रा सुरु गरी कवि, गीतकार र समालोचक व्यक्तित्वका रूपमा सुपरिचित छन् । भीम खरेल नेपाली साहित्यका कविता, नाटक, समालोचना, साहित्यिक पत्रपत्रिका सम्पादनका साथै गीतका क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तित्व हुन् । खरेल वि.सं. २०३९ बाट सरकारी सेवामा प्रवेश गरे पनि आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिइ रहने एक लगनशील प्रतिभा हुन् । यसरी साहित्यका विविध विधामा कलम चलाएका खरेलले नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

अतः भीम खरेलको जीवनी, व्यक्तित्व, र कृतित्वको अध्ययन शीर्षकको यस शोधपत्रमा उनको जीवनी, व्याक्तित्वको पृष्ठभूमिको आलोकलाई समेत दृष्टिविन्दुमा राखी उनका काव्यकृति तथा समालोचना कृतिको वस्तुपरक अध्ययन गरिएको छ ।

### १.२ समस्याकथन

वि.सं. २०२७ बाट सहित्यिकयात्रा प्रारम्भ गरेका भीम खरेलको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरू रहेका छन् । उनले नाटक, कविता, गीत, बालरचना र समालोचना प्रकाशन गर्नुका साथै उनको सम्पादनमा पत्रपत्रिका, कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका प्रकाशित कृति र फुटकर रचनाका बारेमा सामान्य चर्चा पाइए पनि त्यसको व्यवस्थित अध्ययन-विश्लेषण अझसम्म हुन सकेको छैन् । त्यसैले प्रस्तुत शोधकार्य खरेलको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ :

**क**) भीम खरेलको जीवनी के-कस्तो छ ?

**ख**) भीम खरेलका व्यक्तित्वका पाटाहरू के-कस्ता छन् ?

**ग**) भीम खरेलको साहित्यिक यात्रा के-कस्तो छ ?

**घ**) भीम खरेलका कृतिहरूको अध्ययन के-कसरी गर्न सकिन्छ ?

**ङ**) भीम खरेलको नेपाली साहित्यमा के-कस्तो योगदान रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

शोधकार्यको क्रममा शोधसमस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेकाले समस्या समाधान के-कसरी गर्ने ? भन्ने कुरामा रहेर निम्नलिखित उद्देश्यहरू राखी सोको परिपूर्तिका लागि यो शोधपत्र सम्पन्न गरिएको छ ।

**क**) भीम खरेलको जीवनी पक्षको अध्ययन गर्नु,

**ख**) भीम खरेलको व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु,

**ग**) भीम खरेलको साहित्यिक यात्राको निरूपण गर्नु,

**घ**) भीम खरेलका प्रकाशित कृतिहरूको विश्लेषण गर्नु,

**ङ**) भीम खरेलको नेपाली साहित्यमा योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधाहरूमा अध्ययन, अनुसन्धान र विश्लेषण गरेर विभिन्न प्रतिभाहरूको बारेका प्रकाश पार्ने महत्त्वपूर्ण कार्यहरू हुँदाहुँदै पनि चार दशकदेखि साहित्यमा तल्लीन रहेका भीम खरेलको जीवनी, व्याक्तित्व, कृतित्व र योगदानका बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको पाइदैन । त्यसैले उनका बारेमा केही छिटफुट रूपमा भएका समीक्षात्मक टिप्पणीहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

> राजेन्द्र सुवेदीले **अभिलाषा र सफलता** (२०३२) नाटकको भूमिकाको सन्दर्भमा भीम खरेलको नाटकीयताप्रति यसो भनेका छन् : “जीवन त्रास र करुणाका अनुभूतिहरू अभिनयद्वारा दर्शकसम्म पुग्दछन् । यी सबै कसीहरूमा घोटे पनि प्रस्तुत नाटक नाटककै रूपमा देखिन्छ ।”

> कृष्णचन्द्रसिंह प्रधानले **अस्तित्व र मान्छे** (२०३७) कवितासङ्ग्रहको भूमिकामा खरेलका कविताहरूको सङ्क्षिप्त विवेचना गर्ने क्रममा यसो भनेका छन् : “समसामयिक नग्नतालाई चिनाएर भविष्यको निमित्त आह्वान गर्छन् कविताहरू । चौंखुरिनु परेको वाध्यता देखाएर अस्तित्वप्रति सचेत गराउँछन् भावनाहरू । ओइलाएका अनुहार मुसारेर हाँसो ल्याउने अभियानका लागि आमन्त्रित गर्छन् शब्दहरू ।”

रघु घिमिरेले **गोरखापत्र** (२०५०, साउन) मा रवीन्द्र शाहको व्यक्तित्व र कृति पुस्तकको बारेमा भनेका छन् : “सुपरिचित गीतकार रवीन्द्र शाहको व्यक्तित्व अनि कृतित्व पक्षको विश्लेषण यस पुस्तकका माध्यमबाट उपयुक्त ढङ्गबाट गरेर नेपाली गीतिविधालाई गुन लगाउनु भएको छ ।”

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचयकोश** (२०५१) मा भीम खरेललाई यसरी चिनाएका छन् : “खरेल लेखनका क्षेत्रमा होस् कि सम्पादनका फाँटमा होस् केहीगरूँ भन्ने प्रतिभा हुन् ।”

भीम खरेलको **शाह वंशका सष्टाः केही सिर्जना केही विवेचना** बारेमा मीना सुवेदीले **जनभावना साप्ताहिक** (२०५५, १६:२८) मा भनेकी छन् : “समालोचक भीम खरेलले यस कृतिमा शाह वंशका स्व.म.वी.वि. शाह पछिका स्रष्टाहरूका कृतिलाई एकै ठाउँमा राखेर परिशीलता गर्ने प्रयास गर्नु भएको छ । यस कृतिमा समेटिएका स्रष्टाहरू मूलतः तीन पुस्ता रहेका छन् ।”

**मेची किनारका कविताहरूमा सङ्कलित कवि र कविताको अध्ययन** (२०५६) अप्रकाशित स्नातकोत्तर शोधपत्रमा लक्ष्मीप्रसाद रिजालले भनेका छन् : “सम-सामयिक कविता धाराको समयावधिमा उदाएका कवि खरेल यस अवधिका उल्लेख्य कवि हुन् । यस अवधिमा देखिएका सशक्त गीतिकविता रचना गर्ने कविहरूमध्ये भीम खरेल पनि एक हुन् ।”

भीम खरेलका बारेमा **प्रतिनिधि सहित्यिक पत्रिका** (२०५९, १ : २३) मा तारानाथ शर्माले यसो भनेका छन् : “जी. शाह व्यक्तित्वका विषयमा भने जी. शाह व्यक्तित्व र सिर्जना कृतिमा भीम खरेलले राम्रो व्याख्या गर्नु भएको छ ।”

यसरी केही व्यक्ति तथा समालोचकहरूले भीम खरेलका बारेमा छिटफुट रूपमा चर्चागरे तापनि उनका बारेमा विस्तृत र वैज्ञानिक अध्ययन हुन सकेको छैन । तसर्थ यस शोधपत्रमा उनका बारेमा विस्तृत, वैज्ञानिक र तथ्यपरक अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

नेपाली साहित्य जगतका मूर्धन्य व्यक्तित्व भीम खरेलका बारेमा विस्तृत खोज तथा अनुसन्धान नगरिनु साहित्यप्रेमीहरूका लागि दुःखको कुरा हो । उनका बारेमा अहिलेसम्म जे जति अध्ययन भएका छन्, तर ती पर्याप्त छैनन् । त्यसैले उनको समग्र व्यक्तित्वका साथै उनका कृतिहरूको सुव्यवस्थित, सुनियोजित र तथ्यपरक अध्ययन गरी नेपाली साहित्यको

अनुसन्धान परम्परामा थप योगदान पुऱ्याउँदै सिर्जनशील नवप्रतिभाहरूलाई भीम खरेलका बारेमा जानकारी गराउनु नै शोधकार्यको औचित्य रहेको छ । भीम खरेलका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिलाई शोधपत्रले सहयोग गर्ने भएकाले यसको आफ्नै महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

भीम खरेलले नेपाली साहित्यअन्तर्गतका कविता, गीत, नाटक, समालोचना र सम्पादन आदिका क्षेत्रमा कलम चलाउँदै आएका छन् । उनको साहित्यिक यात्रा अझै पनि निरन्तर रहेकाले शोधकार्यमा उनको वि.सं. २०६७ सम्म प्रकाशित पुस्तकाकार कृतिहरूलाई सीमाङ्कन गरी अध्ययन गरिएको छ ।

## १.७ सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्र जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित भएकाले पुस्तकालयमा उपलब्ध सम्बन्धित पुस्तक र पत्रपत्रिकाबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । कतिपय सामग्री शोधनायक भीम खरेलसँगै शोधपुछ गरेर सङ्कलन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा शोधविधि

प्रस्तुत शोधपत्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित भएकाले विशेष गरी पुस्तकालय अध्ययनविधिमा केन्द्रित रहेको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण र विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक विधिलाई अँगाली शोधकार्य सम्पन्न गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र वैज्ञानिक रूपमा सम्पन्न गर्नका लागि निम्नलिखित परिच्छेद विभाजन गरिएको छ :

(क) **पहिलो परिच्छेद** : शोध परिचय,
(ख) **दोस्रो परिच्छेद** : भीम खरेलको जीवनी,
(ग) **तेस्रो परिच्छेद** : भीम खरेलको व्यक्तित्व,
(घ) **चौँथौ परिच्छेद** : भीम खरेलको साहित्यिक यात्रा तथा चरण विभाजन,
(ङ) **पाँचौं परिच्छेद** : भीम खरेलको कविताकृतिको अध्ययन,
(च) **छैटौं परिच्छेद** : भीम खरेलको नाटककृतिको अध्ययन,
(छ) **सातौं परिच्छेद** : भीम खरेलका समालोचनाकृतिहरूको अध्ययन,
(ज) **आठौं परिच्छेद** : उपसंहार ।

उपर्युक्त परिच्छेदहरूलाई पनि आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरी यो शोधपत्र सम्पन्न गरिएको छ र अन्त्यमा सन्दर्भसामग्रीसूची राखिएको छ ।

# दोस्रो परिच्छेद
# भीम खरेलको जीवनी

## २.१ पुर्ख्यौली

रूपनारायण खरेलका वंशजका रूपमा जन्मेका भीम खरेलका पुर्खाहरू काभ्रेपलाञ्चोकको खरेलथोकबाट बसाई सरी मेची अञ्चल, ताप्लेजुङ जिल्लाको थेचम्बु गएका हुन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । भीम खरेलका हजुरबुबा नरपति खरेल र हजुरआमा रूपमाया खरेलले ताप्लेजुङको थेचम्बु गा.वि.स. को खहरे गाउँमा नै सामान्य गृहस्थी जीवन बिताएका थिए । पिता रूपनारायण खरेलको आधा जीवन थेचम्बुमा नै बितेको पाइन्छ । पिता रूपनारायण खरेल ५ वर्ष मलाय सेनामा जागिर खाएर घरफर्केर खेतीपाती गर्न थालेको पाइन्छ । पिता रूपनारायण खरेलले थेचम्बु मा.वि. को संस्थापक सदस्य भएर कार्य गरेको देखिन्छ । रूपनारायण खरेलका दुई श्रीमती रूपादेवी खरेल र हरिमाया खरेलबाट १० जना सन्तानको जन्म भएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.२ जन्म र जन्मस्थान

भीम खरेलको जन्म मेची अञ्चल, ताप्लेजुङ जिल्ला, थेचम्बु गा.वि.स. वार्ड नं .५ खहरे गाउँमा वि.सं. २०१० कार्तिक २७ गते पिता रूपनारायण खरेल र माता रूपादेवी खरेलका तेस्रो सन्तानका रूपमा भएको हो । भीम खरेलको न्वारनको नाम टेकनाथ खरेल हो । यिनको वास्तविक जन्म मिति भन्दा फरक नागरिकता, प्रमाणपत्र, र सहित्यिक कृतिहरूमा वि.सं. २०११ भाद्र ७ गते उल्लेख भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । ताप्लेजुङको चिसो हावापानी, उकाली-ओरालीमा बाल्यकाल बिताएका भीम खरेल नै आजका परिचित साहित्यकार हुन् ।

## २.३ बाल्यकाल र उपनयन संस्कार

भीम खरेलका बुबा आमा थेचम्बुमा नै बसोवास गर्ने भएकाले उनको बाल्यकालका १४ वर्ष थेचम्बुमा नै बितेको पाइन्छ । दुई आमाका परिवारसँगै बस्ने भएकाले पनि यिनले वात्सल्य प्रेमको कम अनुभव गर्न पाएनन् । हरिमाया खरेलका गर्भबाट जन्मेका एक दिदी र आफ्नी आमाबाट जन्मेका एक दाजु र एक दिदीबाट पाएको माया-प्रेम अझै सम्झना आउँने खरेल बताउँछन् । उनी आफूभन्दा पछि जन्मेका तीन भाइ र तीन बहिनीलाई बाल्यकालदेखि आजसम्म पनि प्रेम गर्ने बताउँछन् (शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) । सानै उमेरदेखि मिलनसार पढाइका साथ-साथै अतिरिक्त क्रियाकलापमा समेत रुचिलिने खरेल सबैभन्दा बढी डन्डी-बियो, पाङ्ग्रा, पौडी, फुटबल, भलिबल खेल्न आकर्षित भएको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । बाल्यकालदेखि साहित्यमा चासो

राख्ने खरेल सहपाठी र शिक्षक माझमा प्रियपात्र बनेको पाइन्छ । खरेलको उपनयन संस्कार हिन्दुपरम्परा अनुसार ११ वर्षको उमेरमा भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.४ शिक्षादीक्षा

भीम खरेलको औपचरिक शिक्षा ११ वर्षको उमेरमा चण्डेश्वरी नि.मा.वि. थेचम्बुबाट भएको पाइन्छ । मेहनती भएको कारण खरेलले कक्षा १, कक्षा ३, र कक्षा ५ पढेर निम्न माध्यमिक तह वि.सं. २०२३ मा पूरा गरेको देखिन्छ । कक्षा ६ को अध्ययन भने खरेलले थेचम्बु मा.वि. थेचम्बुबाट गरेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । पिता रूपनारायण खरेल बसाइँ सरेर झापाको गौरादह आएपछि कक्षा ७ देखि एस्.एल्.सी. सम्मको अध्ययन घर नजिक रहेको जनता मा.वि. बाट वि.सं. २०२८ मा पूरा गरेको देखिन्छ । लगनशील र मेहनती खरेलले उच्च शिक्षाको अभिलाषाका साथ वि.सं. २०३० मा महेन्द्र क्याम्पस धरानबाट प्राइवेट परीक्षा दिएर प्रवीणता प्रमाणपत्र तह पूरा गरेको देखिन्छ । महेन्द्ररत्न क्याम्पस इलाममा वि.सं. २०३० बाट अध्ययन प्रारम्भगरी वि.सं. २०३६ मा खरेलले स्नातकतह पूरा गरेको देखिन्छ । भीम खरेलले स्नातकोत्तर तहको अध्ययन त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा सुरु गरे तापनि पूरा गर्न सकेको भने देखिँदैन (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । शिक्षालाई जीवन सञ्चालनको प्रमुख आधारमान्ने भीम खरेलले पढाई र जागिर एकैसाथ अगाडि बढाए पनि कार्यव्यस्तताका कारण स्नातकोत्तर तह पूरा गर्न नसकेकोमा असन्तुष्टि प्रकट गर्दछन् ।

## २.५ कार्यक्षेत्र

जीवनयापनका क्रममा प्रत्येक व्यक्तिले विभिन्न कार्य गरेको हुन्छ । भीम खरेलले पनि विभिन्न सङ्घ संस्थामा रहेर कार्य गर्दै आएको देखिन्छ । कार्य क्षेत्रको आधारमा खरेलको जीवन  जागिरे र संस्थागत संलग्नता गरी दुई पाटाहरू रहेका छन् :

### २.५.१ जगिरे जीवन

भीम खरेलको जगिरे जीवनको प्रारम्भ वि.सं. २०२९ मा नि.मा.वि. शिक्षकका रूपमा भएको हो । खरेलले वि.सं. २०२९ देखि वि.सं. २०३० सम्म तोपगाछी मा. वि. तोपगाछी र गौरादह प्रा.वि. गौरादहमा शिक्षकको रूपमा कार्य गरेको पाइन्छ । खरेल वि.सं. २०३३ को सुरुमा इलाममा स्नातक तह अध्ययन गर्न बसेको समयमा साझा प्रकाशन शाखा इलाममा पारिश्रमिक सहायक तहमा दैनिक आठ रुपैयाँ पाउने  सर्तमा जागिर सुरु गरेको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । इलाम शाखा प्रमुख रेशम विरही केही दिन घर जान्छु, भनेर चितवन गएका थिए । त्यही समयमा साझा प्रकाशनका अध्यक्ष क्षेत्रप्रताप अधिकारी इलाम आएको र खरेलले त्यसबीचमा पत्रपत्रिका बिक्रीबाट जम्मा भएको रुपैयाँ इमान्दारिताका साथ बैंकमा जम्मा गरेको बताउँछन् (शोधनायकबाट प्राप्त

जानकारीअनुसार) । भीम खरेलको इमानदार व्यक्तित्व देखेर साझाका अध्यक्ष क्षेत्रप्रताप अधिकारीले वि.सं. २०३३ चैत्रदेखि आफूलाई स्थायी कर्मचारीमा नियुक्त गरेको बताउँछन् । भीम खरेलले २०३६ सालमा साझा प्रकाशनको सेवाबाट राजीनामा दिएर लोकसेवा परीक्षा पास गरी २०३९ सालमा अधिकृत स्तर तह ६ मा रत्नरेकर्डिङ संस्थानमा सेवा सुरु गरेको देखिन्छ । जागिरे जीवनका क्रममा खरेलले वि.सं. २०४१ देखि वि.सं. २०४३ सालसम्म प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको निजी सहायकका रूपमा प्रधानमन्त्री कार्यालयमा रहेर कार्यसम्पादन गर्नुका साथै विभिन्न सरकारी कार्यालयमा काजमा खटिएर कार्यसम्पादन गरेको देखिन्छ । वि.सं. २०४८ देखि हालसम्म उनी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको गोरखापत्र संस्थानको प्रमुख प्रबन्धक पदमा कार्यरत रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

भीम खरेल आफ्नै प्रयास र अध्ययनका कारण जागिरे जीवनलाई सफल बनाउँदै अगाडि बढेको पाइन्छ ।

### २.५.२ संस्थागत संलग्नता

भीम खरेलको कार्यक्षेत्रको अध्ययन गर्दा यिनको संस्थागत संलग्नता पनि जीवनको महत्त्वपूर्ण पाटो बनेको छ । भीम खरेलले जीवनका विभिन्न समयमा सङ्घ संस्थामा संलग्न रहेको सूची यसप्रकार रहेको छ :

१. जनजागृति पुस्तकालय झापा, गौरादह (स्कुलचौन), संस्थापक (वि.सं. २०२६) ।

२. अनेरास्ववियू महेन्द्ररत्न क्याम्पस इलाम, सदस्य (वि.सं. २०३२) ।

३. मेची साहित्य परिषद्को संस्थापक, महासचिव (वि.सं. २०३३) ।

४. जुम्ला अफिसर क्लबको, सदस्य (वि.सं. २०३५/३६) ।

५. पाँचौंपीढी साहित्यिक समूह, सदस्य (वि.सं. २०३८) ।

६. नेपाल साहित्यिक पत्रकार सङ्घ, सदस्य (वि.सं. २०३९/४०) ।

७. नेपालयुवक संगठन अन्तर्गतको युवा साहित्यिक समूह, सदस्य (वि.सं. २०४०)।

८. गोरखापत्र संस्थान, कर्मचारी सङ्घ २०४७, सल्लाहकार (वि.सं. २०५२) ।

९. प्रतिनिधि प्रकाशन समूह, संस्थापक (वि.सं. २०५४) (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.६ दाम्पत्य जीवन तथा सन्तान

भीम खरेलले ३३ वर्षको उमेरमा दाम्पत्य जीवन सुरु गरेको पाइन्छ । वि. सं. २०४३ माघ ११ गते विराटनगर निवासी लक्ष्मीबहादुर खड्का र जान्दवी खड्काकी छोरी लता के.सी. सँग यिनको लगनगाँठो बाँधिएको पाइन्छ (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । राजनीतिशास्त्रमा स्नातकसम्म अध्ययन गरेकी लता के.सी. मा समय र परिस्थिति बुझ्नसक्ने स्वभाव देखिन्छ । खरेलका दुई सन्तान मध्ये छोरा ईशान खरेल र छोरी

अस्मिता खरेल बुबा-आमासँगै बसेर अध्ययन गरिरहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । श्रीमती लता के.सी. स्थायी शिक्षकको रूपमा नोबेल ऐकेडेमी वानेश्वरमा शिक्षण गर्दै आएको पाइन्छ ।

## २.७ आर्थिक स्थिति

मध्यमवर्गीय परिवारमा जन्मी हुर्केका भीम खरेलका पिता रूपनारायण खरेल वि.सं. २०२४ सालमा झापाको गौरादहमा बसाइँ सरेपछि आर्थिक अवस्था राम्रो भएको पाइन्छ । पिता रूपनारायण खरेलले मलाय सेनामा केही समय जागिर गरेकोले आर्थिक बोझमा सहयोग पुगेको देखिन्छ । भीम खरेल आफैँ पनि वि.सं. २०२९ बाट तोपगाछी मा.वि. मा निम्न माध्यमिक तहको शिक्षक भएर कार्य गर्न थालेपछि उनलाई शिक्षाक्षेत्रमा अगाडि बढ्न सहयोग पुगेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । घरको आर्थिक अवस्था सबल भएको र आफैँ पनि कमाउन सक्षम भीम खरेलले जीवनमा आर्थिक समस्या झेल्नुपरेको देखिँदैन । खरेल २०३३ सालदेखि  साझा प्रकाशनमा स्थायी नियुक्ति भएपछि आर्थिक अवस्था राम्रो हुँदै गएको र हाल गोरखापत्र संस्थान धर्मपथ, काठमाडौँमा अधिकृत स्तरमा कार्यरत रहेकाले पनि यिनको आर्थिक अवस्था अझ  सुदृढ बन्दै गएको पाइन्छ ।

## २.८ बसोवास र दिनचर्या

मानिसका आफ्नै इच्छा, आकाङ्क्षा र चाहनाहरूका साथै अनेक कल्पनाहरू हुन्छन । जन्मेदेखि नमरुञ्जेलसम्म अनेक विवशता र वाध्यताहरूसँग सङ्घर्ष गरिरहेका मानिसहरू जीवन सञ्चालनका लागि यत्र तत्र दौडिन्छन् । एक ठाउँबाट अर्को ठाउँ र त्यहाँबाट पनि अर्को ठाउँ सर्ने गर्दछन् । यस किसिमको विशेषताबाट भीम खरेलको जीवन पनि अछुतो रहेको पाइदैन । भीम खरेलको जन्म ताप्लेजुङमा भए पनि पिता रूपनारायण खरेल बसाइँ सरेर झापाको गौरादह आएपछि उनी पनि सँगै आएको पाइन्छ । जागिरको सिलसिलामा खरेलले नेपालका विभिन्न ठाउँमा केही वर्ष बिताएको पाइन्छ । भीम खरेलको जन्मथलो ताप्लेजुङ भए पनि कर्मथलो भने काठमाडौँ बनेको छ । खरेल बिहानै उठ्ने, मर्निङवाक गर्ने, पत्रपत्रिका हेर्ने र सामान्य घरायसी काम गर्नुका साथै घरको छेउमा रहेको फूलबारीमा फूलको हेरचाह गर्ने गरेको बताउँछन् । खरेल गोरखापत्र संस्थानको कर्मचारी भएकाले दिउँसोको समय कार्यालयको काममा बित्ने गरेको देखिन्छ । बिहान १० बजे कार्यालयमा हाजिर हुने खरेल आफ्नो कार्यकक्षमा आएका समस्यालाई समाधान गर्ने र घर फर्केपछि बेलुकाको समयमा परिवारका सदस्यहरूसँग बसेर कुराकानी गर्ने र केही समय अध्ययन, लेखन गर्ने गरेको बताउँछन् (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) ।

साहित्य र प्रशासनिक क्षेत्रमा संलग्न खरेल विभिन्न सङ्घ संस्थामा कार्य गर्दै हाल गोरखापत्र सस्थानको केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौँमा कार्यरत रहेका छन् । भीम

खरेल जागिरका साथै फुर्सदको समयमा साहित्यको क्षेत्रमा कलम चलाएर आफ्नो दिनचर्या बिताउने गरेको देखिन्छ ।

## २.९ रुचि र स्वभाव

सादा जीवन उच्च विचारका धनी भीम खरेललाई तडक-भडकप्रति रुचि छैन् । उनी अधिकांश नेपालीले मनपराउने साधारण खानेकुरा मन पराउँछन् । उनलाई दाल, भात, तरकारी मन पर्नुका साथै फलफूलमा सुन्तला, स्याउ अनि माछामासु सामान्य मन पर्छ भने गुन्द्रुक र दूध-दही साह्रै मन पर्छ । उनी नेपाली पोशाक दौरासुरुवाल मनपर्ने भए पनि सजिलोका लागि पेन्ट-सर्ट लगाउने बताउँछन् (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । माटो र देशप्रति इमान्दार हुनुपर्छ, आफ्ना पूर्वजका सद्गुणको पालना गर्नुपर्छ र सन्ततिलाई सत्मार्गमा हिँडाउने प्रयास गर्नुपर्छ, भन्ने खरेल नेपाली सभ्यता र राष्ट्रियताप्रति विश्वास गर्दछन् (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । उनी पत्रपत्रिका पढ्न, कविता र गीतलेख्न विशेष रुचि भएको बताउँछन् । फुटबल, भलिबल ब्याडमिन्टन, क्यारेमबोर्ड, टेबलटेनिस खेल्न मन पराउने खरेल स्वाभिमानी, राजनीतिबाट अलग रहने, स्पष्ट बोल्ने र स्वच्छ समाजको निर्माणमा सहयोग पुऱ्याउने जुनसुकै मानिसलाई मनपराउने बताउँछन् (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । माटोपरक र राष्ट्रपरक भावनाले ओतप्रोत साहित्य मनपराउन उनमा मिजासिलो, हक्की र प्रष्ट विचार राख्ने स्वभाव देखिन्छ ।

## २.१० भ्रमण

भीम खरेलले जागिरको सिलसिलामा स्वदेश र विदेशका केही ठाउँहरूको भ्रमण गरेको पाइन्छ । खरेलले भ्रमण गरेका स्वदेशका स्थानहरू इलाम, झापा, विराटनगर, जनकपुर, राजविराज, पोखरा, नेपालगञ्ज, चिसापानी, स्याङ्जा, सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, मानसरोवर, र विदेशका स्थानहरू भारतका दार्जिलिङ, सिक्किम, गोरखपुर, लखनऊ जस्ता स्थानको सफल भ्रमण गरेको पाइन्छ (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) ।

## २.११ तालिम तथा प्रशिक्षण

भीम खरेलले औपचारिक शिक्षाका अतिरिक्त विभिन्न सङ्घ संस्था एवम् प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त गरेर आफूलाई योग्य व्यक्तिका रूपमा स्थापित गरेका छन् । भीम खरेलले प्राप्त गरेका तालिम तथा प्रशिक्षणहरू यसप्रकार रहेको छ :

१. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित तालिम ।

२. सेवासँग सम्बन्धित तालिम (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

भीम खरेलले विभिन्न तालिम केन्द्रबाट आवश्यक तालिम तथा प्रशिक्षण प्राप्त गरेर योग्यनागरिक भई देशको प्रशासनिक क्षेत्रमा सेवा गर्दै आएको पाइन्छ ।

## २.१२ सम्मान, पुरस्कार र पदक

असल कार्य गरेबापत प्राप्त गरिने इमान नै पुरस्कार हो; जसले मानिसलाई अझ अरु असल कार्य गर्न प्रेरणा प्रदान गर्दछ । व्यक्तिको मनोबल बढाउन र असल कार्यलाई निरन्तरता दिन पुरस्कारले ठूलो सहयोग गर्दछ । भीम खरेलले साहित्य र प्रशासनिक क्षेत्रमा पदीयदायित्त्व निर्वाह गरेबापत विभिन्न पदक, पुरस्कार तथा सम्मानप्राप्त गरेका छन् ।

जुन यसप्रकार रहेका छन् :

१. स्वर्ण पदक (नेपाली गीति साहित्यको सन्दर्भ) (वि.सं. २०४०) ।

२. श्री ५ वीरेन्द्रगद्दी आरोहण रजत महोत्सव पदक ( वि.सं. २०५३) ।

३. वीरेन्द्र ऐश्वर्य पदक (वि.सं. २०५८) ।

४. रेडियो नेपालबाट विशिष्ट श्रेणीको गीतकार सम्मान  (वि.सं. २०५८) ।

५. गोरखापत्र संस्थानको ९७ औं वर्ष प्रवेशको कविगोष्ठीमा तृतीय पुरस्कार ।

६. गोरखापत्र संस्थान रजत पदक  (वि.सं. २०५९) ।

७. गोरखादक्षिणबाहु चौथो  (वि.सं. २०६०) ।

८. गोरखापत्र संस्थानको १०७ औं वर्ष प्रवेशका उपलक्ष्यमा २५ वर्ष सेवा गरे वापत स्वर्ण-पदकसहित कदरपत्र  (वि.सं. २०६४) (शोधनायकबाट प्राप्त जानकारीअनुसार)।

समय समयमा विभिन्न क्षेत्रबाट प्राप्त पुरस्कार, पदक एवम् सम्मानबाट सम्मानित भीम खरेल आफूमा अझै केही गर्ने भावना जागृत भएको अनुभव गर्दछन् ।

## २.१३ लेखन प्रेरणा र आरम्भ

भीम खरेलले वि. सं. २०२७ सालमा **लालटिन** पत्रिकामा **कर्णधार बालक** कविता प्रकाशित गरी साहित्य लेखन आरम्भ गरेको पाइन्छ । वि.सं. २०२७ मा झापाबाट प्रकाशित **पञ्चामृत** पत्रिका र त्यसका सम्पादक द्रोणाचार्य क्षेत्री, राधाकृष्ण मैनाली र रुद्र खरेलबाट साहित्य लेखनको प्रेरणा प्राप्त गरेको खरेल बताउँछन् । उनी साहित्यमा अझबढी प्रभावित भने म्याक्सिम गोर्कीको हिन्दीमा रहेको **'माँ'** उपन्यासबाट भएको बताउँछन् ( शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । भीम खरेल पिता रूपनारायण खरेलको सामाजिक व्यक्तित्वको प्रभाव र माता रूपादेवी खरेलले गाउँका राम्रा मानिसहरूको उदाहरण दिएर हौसला प्रदान गरेका कारण साहित्यलेखनमा अग्रसर भएको बताउँछन् । राष्ट्रिय परिस्थितिका घटना, दृश्यहरू र अध्ययनका क्रममा कुनै विषयले प्रभाव पारेपछि सिर्जना गर्ने प्रेरणा प्राप्त हुने खरेल बताउँछन् (शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

## २.१४  पुस्तकाकार कृति

बहुमुखी प्रतिभाका धनी भीम खरेल नेपाली साहित्यका क्षेत्रमा वि.सं. २०२७ सालबाट कलम चलाउँदै आएका व्यक्तित्व हुन् । भीम खरेले गीत, कविता, नाटक,

समालोचना र सम्पादनका क्षेत्रमा आफूलाई स्थापित गरेको पाइन्छ । यिनका केही गीत रेडियो नेपालमा रेकर्ड भएका छन् भने फुटकर रूपमा गीत, कविता, लेख, समालोचना र बालसाहित्य प्रकाशित भएका छन् । भीम खरेलका पुस्तकाकार कृतिहरू यसप्रकार छन् :-

१. नाटक कृति

क. **अभिलाषा र सफलता** (वि.सं. २०३२)

२. कविता कृति

क. **अस्तित्व र मान्छे** (वि.सं. २०३७)

३. समालोचना कृति

क. **जी. शाहका गीतको पर्यावलोकन** (वि.सं. २०४२)

ख. **जी. शाहका गीतको पर्यावलोकन** (वि.सं.२०४६ परिमार्जित)

ग. **रवीन्द्र शाह व्यक्तित्व र कृति** (वि.सं. २०४९)

**घ. शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** (वि.सं. २०५३)

**ङ. जी. शाह व्यक्तित्व र सिर्जना** (वि.सं. २०५६)

४. सम्पादित कृति

क. **मेची किनारका केही कविता** (वि.सं. २०३४)

ख. **धरा साहित्यिक पत्रिका** (वि.सं. २०३६ देखि वि.सं. २०३९ सम्म)

ग. **पाँचौपीढी साहित्यिक पत्रिका** (वि.सं. २०३८)

घ. **श्री रत्नरेकर्डिङ स्मारिका** (वि. सं. २०३९)

ङ. **प्रतिनिधि साहित्यिक पत्रिका** (वि.सं. २०५९ देखि वि.सं. २०६२ सम्म) (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

साहित्य लेखन र सम्पादनको आजसम्मको यात्रामा प्रकाशित पुस्तकाकार र सम्पादित कृतिहरूले भीम खरेललाई नेपाली साहित्य जगत्मा चिनाउन सफल भएका छन् ।

## २.१५ जीवनका अविस्मरणीय क्षण

वि.सं. २०३३ सालको अन्त्यतिर साझा प्रकाशन इलामका शाखा प्रमुखले बिना अधिकार शाखा जिम्मा लगाएर हिँडेको क्षण, वि.सं. २०३४ सालमा **मेची किनारका कविता** नामक पुस्तक इलामको जनपथ हलमा विमोचन गरिरहेको समयमा प्रमुख जिल्ला अधिकारीको आदेशमा बिना कारण जफत गरिएको क्षण र वि.सं. २०३५ सालमा साझा प्रकाशनको जागिरको सिलसिलामा एक्लै नेपालगञ्जदेखि जुम्ला जाँदाको क्षण अविस्मरणीय रहेको खरेल बताउँछन् । त्यसैगरी ताप्लेजुङको थेचम्बुबाट धरानसम्म आई चारपाथी नुन र एक ग्यालेन मट्टितेल बोकी थेचम्बुसम्म पुग्दाको बाल्यकालको क्षण अविस्मरणीय रहेको खरेल बताउँछन् (शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

## २.१६ जीवन दर्शन

मानिसको जीवनसम्बन्धी आ-आफ्नै धारणा हुन्छ । मानिस चेतनशील प्राणी भएकाले आफ्नो भोगाई र देखाइसम्बन्धी आफ्नै दर्शन निर्माण गर्दछ । जीवनलाई अगाडि बढाउने क्रममा उकाली, ओराली, उतार-चढाव, आँसु-हाँसोलाई सामना गर्नु पर्ने हुन्छ । यिनै कुराहरूको प्रभावबाट साहित्यको निमार्ण हुने गर्दछ । भीम खरेल माटो र देशप्रति इमान्दार हुनुपर्ने, पूर्वजहरूको सद्गुणलाई शिरोधार्य गर्नुपर्ने र आफ्ना सन्ततिहरूलाई सत्मार्गमा हिँडाउन प्रयास गर्नुपर्ने भन्दै यी गीतका हरफमा भनेका छन :-

पराई आस्था बोकी मन बाँच्न सकिँदैन ।
पराई सुवास लिइ तन फूल्न सकिँदैन ॥

खरेल जीवनमा आशावादी हुनुपर्छ अनि सत्कर्ममा विश्वास गर्दा सफलता प्राप्त हुन्छ भन्दछन् । उनी सिर्जना माटो र जनताका निम्ति हुनुपर्ने, छोटो जीवनलाई सदुपयोग गर्न कर्ममा विश्वास गर्नुपर्ने र कतर्व्यलाई कहिल्यै बिर्सन नहुने बताउँछन् (शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

# तेस्रो परिच्छेद
# भीम खरेलको व्यक्तित्व

## ३.१ परिचय

मानिसको आचरण र उसको व्यवहारिक क्रियाकलापले उसको व्यक्तित्व निर्माण गर्दछ । आफ्नो व्यक्तित्व निर्माण गर्न मानिस स्वयम् सक्रिय हुन अपरिहार्य छ । "व्यक्तित्व व्यक्तिका समस्त जैविक जन्मजात विन्यास, उद्वेग, झुकाउ, क्षुधा, मूल प्रवृत्ति तथा आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो । यसबाट व्यक्तित्व वंशपरम्परागत जैविक वृत्तिपुञ्जका रूपमा सृजित हुन्छ र शिक्षा-दीक्षा, सङ्गति र वातावरणका अवलोकनबाट प्राप्त वा आर्जित अनुभवद्वारा समृद्ध बन्छ " (उपाध्याय, २०३९ : २९) ।

भीम खरेलले आफ्नो करीब ६ दशक लामो जीवनावधिका ४ दशकजति सुदीर्घ जीवन शैक्षिक, सामाजिक, प्रशासनिक र साहित्यिक आदि विविध क्षेत्रमा क्रियाशील बनाउँदै आएको देखिन्छ । खरेलले जीवनमा देखाएका यही क्रियाशीलता र योगदान नै उनको व्यक्तित्व निर्माणको आधारशीला बनेको पाइन्छ ।

भीम खरेलको चारदशकको सक्रिय कार्यकालमा आर्जित गरेको व्यक्तित्वका विविध पाटाहरूलाई निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरी अध्ययन गरिन्छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तित्व आचरण एवम् व्यवहारसँग सम्बन्धित व्यक्तित्वलाई नै वैयक्तिक वा निजी व्यक्तित्व भनिन्छ । मानिसको आन्तरिक व्यक्तित्वले बाह्य व्यक्तित्वलाई प्रभाव पार्दछ । व्यक्तिका बारेमा सही ज्ञानका लागि उसको बाह्य आकार-प्रकार र स्वभाव, आचरण र प्रवृत्तिका आधारमा स्पष्ट हुने हुनाले यहाँ सोही अनुसार अध्ययन गरिएको छ ।

### ३.२.१ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वले व्यक्तिमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले गर्ने जीवनका कार्यसँग सम्बन्ध राख्दछ । भीम खरेलको आन्तरिक व्यक्तित्वलाई नियाल्दा यिनी सानै उमेरदेखि जिज्ञासु र चञ्चल स्वभावका देखिन्छन् । उनी सानै उमेरदेखि गुरुसँग बोल्न नहिच्किचाउने र सहपाठी अन्य दौँतरीहरूसँग सहयोग आदानप्रदान गर्ने स्वभावका थिए । समयसँगै आएको शारीरिक र बौद्धिक परिवर्तनले यिनलाई शान्त र गम्भीर स्वभावमा परिणत गरिदियो । शब्दहरूलाई केलाएर अत्यन्त छोटो तरिकाले स्पष्ट र ठोस निणर्य दिनसक्ने क्षमता खरेलमा रहेको देखिन्छ । उनी समाज र राष्ट्रमा देखापरेका विकृतिप्रति धेरै चिन्तित देखिन्छन् । कुनै पनि मानिसले व्यक्तिगत स्वार्थभन्दा सामाजिक र राष्ट्रिय स्वार्थका लागि आफ्नो जीवनलाई सदुपयोग गर्नु पदर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । उनी

मानिसलाई आस्थाका आधारमा भेदभाव गर्दैनन् (शोधनायकसँगको प्रत्यक्ष भेटघाटबाट प्राप्त जानकारी) ।

### ३.२.२ बाह्य व्यक्तित्व

बाहिरबाट झट्ट हेर्दा देखिने शारीरिक बनावट र आकार प्रकार नै बाह्य आकृति हो । भीम खरेल अग्लो शरीर भएका गहुँगोरो वर्ण, हट्टाकाट्टा, बलियो, हँसिलो, ठूलो अनुहार, कपाल केही फूलेको ५ फिट ६ इन्च अग्लो उचाइ भएका र ५७ वर्षको उमेरको शारीरिक सौन्दर्य हेर्दा उनी आकर्षक नेपाली बनावटका देखिन्छन् । शान्त र गम्भीर स्वभावका खरेल शब्दलाई तौली-तौली अत्यन्त स्पष्ट भाषामा जे-जति बोल्छन् सबै निचोड र पूर्ण कुरा बोल्दछन् । त्यसैले उनका कुरा काट्न कसैले साहस गर्दैन । खरेलमा कुनै तडकभडक देखिँदैन उनी धेरै समय साधारण पोशाकमा नै रहन्छन् (शोधनायकसँगको प्रत्यक्ष भेटघाटबाट प्राप्त जानकारी) । स्वाभिमान, वैचारिक अडान र समाज सेवामा गरेको महत्त्वपूर्ण योगदान नै उनको निजी व्यक्तित्वका विशेषता हुन् ।

## ३.३ सार्वजनिक व्यक्तित्व

भीम खरेल हालसम्म प्रशासनिक र साहित्यिक क्षेत्रमा संलग्न रहेका छन् । यिनैसँग सम्बन्धित विविध पाटाहरू उनका सार्वजनिक व्यक्तित्वका आधारहरू हुन् । भीम खरेलले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका पक्षहरूलाई साहित्यिक र साहित्येतर गरी दुई आधारमा अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यकारको साहित्यिक व्यक्तित्वका बारेमा थाहा पाउन उनका कृति एवम् साहित्यिक रचनाका बारेमा अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ । भीम खरेलका कविता, गीत, नाटक र समालोचनाबाट उनको साहित्यिक व्यक्तित्व निर्क्योल गर्न सकिन्छ । बहुमुखी प्रतिभाका धनी खरेलले २०२७ सालमा कविता लेखनबाट साहित्यिक यात्रा प्रारम्भ गरी हाल कविता, गीत र समालोचना विधामा बढी चर्चित रहेका छन् । नेपाली साहित्य सिर्जनामा खरेल अझपनि निरन्तर कलम चलाई रहेका छन् ।

जीवनका चार दशकलाई साहित्यका क्षेत्रमा समर्पण गरिसकेका भीम खरेलको साहित्यिक व्यक्तित्वलाई विविध पाटामा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ ।

#### ३.३.१.१ कवि व्यक्तित्व

भीम खरेलको साहित्यिकक्षेत्रमा प्रवेश कविता विधाबाट भएको हो । उनको पहिलो प्रकाशित कविता **कर्णधार बालक** हो । यो कविता झापाबाट प्रकाशित हुने **लालटिन** नामक पत्रिकामा वि.सं. २०२७ सालमा प्रकाशित भएको थियो । यस कविताका केही अंशहरू यसप्रकार रहेको छ :-

म कर्णधार बालक हुँ ।

देशको निम्ति गर्ने हुँ ।
देशकै निम्ति मर्ने हुँ ।

भीम खरेलको **अस्तित्व र मान्छे** (२०३७) पहिलो कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा खरेलले क्रान्तिकारी स्वर उरालेका छन् । मान्छेको अस्तित्व माथि प्रश्नचिन्ह खडा भइरहेको समयमा खरेलको यस सङ्ग्रहका कविताहरूले यथार्थको खोज गरेको पाइन्छ । कविता सङ्ग्रह भित्र मूलतः प्रगतिवादी प्रभाव सशक्त छ । दाल, भात, नुन, तेलमा मान्छेले आफ्नो अस्तित्व बेच्न बाध्य भएको भन्दै कविले तत्कालीन समाजप्रति व्यङ्ग्यको झटारो हान्नुका साथै सुन्दर पक्षलाई निरीक्षण गर्न पुगेका छन् । यस सङ्ग्रहदेखि बाहेक खरेलका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पाँचदर्जन भन्दा बढी कविता प्रकाशित भएको पाइन्छ । कविले सरलता, स्पष्टता र भावनात्मकतालाई कवितामा सहज रूपमा प्रकट गरेको पाइन्छ । कविताहरूमा समसामयिक राजनीतिक, आर्थिक, सामाजिक अन्धविश्वास, कुरीतिप्रति व्यङ्ग्यात्मक र विद्रोहात्मक स्वर निकाल्दै समाजलाई सही बाटोमा अघि बढाउन समेत प्रयत्न गरेको पाइन्छ ।

### ३.३.१.२ नाटककार व्यक्तित्व

भीम खरेल नाटककार व्यक्तित्व पनि हुन् । यिनको एक मात्र नाट्यकृति **अभिलाषा र सफलता** वि.सं. २०३२ सालमा प्रकाशित भएको छ । ४० पृष्ठमा फैलिएको यस नाटकलाई दुई अङ्क र चार दृश्यमा विभाजन गरिएको छ । नाटकमा पात्र सङ्ख्या ११ रहेको छ । यो खरेलको सामाजिक यथार्थवादी नाटक हो । नाटकले समाजमा घट्ने घटनालाई आकर्षक ढङ्गले प्रस्तुत गरेको छ । युवा-युवतीमा परेको पश्चिमी सिनेमाको प्रभाव र त्यसबाट समाज र राष्ट्रले भोग्नुपरेको समस्यालाई नाटकले देखाएको छ । खरेलको नाटककार व्यक्तित्व एउटै नाटकबाट उजागर भएको पाइन्छ ।

### ३.३.१.३ गीतकार व्यक्तित्व

भीम खरेल गीतकार व्यक्तित्वका रूपमा पनि चर्चित रहेका छन् । उनको पहिलो गीत **यो मेरो माया तिम्रै लागि हो** वि. सं. २०४२ असार ७ गते रेडियो नेपालबाट रेकर्डिङ भएको पाइन्छ । यस गीतका केही अंशहरू निम्नानुसार रहेका छन् :-

यो माया मेरो तिम्रै लागि हो
कसैले देख्ला छोपी राख हैं ।
यो छायाँ मेरो तिम्रै लागि हो
कसैले टेक्ला छेकी राख हैं ।

यस गीतमा बुलु मुकारुङले सङ्गीत दिएका छन् भने विनोद गुरुङले स्वर दिएका छन् । भीम खरेलका धेरै गीतहरू रेडियो नेपालबाट रेकर्ड हुनका साथै फुटकर रूपमा प्रकाशित भएका छन् । यिनको **माटो भन्नु मुटु रै छ** बोलको गीत २०४६ सालमा रेडियो

नेपालको उत्कृष्ट गीतको श्रेणीमा परेको देखिन्छ । खरेलका गीतहरूले राष्ट्रियता, देशप्रेम, संयोग-वियोगका भावनालाई सहज रूपमा प्रकट गरेका छन् ।

### ३.३.१.४ बाल साहित्यकार व्यक्तित्व

भीम खरेलले बाल साहित्यका क्षेत्रमा पनि कलम चलाएका छन् । यिनको बालसाहित्य पुस्तकाकार रूपमा भने प्रकाशित भएको पाइदैन । खरेलले बालबालिकाका जीवनमा प्रभाव पार्ने नेपाली तथा विश्वका व्यक्तित्व, जीवनी र साहित्यसँग सम्बन्धित बालरचनाहरू प्रकाशित गरेका छन् । खरेलका रचनाहरूमा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रका महान् व्यक्तित्वले आफ्ना जीवनमा गरेका धार्मिक, राजनीतिक, सामाजिक र इतिहास प्रदत्त कार्यहरूको चर्चा गरिएको छ । यिनका बालरचनाहरू वि.सं. २०४९ वैशाखदेखि **मुना** मासिक पत्रिकामा प्रकाशित भएका छन् । खरेलले सरल र सु-स्पष्ट भाषामा बालपाठकहरूले सजिलैसँग अध्ययन गरी व्यक्तित्व, जीवनी र इतिहासको माध्यद्वारा प्रेरणा प्राप्त गर्न सकुन् भन्ने मुख्य उद्देश्य राखेको पाइन्छ ।

### ३.३.१.५ समालोचक व्यक्तित्व

भीम खरेल समालोचक व्यक्तित्वका रूपमा सफल देखिन्छन् । यिनले २०३३ सालदेखि नै छिटफुट रूपमा समालोचनात्मक लेख प्रकाशन गर्न थालेको पाइन्छ । यिनले नेपाली गीतिक्षेत्रका स्रष्टाहरूको समालोचनालाई पुस्तकाकार रूपमा प्रकाशित गरेका छन् । खरेलले समालोचना गर्ने क्रममा आफूलाई प्रभावपरक समालोचकका रूपमा उभ्याएका छन् । उनले शाहवंशका स्रष्टाहरू र उनीहरूका गीत, कविता, निबन्ध, यात्रासंस्मरण र चित्रकलालाई समालोचनाको घेरामा राखेका छन् । उनको पहिलो पुस्तकाकार समालोचना **जी. शाहका गीतको पर्यावलोकन** २०४२ सालमा प्रकाशित भएको छ । यस समालोचना कृतिमा गीतकार जी. शाहका गीतहरूलाई सङ्कलन गर्नुका साथै विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यसै समालोचना कृतिलाई परिमार्जन सहित २०४६ सालमा प्रकाशन गरेको पाइन्छ । २०४९ सालमा प्रकाशित **रवीन्द्र शाह व्यक्तित्व र कृति** नामक कृति खरेलको दोस्रो समालोचना कृति हो । यसमा कवि तथा गीतकार रवीन्द्र शाहको समग्र साहित्यिक व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । २०५३ सालमा प्रकाशित **शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** समालोचनात्मक कृति यिनको तेस्रो कृति हो । यस समालोचनामा खरेलले पूर्व राजपरिवारका नौ साहित्यिक प्रतिभाहरूलाई विविध कोणबाट विश्लेषण गरेका छन् । २०५६ सालमा **जी. शाह व्यक्तित्व र सिर्जना** समालोचनात्मक कृति प्रकाशित भएको छ । यो वि.सं. २०४२ र २०४६ मा प्रकाशित भएको **जी. शाहका गीतको पर्यावलोकन** नामक समालोचना कृतिको पूर्ण परिमार्जित रुप हो । यस कृतिमा खरेलले जी. शाहका गीतहरूलाई समय र सन्दर्भ अनुसार विश्लेषण गरेका छन् । यी बाहेक खरेलका

विविध विषयमा लेखिएका समालोचनाहरू फुटकर रूपमा प्रकाशित भएका छन् । यिनका समालोचनाहरूले प्रभावपरक समालोचनालाई अगाडि बढाउन सहयोग पुऱ्याएको देखिन्छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

हरेक व्यक्तिका जीवनका विविध पाटाहरू हुन्छन् । साहित्यिक व्यक्तित्व जीवनको एउटा पाटो हो भने साहित्येतर व्यक्तित्व अर्को हो । भीम खरेल बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । यिनका साहित्येतर पाटाहरूलाई क्रमश प्रस्तुत गरिएको छ ।

#### ३.३.२.१ शिक्षक व्यक्तित्व

भीम खरेलले वि.सं. २०२९ सालमा झापाको तोपगाछी मा.वि तोपगाछीबाट शिक्षण कार्य थालनी गरेको र वि.सं. २०३० मा उनको सरूवा गौरादह प्रा.वि गौरादहमा भएको पाइन्छ । यिनले वि. सं २०२९ सालदेखि वि.सं. २०३१ सालसम्म शिक्षण कार्यलाई अँगालेको देखिन्छ । यसै समयबाट उनमा बालबालिकाप्रतिको भावनात्मक आकर्षण बढेको देखिन्छ । त्यसैको प्रभाव स्वरूप खरेलले बालसाहित्य रचना गरेको पाइन्छ । यसरी खरेलले जीवनको थोरै समय शिक्षणपेशा अपनाई अत्यन्त निष्ठावान् र कतर्व्यनिष्ठ भएर शिक्षक व्यक्तित्वलाई मर्यादायुक्त र समाजमुखी बनाएको पाइन्छ ।

#### ३.३.२.२ प्रशासक व्यक्तित्व

भीम खरेलले विभिन्न सङ्घ संस्थाहरूमा प्रशासनिक कार्य गर्दै आएका छन् । प्रशासक व्यक्तित्व खरेलको व्यक्तित्वको एउटा पाटो हो । वि.सं. २०३३ सालबाट साझा प्रकाशन इलामबाट पारिश्रमिक तहमा नियुक्त भई प्रशासनिक क्षेत्रमा प्रवेश गरेका खरेल हाल नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको गोरखापत्र संस्थान काठमाडौँमा व्यापार निर्देशकको प्रसाशनिक कार्य गर्दै आएका छन् । भीम खरेलले वि.सं. २०४१ सालदेखि वि.सं. २०४३ सालसम्म प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको निजी सहायकको रूपमा प्रधानमन्त्री कार्यालयको प्रशासनिक कार्य समालेको पाइन्छ । कुशल प्रशासकीय क्षमता भएका खरेलले निष्ठापूर्वक आफ्नो कार्यलाई निरन्तरता दिदैँ आएका छन् । उनको प्रशासनिक व्यक्तित्व प्रशासनमुखी नभई जनमुखी रहेको छ ।

#### ३.३.२.३ सम्पादक व्यक्तित्व

भीम खरेल सम्पादक व्यक्तित्व पनि हुन् । यिनले वि.सं. २०३४ सालमा प्रकाशित **मेची किनारका केही कविता** सङ्ग्रहको सम्पादन गरेको देखिन्छ । त्यसैगरी खरेलले **धरा** मासिक पत्रिका वि.सं. २०३७ देखि २०३९ सालसम्म सम्पादक भएर कार्य गरेको पाइन्छ । **श्री रत्नरेकर्डिङ स्मारिका** वि.सं. २०३९ र **प्रतिनिधि** साहित्यिक प्रकाशनमा वि.सं. २०५९ देखि २०६२ सम्म सम्पादकको रूपमा रहेर कार्य गरेको पाइन्छ । यसरी विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका खरेलको सम्पादक व्यक्तित्वको स्थान पनि उल्लेख्य रहेको छ ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्व बीच अन्तर्सम्बन्ध

भीम खरेलले आफ्नो जीवन व्यतित गर्ने क्रममा विविध क्षेत्रमा सम्लग्न भई महत्त्वपूर्ण कार्य गर्दै आएको देखिन्छ । तिनै महत्त्वपूर्ण कार्यहरूले खरेलको जीवन एक साहित्यिक व्यक्तित्वका रूपमा स्थापित भएको देखिन्छ । उनले गरेको कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

समाजसेवा र साहित्य सेवा नै सबैभन्दा ठूलो सेवा हो, भन्ने खरेलले जीवन यात्राका क्रममा देखेका र भोगेका घटनाहरूको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गएको पाइन्छ । साथै उनले स्वदेश तथा विदेश भ्रमणका समयमा गरेका अनुभव तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनका साहित्यिक कृतिहरूमा यत्रतत्र भेटिन्छन् । निरन्तर अध्ययन र भ्रमणबाट खारिएको बौद्धिक क्षमताले गर्दा उनको साहित्यमा सहजता, सरसता र तरलता आएको पाइन्छ । प्रारम्भमा सरल सिर्जना क्षेत्रबाट बिस्तारै गहन क्षेत्रतिर उनको लेखनकार्य मोडिएको पाइन्छ । नेपाली र हिन्दी साहित्यको गहन अध्ययन गरी काव्यरचना गर्न थालेका खरेलले नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय र महत्त्वपूर्ण योगदान गर्ने विभिन्न कृतिहरू लेखिसकेकाले, जीवनमा आर्जन गरेको शैक्षिक ज्ञानले, उनको व्यक्तित्व निमार्ण र कृतित्व लेखनमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ ।

भीम खरेलको शरीरिक, बौद्धिक र प्रशासनिक व्यक्तित्वले पनि उनको कृति लेखनमा अन्तर:सम्बन्ध कायम गरेको देखिन्छ । खरेल साहित्यका साथै प्रशासकीय व्यक्तित्व पनि भएकाले समाज र राष्ट्रका विविध विषयहरूले उनका कृतिहरूमा प्रवेश पाएका छन । उनका आधादर्जन जति पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका कृतिहरूको अध्ययनबाट उनी भित्र रहेको विद्धत्ता स्पष्ट झल्किन्छ । यसरी हेर्दा भीम खरेलको समग्र जीवनका मूलभूत पक्ष, महत्त्वपूर्ण कार्यहरू र त्यसबाट बनेको उनको उच्च व्यक्तित्व साथै तिनै जीवनका विविध पक्षहरूको प्रभाव उनका कृति लेखनमा पर्न गएको पाइन्छ । त्यसमा पनि तत्कालीन समाजिक र राष्ट्रिय परिवेश र त्यसबाट ग्रहण गरेको शिक्षाको कारण उनले नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । यसरी हेर्दा अत्यन्त परिश्रमी, अध्ययनशील र कर्मठ स्वभावका खरेलको जीवनी, व्यक्तित्व र कृतित्वका बीचमा परस्पर प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

# चौथो परिच्छेद

# भीम खरेलको साहित्यिक यात्रा तथा चरण विभाजन

## ४.१ भीम खरेलको साहित्यिक यात्रा

२०१० सालमा जन्मिएका भीम खरेल सानै उमेरदेखि साहित्य लेखनतर्फ उत्सुक रहेको पाइन्छ । २०२७ सालमा झापाबाट प्रकाशित **पञ्चामृत** पत्रिका र त्यसका सम्पादकहरूबाट प्राप्त हौसलाले साहित्य लेखन र अध्ययनमा समेत उनको अभिरुचि बढेको पाइन्छ । प्रकाशनका हिसाबले वि.सं. २०२७ मा झापाबाट प्रकाशित हुने **लालटिन** पत्रिकामा **कर्णधार बालक** कविता प्रकाशन गरेर साहित्यिक यात्रालाई अगाडि बढाएको पाइन्छ ।

विद्यार्थीकालदेखि नै साहित्य लेखनमा अग्रसर खरेलमा बालमनोभावना जागृत भएको पाइन्छ । यसरी वि.सं. २०२७ सालबाट साहित्यका कविता, गीत, समालोचना र नाटक विधामा वर्तमानसम्म अनवरत रूपमा कलम चलाउँदै आएका खरेलको साहित्यिक साधना अहिले पनि थामिएको छैन् । एकातर्फ  प्रशासनिक व्यक्तित्व र अर्कातिर लेखक व्यक्तित्व दुवैलाई राम्ररी समायोजन गरेर खरेलले कला र साहित्य क्षेत्रको निर्माणमा ईंटा थप्ने जुन काम गरिरहेका छन् त्यसलाई नेपाली साहित्यले कहिल्यै बिर्सन सक्ने छैन् ।

अनुभूति र अभिव्यञ्जना व्यक्त गर्ने माध्यमका रूपमा साहित्यमात्र एक प्रमुख माध्यम देख्ने भीम खरेल सिर्जनामा नै रमाएका र त्यसै भित्र गहिरिएका देखिन्छन् । खरेलको प्रथम पुस्तकाकार कृति **अभिलाषा र सफलता** (२०३२) नाटक हो भने लेखनका पछिल्ला दिनहरूमा समालोचना फाँटमा समेत कलम चलाउँदै आएका उनको पछिल्लो समालोचना **जी. शाह व्यक्तित्व र सिर्जना** (२०५६) कृति प्रकाशित देखिन्छ ।

## ४.२ भीम खरेलको साहित्यिक यात्राको चरण विभाजन

भीम खरेल नेपाली साहित्यका क्षेत्रमा देखापरेका बहुमुखी प्रतिभा हुन् । यिनको ५७ वर्षीय समग्र जीवनलाई हेर्दा विभिन्न परिवेश र चक्रहरूबाट गुज्रेको देखिन्छ । यस समग्र जीवनमा उनको साहित्यिक यात्रा अरु नेपाली साहित्यकारहरू जस्तै कविता विधाबाट प्रारम्भ भएको पाइन्छ । २०२७ सालमा **कर्णधार बालक** शीर्षकको कविता खरेलको पहिलो प्रकाशित रचना हो । जुन **लालटिन** पत्रिकामा झापाबाट प्रकाशित भएको थियो ।

कुनै पनि साहित्यकारलाई साहित्य रचना गर्न आफ्नो जीवन, समाज, पारिवारिक परिवेशका साथै समस्त राष्ट्रको प्रभाव परेको देखिन्छ र त्यसैबाट नै लेखक अथवा रचनाकारलाई प्रेरणा मिलेको पाइन्छ । भीम खरेलले राष्ट्रको राजनैतिक स्थिति र समाजमा घट्ने घटना, कुरीति, कुसंस्कार आदिलाई आफ्नो रचनामा चित्रण गरेको पाइन्छ । त्यसैले यिनलाई प्रगतिवादी यथार्थवादी साहित्यकारका रूपमा हेर्न सकिन्छ । साहित्यिक यात्रालाई अगाडि बढाउने क्रममा यिनले कविता, नाटक, गीत, समालोचना र सम्पादनका क्षेत्रमा

कलम चलाएका छन् । जब साहित्यकार साहित्यको एउटा विधामात्र नभई विविध विधामा आफूलाई प्रवेश गराउँछ तब उसमा विशिष्टता प्राप्त भएको स्पष्ट हुन्छ । भीम खरेल पनि सफल साहित्यकार हुन भन्ने कुरालाई उनका साहित्यिक रचनाहरूले पुष्टि गरेका छन् ।

साहित्यकारका साहित्यलेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका परिणाम, गुणस्तर धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तनपक्षको परिवर्तन आदिजस्ता आधारहरूलाई लिएर साहित्यिक यात्राको चरण, मोड वा कालविभाजन गर्न सकिन्छ । भीम खरेलको लामो साहित्यिक यात्रामा परिष्कार, परिमार्जन, प्रवृत्तिगत तथा शैलीगत परिवर्तन भएको पाइन्छ । त्यसै आधारमा उनको साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

(क) **पूर्वार्द्ध चरण (वि.सं.२०२७ देखि वि.सं. २०४८ सम्म)**

(ख) **उत्तरार्द्ध चरण (वि.सं. २०४९ देखि हालसम्म)**

## ४.२.१ पूर्वार्द्ध चरण

भीम खरेलले सानै उमेरदेखि कविता रचना गर्न थाले पनि खास गरी प्रकाशनका हिसाबले वि.सं. २०२७ सालदेखि मात्र उनका कविताहरू पत्रपत्रिकामा प्रकाशित हुन थालेको देखिन्छ । खरेलको **कर्णधार बालक** कविता झापाबाट निस्कने लालटिन पत्रिकामा वि.सं. २०२७ सालमा प्रकाशित भयो र औपचारिक रूपमा उनको लेखन अगाडि बढ्यो ।

भीम खरेल सानै उमेरदेखि साहित्यमा अभिरुचि राख्ने भएकाले यिनले आफ्नै गाउँ गौरादहको जनजागृति पुस्तकालयको संस्थापक भएर वि.सं. २०२६ देखि केही वर्ष कार्य गरेको देखिन्छ । खरेलले अध्ययनको क्रममा वि.सं. २०३२ सालमा महेन्द्ररत्न क्याम्पस इलामको अनेरास्ववियूको सक्रिय नेतृत्व गरेका थिए । त्यस्तै वि.सं. २०३३ सालमा मेची साहित्यि परिषद्को संस्थापक महासचिव, वि.सं. २०३५/३६ मा जुम्ला अफिसर्स क्लबको सदस्य र वि.सं. २०३८ सालमा **पाँचौंपीढी** साहित्यिक पत्रिकाको सम्पादनमा सहयोग गरेको देखिन्छ । यसैगरी वि.सं. २०३९/४० तिर नेपाल युवा सङ्गठन अन्तर्गतको युवा साहित्यिक समूहको सदस्य भएर साहित्यिक गतिविधिमा संलग्न रहेको देखिन्छ । यिनै क्रियाकलापले गर्दा उनमा रहेको कविचेत् मौलाउँदै गयो भने साहित्यका अरु विधातर्फ पनि उनको सिर्जना रुचि प्रस्फुटित भएर गयो । उनले विभिन्न साहित्यिक क्रियाकलापमा भाग लिनलाई गर्ने अभ्यास, पत्रपत्रिकाको सम्पादन जस्ता कार्यले उनमा समालोचनाचेत पनि बढेर गयो ।

यस चरणमा खरेलका **अभिलाषा र सफलता** (२०३२) नाटक र **अस्तित्व र मान्छे** कविता सङ्ग्रह (२०३७), र **जी. शाहका गीतहरूको पर्यावलोकन** (२०४२, परिमार्जन सहित २०४६) पुस्तकाकार कृतिका साथै कविता, गीत र समालोचनाहरू सिर्जना भएका छन् ।

यस चरणका उनका रचनाहरूमा यथार्थ र प्रगति सचेत भावधारा नै बढी प्रवाहित भएको पाइन्छ । नेपालमा भएको राजनीतिक अस्थिरताको प्रभाव उनको साहित्यमा परेको पाइन्छ । मार्क्सवादी साहित्यको अध्ययनका साथै सोही अनुरूपको विचार बोकेका खरेलका रचनाहरूमा त्यसको प्रभाव परेको देखिन्छ । खरेलका यस चरणका रचनाहरूको विश्लेषण गर्दा सामाजिक यथार्थता, राष्ट्रियता, मानवतावादी, प्रगतिवादी प्रवृत्ति मुख्य रहेको पाइन्छ ।

यसरी साहित्यिक यात्राको पूर्वार्द्ध चरणमा प्रकाशित उनका कृति, लेख, रचनाहरूलाई (पुस्तकालय, लेखकसँग सम्पर्क राख्दा प्राप्त हुन सकेका कृतिबाट पाइने सूचनाका आधारमा) मोटामोटी कालक्रमिक रूपमा यसप्रकार राखिएको छ :-

| **क.स.** | **शीर्षक** | **विधा** | **प्रकाशनको सन्दर्भ सङ्ग्रह/पत्रिका** | **प्रकाशन वर्ष** |
|---|---|---|---|---|
| १. | कर्णधार बालक | कविता | **लालटिन** | २०२७ |
| २. | अभिलाषा र सफलता | नाटक | भानु प्रकाशन | २०३२ |
| ३. | नेपाली साहित्यको विकासक्रम | समालोचना | **सौगात**, भदौ | २०३३ |
| ४. | क्रन्तिकारी कवि रिमाल | ,, | **अस्तित्व**, वर्ष:१०, अङ्क : ९, वैशाख | २०३५ |
| ५. | दौलतविक्रम विष्टको उपन्यासकारिता | ,, | **गोरखापत्र**, अङ्क : ४, मंसिर | ,, |
| ६. | घुम्नेमेचमाथिको अन्धोमान्छे आजको मान्यताभित्र | ,, | **अस्तित्व** | ,, |
| ७. | गौरीका अमर स्रष्टाः घिमिरे | ,, | **अस्तित्व** | ,, |
| ८. | लैनसिंह वाङ्देलको औपन्यासिकता र उपलब्धी | ,, | **अस्तित्व** | २०३६ |
| ९. | नारीवर्गका हिमायती कवि रिमाल | ,, | ,, | ,, |
| १०. | नेपाली उपन्यासका सन्दर्भमा भुधीर थापाको उपन्यासकारिता | ,, | **मिर्मिरे,** वैशाख | ३०३७ |
| ११. | नेपाली साहित्यका सन्दर्भमा चाँदनी शाह | ,, | **मिर्मिरे** | ,, |
| १२. | युगबोध कविको सन्दर्भमा कवि क्षेत्रप्रताप अधिकारी | ,, | **फूलबारी**, वर्ष : १, अङ्क : २, भदौ/असोज | २०३८ |
| १३. | र खोजीको सुभारम्भ हराएका | कविता | **गरिमा**, अङ्क : ४ : | ,, |

| | | | | |
|---|---|---|---|---|
| | सपनाहरूको | | ५, माघ | |
| १४. | यादव खरेलका कविता आजको सन्दर्भमा हेर्दा | समालोचना | | ,, |
| १५. | हाम्रा सपना विपनाहरूमा हामी र हाम्रो देश | कविता | **गरिमा**, अङ्क : ८, साउन/असोज | २०३९ |
| १६. | नेपाली गीतिसाहित्यको क्षेत्रमा गीतकार जी. शाह | समालोचना | **नेपाल** | ,, |
| १७. | यात्रा आ- आफ्नौ | कविता | **दामना**,वर्षः२९,अङ्कः १०, फागुन/चैत्र | ,, |
| १८. | देश सबैको विश्वास हो | ,, | **गरिमा**, अङ्क : ८, माघ/असार | २०४० |
| १९. | स्वागतको अभियान क्षितिज मुनिका बस्तीहरू | ,, | **डोली**, अङ्क : २ | ,, |
| २०. | सङ्गीत सञ्चारको प्रभावशाली माध्यम | लेख | **नेपाल** | ,, |
| २१. | हामीः युद्ध जन्माइ रहेछौं | कविता | **शब्दसुमन**, अङ्क : १५१, असोज | ,, |
| २२. | देश | कविता | **गरिमा**, वर्ष : २, अङ्क : १०,असोज | २०४१ |
| २३. | माटो र पाटोका हिमायती गीतकार जी. शाह | समालोचना | **मधुपर्क**, वर्ष : १६, अङ्क : ६, कार्तिक | ,, |
| २४. | शहीद : एक शब्दचित्र | कविता | | ,, |
| २५. | ममता | ,, | **ममता र विवेक**, असार | २०४२ |
| २६. | जी. शाहका गीतको पर्यावलोकन | समालोचना | सूचना विभाग | ,, |
| २७. | यो मेरो माया तिम्रै लागि हो | गीत | रेडियो नेपाल | ,, |
| २८. | सम्झना राखुँलानी माया | ,, | ,, | ,, |
| २९. | माटोलाई मुटुमानी | ,, | ,, | ,, |
| ३०. | मनले सधै यसै भन्छ | ,, | ,, | ,, |
| ३१. | लुकाइ राख कोमल माया | ,, | ,, | २०४३ |
| ३२. | बतास सँगै बग्दै हिडें | ,, | ,, | २०४४ |
| ३३. | आँखाहरूलाई सोध | ,, | ,, | ,, |

| | | | | |
|---|---|---|---|---|
| ३४. | चाँदनी शाहको गीतको रचना शिल्प | समालोचना | **महिला बोल्दिन** | ,, |
| ३५. | माटो भन्नु मुटु रैछ | गीत | रेडियो नेपाल | २०४५ |
| ३६. | रञ्जना शाहका गीतिकवितामा सामाजिक जीवन चिन्तन | समालोचना | **बालक** | ,, |
| ३७. | गीतकार सोहनी शाह र सामाजिक युगचेत | ,, | **नेपाल** | ,, |
| ३८. | गास, वास, कपास, रैछ मीठो जीन्दगी | कविता | **गरिमा**, अङ्क : २९/३०, वैशाख | २०४६ |
| ३९. | हामी कहिल्यै पनि हार्न सक्तैनौँ | ,, | **खुल्लामञ्च**, अङ्क : १/६, जेठ | ,, |
| ४०. | नेपाली साहित्यमा राजा : केही प्रसङ्ग | समालोचना | **नेपाल**, वर्ष : १९, अङ्क : ६, असार | ,, |
| ४१. | कवि दीपेन्द्र शाह र समसामयिक राष्ट्रिय चिन्तन | लेख | **गोरखापत्र**,वर्ष : ८९ ,अङ्क : २३७, पुस | ,, |
| ४२. | जी. शाहको गीतको पर्यावलोकन | समालाचना | सञ्चार मन्त्रालय | ,, |
| ४३. | अर्थात एउटा सुन्दर भविष्य | कविता | **गरिमा**,वर्ष : २, अङ्क : १०, असोज | २०४८ |
| ४४. | दयावीर बा | लेख | **मुना**, वर्ष : २, अङ्क : ३, फागुन | ,, |
| ४५. | गीतकार उत्तम श्रेष्ठ र सामाजिक चिन्तन | ,, | **मिर्मिरे**, चैत | ,, |

### ४.२.२ उत्तरार्द्ध चरण

भीम खरेलको साहित्यिक यात्राको उत्तरार्द्ध चरणको थालनी वि.सं. २०४९ सालबाट भएको मान्न सकिन्छ । यस चरणको प्रारम्भ खरेलको गोरखापत्र संस्थानको जागिर प्रवेशसँगै भएको हो । यस चरणमा उनका **रवीन्द्र शाह व्यक्तित्व र कृति** (२०४९), **शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** (२०५३) र **जी. शाह व्यक्तित्व र सिर्जना** (२०५६) गरी तीन समालोचनात्मक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा उनले पहिल्यै वि.सं. २०४२ र वि.सं. २०४६ सालमा प्रकाशित **जी. शाहका गीतको पर्यावलोकन** शीर्षकको समालोचना कृतिलाई परिमार्जित र परिष्कृत रूपमा **जी. शाह व्यक्तित्व र सिर्जना** शीर्षकमा प्रकाशित गरेको देखिन्छ । उत्तरार्द्ध चरणका कृतिहरूमा

उनले विशिष्टता प्राप्त गरेको देखिन्छ । पूर्वार्द्ध चरणमा एउटा नाट्य कृति लेखेको भए पनि यस चरणमा उनले त्यसबाट सन्यासै लिएको देखिन्छ । यस चरणका समालोचना कृतिहरूमा उनले नेपाली साहित्यका क्षेत्रमा शाहवंशीय स्रष्टाहरूबाट भएको योगदानको चर्चा गरेका छन् । वि.सं. २०५९ देखि वि.सं. २०६२ सम्म भीम खरेलको सम्पादनमा प्रतिनिधि साहित्यिक पत्रिका प्रकाशित भएको देखिन्छ । यस चरणमा खरेलका गीत, कविता प्रकाशित हुनका साथै मुख्य रूपमा साहित्य र साहित्येतर समालोचना लेखहरू पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् ।

यस चरणमा आइपुग्दा भीम खरेलको समालोचना दृष्टिचेत पूर्वीय तथा पाश्चात्य साहित्यिक सिद्धान्तबाट अनुप्राणित हुँदै क्रमशः परिपाकतिर उन्मुख भएको पाइन्छ । त्यसैगरी कविता र गीतहरूले पनि खरेललाई सुपरिचित गराएको पाइन्छ । यस चरणका खरेलका समालोचना प्रभावात्मक, अन्वेषणात्मक र विश्लेषणात्मक रहेका छन् । नेपाली साहित्यका खासगरी कविता र गीतसम्बन्धी समालोचनामा आफ्नै किसिमको वैचारिक र सैद्धान्तिक धरातलको निर्माणमा पनि स्तरीयताको स्थापना गर्न खरेल सफल देखिन्छन् । यस चरणलाई विश्लेषण गर्दा खरेलमा प्रभावपरक, परिष्कार, गहन विषयवस्तु, राष्ट्रियता, मानवता जस्ता प्रवृत्तिहरू मुख्य रहेका छन् ।

यसरी साहित्यिक यात्राको उत्तरार्द्ध चरणमा प्रकाशित उनका कृति, लेख, रचनाहरूलाई (पुस्तकालय, लेखकसँग सम्पर्क राख्दा प्राप्त हुन सकेका कृतिबाट पाइने सूचनाका आधारमा) मोटामोटी कालक्रमिक रूपमा यस प्रकार राखिएको छ :

| **क.स.** | **शीर्षक** | **विधा** | **प्रकाशनको सन्दर्भ सङ्ग्रह/पत्रिका** | **प्रकाशन वर्ष** |
|---|---|---|---|---|
| १. | रवीन्द्र शाह व्यक्तित्व र कृति | समालोचना | प्रतिनिधि | २०४९ |
| २. | समाज सेवाको बाटो | बालरचना | **मुना**, वर्ष : २, अङ्क : ५, वैशाख | ,, |
| ३. | विश्वशान्ति र हाम्रा अवधारणा | लेख | **गोरखापत्र**, वर्ष : ९१, अङ्क : ३३७, वैशाख | ,, |
| ४. | बालविकासः संवैधानिक व्यावस्था | ,, | **गोरखापत्र**, वर्ष : ९२, अङ्क : १७९, वैशाख | ,, |
| ५. | प्रतिलिपि अधिकारका समस्या र चुनौती | ,, | **गोरखापत्र**, वर्ष : ९२, अङ्क : ३, वैशाख | ,, |
| ६. | समाज सेवा सधैँ पूज्य हुन्छ | बालरचना | **मुना**, वर्ष : २, अङ्क : ६, जेठ | ,, |

| | | | | |
|---|---|---|---|---|
| ७. | प्रजातन्त्रको प्रेरणा स्रोत | ,, | **मुना**, वर्ष : २, अङ्क : ७, असार | ,, |
| ८. | जुन रहर साँचेर बसेँ | कविता | **मिर्मिरे**, पूर्णाङ्क : ९६ | २०४९ |
| ९. | फूलेन कहिल्यै वसन्त मनमा | गीत | **गोरखापत्र**, वर्ष : ९२, अङ्क : ८०, साउन | ,, |
| १०. | नेपाली साहित्यका अथकसाधक | बालरचना | **मुना**, वर्ष : २, अङ्क : ८, साउन | ,, |
| ११. | बन्द भाग्य : बन्द नै रह्यो | कविता | **मधुपर्क**, वर्ष : २५, अङ्क : ४, पूर्णाङ्क : २७९, भदौ | ,, |
| १२. | रानी जगदम्बा कुमारी | बालरचना | **मुना**, वर्ष : २, अङ्क : ९, भदौ | ,, |
| १३. | सङ्गीतका साधक-यज्ञराज शर्मा | ,, | **मुना**, वर्ष : २, अङ्क : १०, असोज | ,, |
| १४. | कलाकार रत्नदास प्रकाश | ,, | **मुना**, वर्ष : २, अङ्क : ११, कार्तिक | ,, |
| १५. | अग्रणी कलाकार-चन्द्रमान मास्के | ,, | **मुना**, वर्ष : २, अङ्क : १२, मङ्सिर | ,, |
| १६. | वाद्यशिरोमणि-गणेशलाल श्रेष्ठ | ,, | **मुना**, वर्ष : ३, अङ्क : १, पुस | ,, |
| १७. | कवि विलियम वर्डस्वर्थ | बालरचना | **मुना**, वर्ष : ३, अङ्क : २, माघ | ,, |
| १८. | शिक्षाप्रेमी-देवीप्रसाद उप्रेती | ,, | **मुना**, वर्ष : ३, अङ्क : २, माघ | ,, |
| १९. | कविशिरोमणि-लेखनाथ पौड्याल | ,, | **मुना**, वर्ष : ३, अङ्क : ३, फागुन | ,, |
| २०. | महाकवि जोनकिट्स | ,, | **मुना**, वर्ष : ३, अङ्क : ३, फागुन | ,, |
| २१. | साहित्यसेवी चक्रपाणि चालिसे | ,, | **मुना**, वर्ष : ३ , अङ्क ४, चैत | ,, |
| २२. | महाकवि दाँते | ,, | **मुना**, वर्ष : ३, अङ्क : ४, चैत | ,, |
| २३. | कवि कृष्णभक्त क्षेष्ठ र अस्तित्व | ,, | **गरिमा**, वर्ष : १० , अङ्क : | ,, |

| | | | | |
|---|---|---|---|---|
| | वोध | | ८, साउन | |
| २४. | गायिका-मेलवादेवी | ,, | **मुना**, वर्ष : ३, अङ्क : ५, वैशाख | २०५० |
| २५. | महाकवि जोनमिल्टन | ,, | **मुना**, वर्ष : ३, अङ्क : ५, वैशाख | २०५० |
| २६. | हाम्रा अग्रजगरुबा-रामजीप्रसाद शर्मा | ,, | **मुना**, वर्ष : ४, अङ्क : ५, वैशाख | ,, |
| २७. | भाषासेवी-महानन्द सापकोटा | ,, | **मुना**, वर्ष : ३, अङ्क : ६, जेठ | ,, |
| २८. | महाकवि विलियम सेक्सपियर | ,, | **मुना**, वर्ष : ३, अङ्क : ६, जेठ | ,, |
| २९. | सहकारी आन्दोलन र विद्यमान अवधारणाहरू | ,, | **गोरखापत्र**, वर्ष : ९३, अङ्क : १४, जेठ | ,, |
| ३०. | आशुकवि शम्भुप्रसाद ढुङ्गेल | ,, | **मुना**, वर्ष : ४, अङ्क : ६, जेठ | ,, |
| ३१ | अग्रज गायक -मित्रसेन थापा | ,, | **मुना**, वर्ष : ३, अङ्क : ७, असार | ,, |
| ३२. | इभान तुर्गनेभ | ,, | **मुना**, वर्ष : ३, अङ्क : ७, असार | ,, |
| ३३. | आदिकवि भानुभक्त आचार्य | ,, | **मुना**, वर्ष : ४,अङ्क : ७, असार | ,, |
| ३४. | राष्ट्रिय वीराङ्गना पासाङ्ल्हामु शेर्पा | ,, | **मुना**, वर्ष : ३, अङ्क : ८, साउन | ,, |
| ३५. | विश्वविख्यात साहित्यकार मेक्सिम गोर्की | ,, | **मुना**, वर्ष : ३, अङ्क : ८, साउन | ,, |
| ३६. | स्रष्टाहरू सिर्जना धर्म छाड्दैनन् | लेख | **जनभावना**, वर्ष : ११, अङ्क : ४३, साउन | ,, |
| ३७. | नाटक सम्राट-बालकृष्ण सम | बालरचना | **मुना**, वर्ष : ४, अङ्क : ८, साउन | ,, |
| ३८. | कुर्सीवाला प्राज्ञहरू दायित्वबोध गर्दैनन् | लेख | **जनभावना**, वर्ष : ११, अङ्क : १७९, साउन | ,, |
| ३९. | कवि सिद्धिचरण श्रेष्ठले उठाएको | ,, | **दिव्यदर्शन** | ,, |

| | | | | |
|---|---|---|---|---|
| | राष्ट्रवाद जो कहिल्यै मर्दैन | | | |
| ४० | चाँदनी शाहका गीतमा अभिव्यक्त राजा केही चर्चा: | ,, | **प्रहरी** | ,, |
| ४१. | इतिहास शिरोमणि-बाबुराम आचार्य | बालरचना | **मुना**, वर्ष : ३, अङ्क : ९, भदौ | २०५० |
| ४२. | माटो र मन | कविता | **गोरखापत्र**, वर्ष : ९३, अङ्क : ११२, भदौ | ,, |
| ४३. | नेपाल प्रज्ञाप्रतिष्ठान र यसका भत्तावाला | लेख | **जनभावना**, वर्ष : ११, अङ्क : ४४, भदौ | ,, |
| ४४. | जागरुक कवि धरणीधर कोइराला | बालरचना | **मुना**, वर्ष : ३, अङ्क : १०, असोज | ,, |
| ४५. | कथाकुसुम र यसले पहिल्याएको कथाकारिता | समालोचना | **गोरखापत्र**, वर्ष : ९२, अङ्क : १३७, असोज | ,, |
| ४६. | प्राज्ञ : गिरिजाप्रसाद र गिरिजाप्रसादहरू | लेख | **जनभावना**, वर्ष : ११, अङ्क : ४९, असोज | ,, |
| ४७. | सोचाइको दरिद्रतामा सञ्चारकर्मीहरू | ,, | **जनभावना**, वर्ष : ११, अङ्क : ४५, असोज | ,, |
| ४८. | कुर्सी र कुर्सीका किस्साहरू | ,, | **जनभावना**, वर्ष : ११, अङ्क : ४९, असोज | ,, |
| ४९. | महाकवि-लक्ष्मीप्रसाद देवकोटा | बालरचना | **मुना**, वर्ष : ३, अङ्क : ११, कार्तिक | ,, |
| ५०. | मेधावी साहित्यकार-लियो टाल्सटाय | ,, | **मुना**, वर्ष : ३, अङ्क : ११, कार्तिक | ,, |
| ५१. | शिक्षाप्रेमी -सत्यनारायण बहादुर श्रेष्ठ | ,, | **मुना**, वर्ष : ३, अङ्क : १२, मंङ्सिर | ,, |
| ५२. | निजीकरण र संरचनात्मक मान्यताहरू | लेख | **गोरखापत्र**, पुस | ,, |
| ५३. | शिक्षासेवी- लक्ष्मण राजवंशी | बालरचना | **मुना**, वर्ष : ४, अङ्क : १, पुस | ,, |
| ५४. | यस्तै रहेछ मायाको खेल | गीत | **उपासना**, अङ्क : २, पुस/माघ | ,, |
| ५५. | आधुनिक उपन्यासका पिता | बालरचना | **मुना**, वर्ष : ४, अङ्क : २, | ,, |

| | | | | |
|---|---|---|---|---|
| | रुद्रराज पाण्डे | | माघ | |
| ५६. | कृष्णचन्द्रसिंह प्रधानको सालिकले औल्याएका मूल्यहरू | समालोचना | **दिव्यदर्शन**, फागुन | ,, |
| ५७. | बैरागी काईलाका काव्यमान्यता | ,, | **दिव्यदर्शन**, फागुन | २०५० |
| ५८ | तारणीप्रसाद कोइराला | बालरचना | **मुना**, वर्ष : ४, अङ्कः ३, फागुन | ,, |
| ५९. | युगकवि-मोतीराम भट्ट | ,, | **मुना**, वर्ष : ४,अङ्क : ४, चैत | ,, |
| ६०. | सीताराम प्रसाई प्रतिष्ठानले उठाएका कदम | लेख | **दिव्यदर्शन**, चैत | ,, |
| ६१. | सङ्गीतले सबैको मन जितेको हुन्छ | ,, | **दिव्यदर्शन**, चैत | |
| ६२. | राजपरिवारका स्रष्टाले उठाएको राष्ट्रवाद | ,, | **दिव्यदर्शन**, चैत | ,, |
| ६३. | प्रज्ञा प्रतिष्ठान सेतो हात्ती नबनोस् | ,, | **दिव्यदर्शन**, चैत | ,, |
| ६४. | डी.पि. अधिकारीको आशमायाले औल्याएका मूल्यहरू | समालोचना | **दिव्यदर्शन**, वैशाख | २०५१ |
| ६५. | सुब सेन र समकालीन लेख | लेख | **दिव्यदर्शन**, जेठ | ,, |
| ६७. | इतिहासकार-सूर्यविक्रम ज्ञवाली | बालरचना | **मुना**, वर्ष : ५, अङ्क : ३, फागुन | ,, |
| ६८. | भीमनिधि तिवारी | ,, | **मुना,** वर्ष : ४, अङ्क : ९, भदौ | ,, |
| ६९. | सिर्जनाका धनी कवि-माधव घिमिरे | ,, | **मुना**, वर्ष : ४, अङ्क : १०, असोज | ,, |
| ७०. | कवि गोपालप्रसाद रिमाल | ,, | **मुना**, वर्ष : ४, अङ्क : ११, कार्तिक | ,, |
| ७१. | चेतनाका धनी कवि-केदारमान ‘व्यथित’ | लेख | **मुना**, वर्ष : ४, अङ्क : १२, मङ्सिर | ,, |
| ७२. | वर्तमान सरकारका चुनौती | बालरचना | **गोरखापत्र**, पुस | ,, |
| ७३. | भाषासेवी पारसमणि प्रधान | ,, | **मुना**, वर्ष : ५, अङ्क : १, पुस | ,, |

| | | | | |
|---|---|---|---|---|
| ७४. | मानव महाकाव्यमा अभिव्यक्त मानवीय स्वरुप | लेख | **गोरखापत्र**, पुस | ,, |
| ७५. | साहित्यकार कृष्णचन्द्र सिंह प्रधान | ,, | **मुना**, वर्ष : ५, अङ्क : २, माघ | २०५१ |
| ७६. | कम्युनिस्ट आन्दोलन र सरकार | लेख | **गोरखापत्र,** वर्ष : ९४, अङ्क : २९२, फागुन | ,, |
| ७७. | सङ्गीतकार साधक गणेश भण्डारी | बालरचना | **मुना,** वर्ष : ५, अङ्क : ४, चैत | ,, |
| ७८. | आफ्नो गाउँ आफैं बनाउँ : केही मनोवैज्ञानिक प्रभाव | लेख | **गोरखापत्र**, वर्ष : ९४, अङ्क : ३३२, चैत | ,, |
| ७९. | फेरि प्रज्ञा प्रतिष्ठानकै कुरा | ,, | **दिव्यदर्शन**, जेठ | ,, |
| ८०. | रहर बोकी यो छाती भित्र | गीत | **गोरखापत्र**, भदौ | ,, |
| ८१. | माटो आफैंमा आस्था हो | गीत | **गरिमा**, वर्ष : १२, अङ्क : १०, असोज | ,, |
| ८२. | वरिष्ठनेता-डा. डिल्लीरमण रेग्मी | लेख | **मुना**, वर्ष : ५, अङ्क : ५, वैशाख | २०५२ |
| ८३. | माटोसित जिस्कनु हुँदैन | कविता | **मधुपर्क**, वर्ष : २५, अङ्क : १२, वैशाख | ,, |
| ८४. | जनआस्थाका शिखरपुरुष-मदन भण्डारी | लेख | **मुना**, वर्ष : ५, अङ्क : ६, जेठ | ,, |
| ८५. | मदन भण्डारी: अविश्मरणीय व्यक्तित्व | ,, | **कान्तिपुर**, जेठ | ,, |
| ८६. | वरिष्ठनेता-गणेशमान सिंह | बालरचना | **मुना**, वर्ष : ५, अङ्क : ७, असार | ,, |
| ८७. | जनकविकेशरी-धर्मराज थापा | ,, | **मुना**, वर्ष : ५, अङ्क : ८, साउन | ,, |
| ८८. | प्रोफेसर-यदुनाथ खनाल | बालरचना | **मुना**, वर्ष : ५, अङ्क : ९, भदौ | ,, |
| ८९. | समाजसेवी अङ्गुरबाबा जोशी | ,, | **मुना**, वर्ष : ५, अङ्क : १०, असोज | ,, |
| ९०. | भूपालमान सिंह कार्की | ,, | **मुना**, वर्ष : ५, अङ्क : १२, मङ्सिर | ,, |

| | | | | |
|---|---|---|---|---|
| ९१. | अग्रज सङ्गीतकार- नातिकाजी श्रेष्ठ | ,, | **मुना**, वर्ष : ५, अङ्क : ३, फागुन | ,, |
| ९२. | मदन भण्डारी र बहुदलीय जनवाद | लेख | **गोरखापत्र,** वर्ष : ९५, अङ्क : ५४, असार | २०५२ |
| ९३. | नेकपा एमाले सकारात्मक प्रयास | ,, | **गोरखापत्र**, वर्ष : ९५, अङ्क : ९६, साउन | ,, |
| ९४. | हिउँ चितुवा-आङ्रिता शेर्पा | बालचना | **मुना**, वर्षः ५, अङ्क : ११, कार्तिक | ,, |
| ९५. | निजीकरणका केही सान्दर्भिक प्रसङ्ग | लेख | **गोरखापत्र**, वर्ष : ९५, अङ्क : ११०, मङ्सिर | ,, |
| ९६. | जेठा राजनीतिज्ञ मातृकाप्रसाद कोइराला | बालरचना | **मुना**, वर्ष : ५,अङ्क : १, पुस | ,, |
| ९७. | मेचीआमा-दीलकुमारी श्रेष्ठ | ,, | **मुना**, वर्ष : ५, अङ्क : २, माघ | ,, |
| ९८. | जी. शाहका गीतमा अन्तर्निहित राष्ट्रिय र मानवीय संवेदनाका पक्ष | समालोचना | **मधुपर्क,** वर्ष : ३४, अङ्क : ३४, माघ | ,, |
| ९९. | श्रुति दरबारमा जन्मेकी कलाकार | ,, | **कान्तिपुर,** वर्ष : ३, अङ्क : ३४९, माघ | ,, |
| १०१. | फेरि पनि बल्झियो | गीत | **गोरखापत्र**, वर्ष : ९५, अङ्क : २७३, माघ | ,, |
| १०२. | अग्रज समाजसेवी- मणिहर्ष श्रेष्ठ | बालरचना | **मुना**, वर्ष : ५, अङ्क : ४, चैत | ,, |
| १०३. | फूल भनेर टिप्न खोजथेँ | गीत | **मधुपर्क**, वर्ष : २८, अङ्क : ११, चैत | ,, |
| १०५. | शाह वंशका स्रष्टा केही सिर्जना केही विवेचना | समालोचना | प्रतिनिधि प्रकाशन | २०५३ |
| १०६. | अग्रज वाद्यवादक स्व.कालीप्रसाद शर्मा | बालरचना | **मुना**, वर्ष : ६, अङ्क : ५, वैशाख | ,, |
| १०७. | समाजसेवी- पून्यप्रभादेवी ढुङ्गाना | ,, | **मुना**,वर्ष : ६, अङ्क : ६,जेठ | ,, |
| १०८. | श्री ५ वीरेन्द्र : गद्दीआरोहणका पञ्चीस वर्ष | लेख | **जनभावना**, जेठ | ,, |
| १०९. | अग्रज साहित्यकार-भवानी भिक्षु | बालरचना | **मुना**,वर्ष : ६,अङ्क : | २०५३ |

| | | | | |
|---|---|---|---|---|
| | | | ७,साउन | |
| ११०. | नेपाल कम्युनिस्ट आन्दोलन सडकदेखि सरकारसम्म | लेख | **सगरमाथा**, मङ्सिर | ,, |
| १११. | सत्ता समीकरणमा अल्मलिएको वर्तामान | ,, | **सगरमाथा**, मङ्सिर | २०५३ |
| ११२. | श्री ५ को गद्दीआरोहण सन्दर्भ विकास प्रशासन र उपलब्धी | ,, | **कान्तिपुर,** मङ्सिर | ,, |
| ११३. | मुलुकको राजनीति गम्भीर मोडमा | ,, | **सगरमाथा**, पुस | ,, |
| ११४. | नेपाली राजनीतिमा बिहारीशैलीको प्रभाव | ,, | **सगरमाथा**, माघ | ,, |
| ११६. | श्री ५ वीरेन्द्रः अन्तराष्ट्रिय सम्बन्ध र व्यक्तित्व | ,, | **गोरखापत्र**, वर्ष : ९६, अङ्क : २६४, माघ | ,, |
| ११६. | यसैले भन हाम्रो छाती | कविता | **मधुपर्क**, वर्ष : २९, अङ्क : १०, फागुन | ,, |
| ११७. | बहुदलीय जनवादका प्रणेता मदन भण्डारीको सम्झना | लेख | **गोरखापत्र**, वर्ष : ९७, अङ्क : ११, जेठ | २०५४ |
| ११८. | स्थानीय चुनावको परिणाम र नेकपा एमालेका चुनौती | ,, | **गोरखापत्र**, वर्ष : ९७, अङ्क : ४१, असार | ,, |
| ११९. | नेपाली राजनीति तरल बन्दैछ | ,, | **गोरखापत्र**, वर्ष : ९७, अङ्क : ८०, साउन | ,, |
| १२०. | राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह | ,, | **मुना**, वर्ष : ९, अङ्क : १, पुस | ,, |
| १२१. | बूढापाका भन्ने गर्थे | कविता | **गोरखापत्र**, वर्ष : ९८, अङ्क : १४२, असोज | २०५५ |
| १२२. | मन सधैँ यसरी नै दु:खी रह्यो | गीत | **मधुपर्क,** वर्ष : ३१, अङ्क : ६, कार्तिक | ,, |
| १२३. | समाजसेवाका शिखर पुरुष दयावीर सिंह कंसाकार | लेख | **जनभावना**, वर्ष : १६, अङ्क : २६, वैशाख | ,, |
| १२४ | राष्ट्रिय उद्योगपति मणिहर्ष ज्योति | ,, | **जनभावना**, वर्ष : १६, अङ्क : २७, वैशाख | ,, |
| १२५. | स्वच्छ इमान्दार राजनीतिज्ञ विष्ट | ,, | **जनभावना,** वर्ष : १६, अङ्क : २८, वैशाख | ,, |

| | | | | |
|---|---|---|---|---|
| १२६. | प्रजातन्त्रका अग्रज टंकप्रसाद आचार्य | ,, | **जनभावना**, वर्ष : १६ | ,, |
| १२७. | शताब्दीका शिखरपुरुष मदन भण्डारी | ,, | **जनभावना,** वर्ष : १६, अङ्क : ३०, जेठ | ,, |
| १२८. | राष्टिय वीरङ्गाना : पासाङल्हामु शेर्पा | ,, | **जनभावना**, वर्ष : १६, अङ्क : ३१, जेठ | २०५५ |
| १२९. | अथक समाजसेवी : दीलकुमारी श्रेष्ठ | ,, | **जनभावना**, वर्ष : १६, अङ्क : ३३, जेठ | ,, |
| १३०. | सम्मानित राजनीतिज्ञ : डा. डिल्लीरमण रेग्मी | ,, | **जनभावना**, वर्ष : १६, अङ्क : ३६, असार | ,, |
| १३१. | प्रेरणका अन्नय व्यक्तित्वः भूपालमान सिंह कार्की | ,, | **जनभावना,** वर्ष : १६, अङ्क : ३५, असार | ,, |
| १३२. | नेपालका जेठा राजनीतिज्ञ मातृकाप्रसाद कोइराला | ,, | **जनभावना**, वर्ष : १६, अङ्क : ३८, असार | ,, |
| १३३. | हास्यव्यङ्ग्यकार सम्राट केशवराज पिँडाली | समालोचना | **जनभावना**,वर्षः१६,अङ्कः३४, असार | ,, |
| १३४. | नेपाली गीत सङ्गीत परम्परा | ,, | **मधुपर्क**,चैत | ,, |
| १३५. | मन आफैँमा शक्तिशाली हुन्छ | कविता | **गोरखापत्र**,वर्षः९८,अङ्कः१७६ ,कार्तिक | ,, |
| १३६. | जी. शाह व्यक्तित्व र सिर्जना | समालोचना | प्रतिनिधि प्रकाशन | २०५६ |
| १३७. | अन्तत : जीत अर्जुनकै हुन्छ | कविता | **मधुपर्क**, वर्ष : ३२, अङ्क : १०, फागुन | ,, |
| १३८. | म जन्मेको धरतीमा | गीत | रेडियो नेपाल, भदौ | ,, |
| १३९. | चाँदनी शाहका गीतमा राष्ट्रियताका स्वरहरू | लेख | **गोरखापत्र**, वर्ष : ९९, अङ्क : १८२, कार्तिक | ,, |
| १४०. | अमर चित्रकार | ,, | **मुना,** वर्ष : ९, अङ्क : १२, मङ्सिर | ,, |
| १४१. | आस्थाहरू विखण्डित हुँदैछन् | कविता | **मधुपर्क**, वर्ष : ३३, अङ्क : ७, मङ्सिर | २०५७ |
| १४२. | यो मन कहिले माथि उठ्छ | गीत | **गोरखापत्र**, वर्ष : १००, अङ्क : २३०, पुस | ,, |
| १४३. | वीरेन्द्रको कला प्रेम र कलाकारिता | समालोचना | **गोरखापत्र**, वर्ष : १०१, | २०५८ |

| | | | | |
|---|---|---|---|---|
| | | | अङ्क : ४१, असार | |
| १४५. | मुलुकको वर्तमान स्थिति र राजाको भूमिका | लेख | **जनभावना**, असोज | ,, |
| १४६. | मान्छेले समय जित्यो : मान्छेले समय छाड्यो | कविता | **शब्दसुमन**, असार | २०५९ |
| १४७. | जी. शाहका गीतमा अभिव्यक्त नेपाली मनोविज्ञान | लेख | **गोरखापत्र**, वर्ष : ६२, अङ्क : १६९, असार | ,, |
| १४८. | परिवर्तित वस्तुस्थिति र जनकाङ्क्षा | | **गोरखापत्र**, वर्ष : १०२, अङ्क : १६९, कार्तिक | ,, |
| १४९. | विकसित परिस्थितिमा देशभक्त नेपालीको भूमिका | ,, | **गोरखापत्र**,वर्ष:१०२,अङ्क:२०२,मङ्सिर | ,, |
| १५०. | नागरिक अभिनन्दन भित्रका अन्तर्निहित सम्बन्ध | ,, | **गोरखापत्र**, वर्ष : १०२, अङ्क : २३१,पुस | ,, |
| १५१. | राजाका संवैधानिक सीमा | ,, | **गोरखापत्र,** वर्ष : १०३, अङ्क : १६६, कार्तिक | २०६० |
| १५२. | देश कतै दुःखी रैछ | गीत | **गोरखापत्र**, वर्ष : १०३, अङ्क : १६२, कार्तिक | ,, |
| १५३. | राजा : नेपाल र नेपालीका संरक्षक | लेख | **गोरखापत्र**, वर्ष : १०३, अङ्क : ३२१, चैत | ,, |
| १५४. | मान्छे मार्ने हातहरू | गीत | **गोरखापत्र**, वर्ष : १०३, अङ्क : ३२७, चैत | ,, |
| १५५. | संविधान, जनता र राजनीतिक दल | लेख | **गोरखापत्र**, वर्ष : १०४, अङ्क : १९९, मङ्सिर | २०६१ |
| १५६. | यस्तो खेल खेल्नु हुन्न | कविता | **गोरखापत्र**, वर्ष : १०४, अङ्क: २५६, माघ | ,, |
| १५७. | आस्था | ,, | **गोरखापत्र**, वर्ष : १०४, अङ्क : ३२७, चैत | ,, |
| १५८. | समय र समयका यथार्थहरू | लेख | **मधुपर्क**, वर्ष:३९, अङ्क:६, कार्तिक | २०६३ |
| १५९. | माया भन्नु माया नै हो | गीत | रेडियो नेपाल | ,, |
| १६०. | प्रकारान्तरमा हाम्रो जीत हुन्छ | कविता | **गोरखापत्र**, असार | २०६४ |
| १६१. | कति रात बिताएँ | गीत | **युवामञ्च,** वर्ष : २०, अङ्क | ,, |

| | | | | |
|---|---|---|---|---|
| | | | : १, साउन | |
| १६२. | केही मुक्तक | कविता | **गोरखापत्र**, वर्ष : १०८, अङ्क : १९३, मङ्सिर | २०६५ |
| १६३. | पशुपतिमा घाउ लागे | ,, | **गोरखापत्र**, वर्ष : १०८, अङ्कः ३१२, चैत | २०६५ |
| १६४. | मेची हार्दा : काली हार्छ | ,, | **गोरखापत्र**, वर्ष : १०९, अङ्क : २९०, फागुन | २०६६ |
| १६५. | सपना पनि नराम्रो भा-छ | ,, | **गोरखापत्र**, वर्ष : ११०, अङ्क : २०५, मङ्सिर | २०६७ |

# पाँचौं परिच्छेद
# भीम खरेलको कविताकृतिको अध्ययन

## ५.१ कविताको सैद्धान्तिक चिनारी

कविता साहित्यको एक सशक्त विधा हो । कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति वा रचनालाई कविता भनिन्छ (त्रिपाठी, २०६७ : २०३) । प्राचीन लोकगीत, गाथाचक्रको क्रमिक श्रृङ्खला हुँदै कविताको प्रारूप विकास भएको हो (त्रिपाठी र अन्य, २०६० : ४) । साहित्यभित्र वाङ्मयका समस्त भेदहरू पर्दछन् भने तीमध्ये कविता भाषिककला अन्तर्गत पर्ने कला हो । यो वाङ्मयको रागात्मक वा सौन्दर्यपरक शाखा हो । यसको प्रयोग व्यावहारिक  र बौद्धिक प्रयोजन भन्दा भिन्न सौन्दर्यात्मक र भावनाप्रधानका लागि गरिन्छ ( त्रिपाठी र अन्य, २०६० : ४) । कवितामा अनुभूतिको विस्तार अनुसार आख्यानीकरणको आयतन लामो बुनिँदै जान्छ । त्यो कतै नाटकीकरणका रूपमा त कतै कविकथनको एकालापीय प्रसङ्गसँग मात्र अगाडि बढ्ने क्रममा लयात्मक अन्तर्साङ्गीतिकतालाई भने कविताले निरन्तर रूपमा साकार पार्दै लगेको हुन्छ । त्यसैले कविता विधा साहित्यका अन्य विधाअर्न्तगत आउने कथा, उपन्यास ,नाटक आदि भन्दा अलग पहिचान बोकेको विधा हो ।

## ५.२ कविताको परिभाषा

कविता विधालाई चिनाउने क्रममा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै अवधारणाहरू प्रस्तुत गरेको पाइन्छ । पूर्वीय चिन्तकहरूमा संस्कृत तथा नेपाली विद्वान्हरूका साथै पाश्चात्य विद्वान्हरूका अवधारणाको समग्र अध्ययन गरिसकेपछि मात्र कविताको स्पष्ट पहिचान गराउन सकिने हुनाले साहित्य चिन्तक र समालोचकहरूले विभिन्न समयमा कविताका सम्बन्धमा गरेका परिभाषाहरू तल प्रस्तुत गरिन्छ ।

### (क) संस्कृत साहित्यमा कविताको परिभाषा

कविताका सम्बन्धमा संस्कृत साहित्यका विद्वान्हरूले व्यक्त गरेका परिभाषाहरू यसप्रकार रहेका छन् :-

अग्निपुराणले कविताको स्वरूपलाई यसरी चिनाएको छ :
'अभीष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो'(उपाध्याय, २०३० : ८) ।

भामहको कवितासम्बन्धी यस्तो धारणा पाइन्छ :
'शब्द र अर्थ संयुक्त रूपले काव्य हुन्' (उपाध्याय, २०३० : ८) ।

दण्डीको कविताका बारेमा यस्तो धारणा पाइन्छ :

'इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो '(उपाध्याय, २०३० : ९) ।

मम्मटले कविताको स्वरूपका बारेमा यसो भनेका छन् :

'दोषरहित, गुणसहित शब्दार्थ काव्य हो । यसमा कहीँ अलङ्कार हुन्छ , कहीँ अलङ्कार नभए पनि काव्यत्वमा हानि हुँदैन' (उपाध्याय, २०३० : ११) ।

विश्वनाथले कवितालाई यसरी चिनाएका छन् :

'रसिलो वाक्य काव्य हो' (उपाध्याय, २०३० :१२) ।

**(ख) पश्चिमी साहित्यमा कविताको परिभाषा**

पाश्चात्य विद्वान्हरूले कविताका बारेका व्यक्त गरेका परिभाषाहरू यसप्रकार रहेका छन् :-

वर्डस्वर्थले कवितालाई यसप्रकार परिभाषित गरेका छन् :

'शान्त क्षणमा सञ्चित अनुभवहरूबाट उत्पन्न प्रबल मनोभावको स्वतःस्फूर्त प्रवाह कविता हो '(लुइटेल, २०६७ : ३) ।

सेमुअल टेलर कलरिजको कवितासम्बन्धी धारणा यस्तो छ :

'विज्ञानजस्तो सत्यको नभएर आनन्दको अनुभूति गराउने तत्कालिक उद्देश्य भएको रचना कविता हो' (लुइटेल, २०६७ : ३) ।

एडगर एलेन पो कविताका बारेमा यसो भनेका छन् :

'सौन्दर्यको लयात्मक सिर्जना कविता हो' (लुइटेल, २०६७ : ३) ।

सेलीको कवितासम्बन्धी धारणा यस्तो छ :

'कविता सामान्यता कल्पनाको अभिव्यक्ति हो' (लुइटेल, २०६७ : ३) ।

टमस स्टन एलियटले कवितालाई यसरी परिभाषित गरेका छन् :

'कविता मनोवेगको स्वच्छन्द प्रवाह एवं व्यक्तित्वको अभिव्यञ्जना नभएर मनोवेग तथा व्यक्तिबाट पलायन हो' (लुइटेल, २०६७ : ३) ।

**(ग) नेपाली साहित्यमा कविताको परिभाषा**

नेपाली साहित्यमा कविताको परिभाषा दिने क्रममा आएका केही प्रतिनिधि परिभाषाहरू यसप्रकार रहेका छन् :

बाबुराम आचार्यले **पुराना कवि र कविता** (२००३) मा कविताको परिभाषा यसप्रकार गरेका छन् :

'प्रकृतिको अद्भुत रचनादेखि त्यसमा छक्क परेर तन्मय भई कविहरू जो बोल्छन्, त्यो कविता कहिन्छ' (लुइटेल, २०६० : १५) ।

बालकृष्ण समले **आगो र पानी** (२०११) मा कवितासम्बन्धी धारणा यसरी अगाडि सारेका छन् :

'कविता भावनाको बौद्धिक कोमलता हो' (लुइटेल, २०६० : १५) ।

सोमनाथ सिग्देलले **साहित्य प्रदीप** (२०१६) मा काव्यलाई यसरी अर्थ्याएका छन् :

'काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो' (लुइटेल, २०६० : १६) ।

केदारमान व्यथितले **स्रष्टा र साहित्य** (२०२३) मा कवितालाई यसरी परिभाषित गरेका छन् :

'तीव्रगामी कल्पनाको घोडमाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ' (लुइटेल, २०६० : १६) ।

मोहनराज शर्माले **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) मा कविताको परिभाषा यसरी प्रस्तुत गरेका छन् :

'विचार, भाव र घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ' (लुइटेल, २०६० : १७) ।

यी विभिन्न परिभाषामा समानता नपाइए तापनि कविता कविको अनुभूतिमूलक रचना हो भन्ने कुरामा पूर्वीय र पाश्चात्य साहित्यमा एकै पाइन्छ । पूर्व तथा पश्चिममा कविताको निरविच्छिन्न परम्परा पाइन्छ । विद्वान्हरूका कवितासम्बन्धी धारणाबाट के स्पष्ट हुन्छ भने कविता भाषाका माध्यमबाट प्रस्तुत गरिने कविको स्वानुभूतिको कोमल, कलात्मक र रसात्मक अभिव्यक्ति हो ।

### ५.३ कविताका तत्त्वहरू

साहित्यका तत्त्वहरूले विधा निर्धारण गर्ने कार्य गर्दछन् । साहित्यका अन्य विधामा जस्तै कविताले निजी तत्त्वका साथ छुट्टै पहिचान राखेको पाइन्छ । कवितामा रहेका कल्पना, ध्वनि, रस, भाव एवम् दर्शनजस्ता पक्षहरू आन्तरिक तत्त्वअन्तर्गत आउँछन् भने रीति, गुण, अलङ्कार र औचित्यजस्ता पक्षहरू बाह्य तत्त्वमा पर्दछन् । कवितामा रहेको आन्तरिक र

बाह्य तत्त्वलाई समेटेर विद्वान्हरूले कविताको सानो रूपदेखि बृहत् रूपसम्म समेट्ने तत्त्वहरूको निर्धारण गरेको पाइन्छ । ती तत्त्वहरू शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्बप्रतीक, अलङ्कार, कथनपद्धति र भाषाशैली रहेका छन् । यी तत्त्वहरूको सङ्क्षेपमा परिचय क्रमश तल प्रस्तुत गरिएको छ :

**(क) शीर्षक र संरचना**

कविताको महत्त्वपूर्ण तत्त्व शीर्षक हो । शीर्षकले कविता कृतिको नामकरण मात्र नभई कृतिको सारभूत भाव-विचारको सूचक सङ्केत वा उद्घाटकसमेत गर्दछ (त्रिपाठी र अन्य, २०६० : १७) । शीर्षकले अभिधात्मकता वा प्रतीकात्मकता मध्ये कुनै एक वा दुवैलाई समेटेको हुन्छ । यसले कृतिको अर्न्तबाह्य संरचना र केन्द्रीय कथ्यका बीचमा सङ्गति ल्याएको हुन्छ । कविताको बनौटको स्थितिलाई संरचना भनिन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । बाह्य संरचनाले कविताको बाहिरी तत्त्वअन्तर्गत पर्ने हरफ, पाउ वा सर्गलाई जनाउँछ भने आन्तरिक संरचनाले कविताको कथनपद्धति, भावविधान र छन्दढाँचाभित्रको अन्तर्लय समेतलाई बुझाउँछ । संरचना बिना कुनै रचना निर्माण हुन नसक्ने भएकाले नै यसलाई कविताको अनिवार्य तत्त्व मानिएको हो ।

**(ख) विषयवस्तु**

कविताको महत्त्वपूर्ण तत्त्व विषयवस्तु पनि हो । आफ्नो जीवन भोगाइका सुख-दुःख, हर्ष-विस्मत, उज्याला-अध्यāराआदि विविध पाटाहरूमध्ये आफूलाई प्रभावित र आकर्षित तुल्याउने जुनसुकै विषयका कविता सिर्जना गर्न सकिने हुँदा कविताको विषयवस्तु अनन्त हुन्छ (लुइटेल, २०६७ : १६) । त्यसैले कविले देखे-भोगेका जीवनजगत्का विविध विषयलाई टिपी त्यसकै केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कविले जति सचेतता पूर्वक विषयवस्तु चयन गर्छ कविता त्यति नै सुन्दर हुन्छ । सुन्दर वस्तु जीवन्त हुने भएकाले सशक्त र उपयुक्त विषयवस्तुले कवितालाई जीवन्त बनाएको हुन्छ ।

**(ग) भावविधान**

कविताका महत्त्वपूर्ण तत्त्वहरूमध्ये भाव पनि एक हो । भावले कविताका शब्दशब्दमा भएको अर्न्तनिहित शक्तिलाई बुझाउँछ । कविता भाषाका माध्यमले अभिव्यक्त हुने भाषिककला भएकाले भाषिक संयोजनको मूल विचार भावकद्वारा त्यस विषयमा अनुभव गरिने केन्द्रीय स्पर्श नै भाव हो । भाव कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा प्रकट भएको हुन्छ (त्रिपाठी र अन्य, २०६० : २०)। कविले कविताको वर्णन गर्ने क्रममा अख्यानीकृत वा नाटकीकृत जुनसुकै रूपमा जीवनजगत्को कथन गरे पनि त्यसको केन्द्रीय तत्त्व भाव नै रहेको हुन्छ । यसरी जुनसुकै अवस्थाको वर्णन कविद्वारा गरिए तापनि भावकलाई प्राप्त हुने मूलवस्तु भाव नै हो । त्यसैले कवितामा भावलाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

### (घ) लयविधान

कविताको प्रमुख तत्त्व लयविधान हो । यसले साहित्यका अन्य विधाबाट कवितालाई पृथक बनाउने काम गर्छ । भाषामा प्रयोग हुने स्वर व्यञ्जन वर्णहरूको उच्चारण कालमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्य-वैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा हरफको गतिक्रम र यतिक्रमबाट थालिन्छ (त्रिपाठी र अन्य, २०६० : १८) । लयको अस्तित्व पद्यकविता र गद्यकविता दुवैका हुन्छ । छन्दोबद्ध पद्यकवितामा छन्दको बन्धन हुन्छ भने छन्दमुक्त गद्यकवितामा त्यस्तो कुनै बन्धन हुँदैन । छन्दमुक्त कवितामा छन्दको बन्धन नभए पनि लय पैदा भएको हुन्छ (लुइटेल, २०६७ : ३४) । कवितामा छन्दले लयलाई केवल नियमबद्ध मात्र गर्दछ । त्यसैले छन्द कविताको बाह्य तत्त्व हो भने लय आन्तरिक तत्त्व हो । कवितामा लय सिर्जना गर्ने अर्को महत्त्वपूर्ण तत्त्व अनुप्रास हो । अनुप्रास पद्य कवितामा नियोजित हुन्छ भने गद्य कवितामा स्वतःस्फूर्त संयोजन भएको हुन्छ । यो कविताको पङ्क्ति वा हरफहरूका आदि, मध्य र अन्त्यको कुनै ठाउँमा वा एकैपल्ट सबै ठाउँमा आउन पनि सक्छ । त्यसैले लयलाई कविताको महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ ।

### (ङ) अलङ्कारविधान

कविताको बाहिरी आभूषणका रूपमा अलङ्कारलाई प्रयोग गरिँदै आएको पाइन्छ । कवितामा सरलता, रोचकता प्रदान गर्न यसको ठूलो भूमिका हुन्छ । यसै सन्दर्भमा जीवनजगत्का विविध क्षेत्रबाट लिइएका बिम्ब र प्रतीकहरूको प्रयोग पनि कविले कवितामा गरेको हुन्छ । बिम्बले लाक्षणिक अर्थ प्रदान गरेको हुन्छ (त्रिपाठी र अन्य, २०६० : २१) । कवितालाई अर्थपूर्ण र भावगाम्भीर्य बनाउने काम बिम्बले नै गर्दछ । कवितामा लयोत्पादन गर्न अलङ्कारले महत्त्वपूर्ण भूमिका खेल्दछ । अलङकार कवितामा शब्दालङ्कार र अर्थालङ्कार गरी दुई स्तरमा आएको हुन्छ । यसले कविताको भावलाई गहिराइसम्म पुऱ्याउन मद्दत गरेको हुन्छ । शब्दालङ्कारले शब्दशब्दमा आउने समवृत्त वा विषमवृत्तबाट आदि, मध्य, अन्त्यानुप्रास एवम् यमक श्लेषजस्ता शब्दालङ्कार कविले कवितामा जतातत्तै प्रयोग गरेको हुन्छ । अर्थालङ्कार भने व्यञ्जनाका स्तरमा मात्र अर्थध्वनित हुने हुनाले कविताको अनुच्छेद वा समग्रताबाट अर्थिने गदर्छ । अलङ्कार कविताको बाहिरीपक्ष भएर पनि भाव र विषयवस्तु बीच यसको गहिरो सम्बन्ध रहेको हुन्छ । त्यसैले कविता सिर्जनामा अलङ्काले महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

### (च) कथनपद्धति/उक्तिढाँचा

कथनपद्धति वा उक्तिढाँचा पनि कविताको एक महत्त्वपूर्ण तत्त्व हो । कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रोढोक्ति हो र कथयिता वा आत्मालापी कविले

आफ्नै वस्तुपरक वा आत्मापरक कथ्य आफैँ गुन्गुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति सम्बोधित गरी भन्दछ भने त्यो कथन खासगरी तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिले कता द्वितीय पुरुषमा कथित वा आत्मालापीत हुन सक्छ (त्रिपाठी र अन्य, २०६० : १९) । यदि कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कथन पद्धति हो; आख्यानीकरणकै क्रममा दृश्यको चित्रण तथा संवाद-मनोवादका सम्भव उपयोगबाट नाटकीकृत कथनको पद्धतिसमेत अँगाली आत्मालापीय कवि-कथयिता अन्तर्निहित रहिदिँदा कवितात्मक कथनको वैकल्पिक तेस्रो पद्धति प्रकट हुन्छ (त्रिपाठी र अन्य, २०६० : १९) । यिनै आधारमा कविताको कथनपद्धति निर्धारण भएको हुन्छ ।

**(छ) भाषाशैली**

भाषा विचार या अनुभूति विनिमयको सशक्त माध्यम हो । सामान्य बोलचालमा सोभ्रो भाषा र साहित्यमा विचलनयुक्त भाषाको प्रयोग गरिन्छ । त्यसैले कवितालेखन विशिष्ट प्रकारको भाषा प्रयोग हो । शैली भनेको भाव प्रकाशनको लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । उपलब्ध भाषिक विकल्पहरूमध्ये बाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने वर्ण, पद, वाक्य, र अनुच्छेदविधानसमेत सिर्जित गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली मानिन्छ ( त्रिपाठी र अन्य, २०६० : १९) । कवितामा प्रयोग हुने संगठनात्मक पद्धति नै शैली भएकाले यो व्यक्तिपिच्छे फरक-फरक हुने गर्दछ । सरल, आलङ्कारिक, नाटकीय र वर्णनात्मक शैलीमध्ये एक वा अनेक शैली कवितामा आएको हुन्छ । लेखकले आफ्ना कृतिमा केकस्ता शब्द, वाक्य आदि भाषिक एकाइको चयन तथा के-कसरी तिनको विन्यास गरी आफ्ना भाव वा विचार अभिव्यक्त गरेको हुन्छ भन्ने कुरा शैलीको अध्ययनबाट हुन्छ (लुइटेल,२०६७ : २७) । त्यसैले स्रष्टाको निजी पहिचान दिने काम पनि शैलीले गरेको हुन्छ ।

यसरी कविता एउटा पूर्ण वृक्ष हो भने उपर्युक्त तत्त्वहरू त्यही वृक्षका प्रशाखा हुन् । यिनै तत्त्वहरूद्वारा कविताले रूपाकृति प्राप्त गर्दछ ।

## ५.४ 'अस्तित्व र मान्छे' कवितासङ्ग्रहभित्रका कविताहरूको अध्ययन

**अस्तित्व र मान्छे** कवितासङ्ग्रह **भानु** प्रकाशनबाट वि.सं. २०३७ मा प्रकाशित भीम खरेलको पहिलो पुस्तकाकार कविता कृति हो । यस कवितासङ्ग्रहमा खरेलका वि.सं. २०३४ देखि वि.सं. २०३७ सम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित कविता र मुक्तकहरू रहेका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत कविताका शीर्षकहरू 'जीन्दगी', 'उदाउनु र अस्ताउनुका क्रमहरू', 'विद्रोह बोल्छ', 'गुम्सिएका वर्तमान भित्र : छटपटाएका मुटुहरू', 'अब उठ हिमाल भएर', 'भोलि जन्मिने छोराको बाबु भएर', 'चलिरहेका क्रमहरू : सन्दर्भ वर्तमानको',

'विश्वास र आस्थाको युग बोकेर', 'फुटपाथको कथा', 'भेटिन्छन् पाइलै पिच्छे : जीवनहरू', 'सुरुदेखि अन्त्यसम्म', 'उठ ! अब जिजीविषा बटुलेर', 'अस्तित्व मेटिसकेछ', 'एउटी सुकुमारी : आँखाको आयतनभरि', 'मातेका मान्छेको : प्रेमिकासँग वार्तालाप', 'कोठाभरिको सन्दर्भमा : छातीभरिको क्रन्दन', तीन मुक्तक', 'असुरक्षित जीन्दगीहरू', 'कुइरोभित्र कोरिएका रेखाहरू : वर्तमानको दृष्टिकोण', 'प्रतिज्ञा बोकेर फर्क', 'परिवेशको अँगालोमा, 'निशान', 'तीनः लघु कविता', 'देश जनता सडक र सडकका भित्ताहरू', 'घडाभरिको शुभ-साइत लिएर : पर्खिरहन्छौँ' रहेका छन् ।

प्रस्तुत कवितासङ्ग्रहमा कविता र मुक्तक गरी जम्मा २७ शीर्षक रहेका छन् । यस कवितासङ्ग्रहमा खरेलले समाजमा भएका अन्याय, अत्याचार, शोषण, गरिबी तथा देशमा व्याप्त असमानताप्रति सङ्घर्ष गर्न आवाहन गरेका छन् । कवितामा राष्ट्रियता, प्रकृति र मायाप्रेमजस्ता जीवनजगत्का विविध पक्षहरू विषयवस्तुका रूपमा आएका छन् । खरेलको यस सङ्ग्रहमा वर्णनात्मक, प्रश्नात्मक, विद्रोहात्मक र व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । विधा तत्त्वका आधारमा यस सङ्ग्रह भित्रका कविताहरूको अध्ययन गर्ने क्रममा कविताको लघुतम रूप मुक्तक भएको हुनाले कवितासँगै राखेर अध्ययन गरिएको छ ।

### ५.४.१ शीर्षक र संरचना

**अस्तित्व र मान्छे** कवितासङ्ग्रह भीम खरेलको पहिलो कविता कृति हो । यस सङ्ग्रहको शीर्षकले कविका भावनाको मूल केन्द्रलाई सङ्केत गरेको छ । मान्छेको अस्तित्व छैन्, खोज्दै जादाँ त्यो कसैको भइसकेको अनुमान कविको छ । अस्तित्व र मान्छे शीर्षकले समग्र कविताहरूको आशयलाई समेटेको पाइन्छ । खरेलले यस सङ्ग्रह भित्रका कविताहरूको शीर्षक चयन कतै अभिधात्मक र कतै व्यङ्ग्यात्मक रूपमा गरेका छन् । खासगरी 'उदाउनु र अस्ताउनुका क्रमहरू', 'विद्रोह बोल्छ', 'अब उठ हिमाल भएर', 'फुटपाथको कथा', र 'सुरुदेखि अन्त्यसम्म' कविताहरूको शीर्षक चयन अभिधात्मक किसिमको रहेका छन् भने 'भोलि जन्मने छोराको बाबु भएर', 'उठ ! जिजीविषा बटुलेर', 'मातेको मान्छेसँग प्रेमिकासँग वार्तालाप', 'प्रतिज्ञा बोकेर फर्क' र 'परिवेशको अँगालोमा' आदि कविताहरूको शीर्षक चयन व्यङ्ग्यात्मक रूपमा गरिएको छ । खरेलका यस सङ्ग्रहमा सङ्गृहीत कविता र शीर्षकका बीचमा सामाञ्जस्यता देखापर्दछ ।

प्रस्तुत कवितासङ्ग्रह ५४ पृष्ठमा फैलिएको पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई बाह्य संरचनाका दृष्टिले हेर्दा सम्पूर्ण कविता गद्य शैलीमा रचना गरिएको पाइन्छ । कविताका पङ्क्तिहरूमा एकदेखि आठ शब्दसम्म प्रयोग गरेको पाइन्छ । यस कविता सङ्ग्रहमा कविताको लघुतम रूप मुक्तक पनि रहेकाले मुक्तकदेखि बाहेक आयामका दृष्टिले हेर्दा सबैभन्दा छोटो कविता 'जीन्दगी' (पृ. १), जुन आठ हरफमा रचना भएको छ भने सबैभन्दा लामो कविता 'घडाभरि शुभ-साइत लिएरः

पर्खिरहन्छौँ' (पृ. २१) हो, जुन ७४ हरफमा संरचित छ । यस सङ्ग्रहमा सङ्गृहीत साना आयामका कविता 'विद्रोह बोल्छ' (पृ. ९), 'फुटपाथको कथा' (पृ. १९), 'विश्वास र आस्थाको युग बोकेर' (पृ. १८), हुन् भने लामा आकारका कविताहरूमा 'प्रतिज्ञा बोकेर फर्क' (पृ. ४), 'मातेको मान्छेको प्रेमीकासँगको वार्तालाप' (पृ. २७ ), 'कोठाभरिको सन्दर्भमा छातीभरिको क्रन्दन' (पृ. ३१), रहेका छन् । यस कवितासङ्ग्रहमा रहेका अन्य कविताहरू मझौला आकारका रहेका छन् । कविताका केही शीर्षकमा सापेक्षविरामको प्रयोग गरिएको छ ।

### ५.४.२ विषयवस्तु

प्रस्तुत कवितासङ्ग्रहमा कवि खरेलले राष्ट्रिय स्वाभिमान, गरिबी, समाजिक विकृति, नारी समस्या, निरङ्कुशता, क्रान्तिकारी स्वर, शान्तिका साथै राष्ट्रिय र अन्तराष्ट्रिय विषयवस्तुलाई टिपी तिनलाई प्रगतिवादी भावधारा र प्राञ्जलशैलीमा बिम्ब र प्रतीकको समायोजन गरी गेयात्मक कविता सिर्जना गरेका छन् । उनका कवितामा पाइने विविधतालाई यहाँ प्रस्तुत गरिएको छ :

#### ५.४.२.१ राष्ट्रियता

कवि भीम खरेलले आफ्ना कविताहरूमा देशभक्ति, राष्ट्रिय स्वाभिमान, एकता र वीरता जस्ता राष्ट्रियताका स्वरहरू यसरी व्यक्त गरेका छन् ।

उनले राष्ट्रिय एकतालाई यसरी पोखेका छन् :

नवीन जीवनको-रूपरेखा निर्माण गर्न
देशको मान चित्रमा
तिम्रो हाम्रो अनि सबैको
बस्ने बास, खाने गासको व्यवस्था गर्न
भोली हिँड्ने-मूलबाटो बनाउन ।
(कुइरोभित्र कोरिएका रेखाहरू : वर्तमानको दृष्टिकोण, पृ. ३९)

तिम्रा बचनलाई भुलिगयौ साथी !
तर यथार्थलाई नभुलिदेऊ
तिमीले मान्छेलाई धोकादियौ साथी !
तर धरती आमालाई धोका नदेऊ ।
(केही मुक्तक, पृ. ३)

देश र जनताका लागि आफ्नो जीवन अर्पने सहिदहरूप्रति श्रद्धा गर्दै सम्मानको भाव कवि खरेलले यसरी देखाएका छन् :

आमाका आँसुका घुट्का पिउँदै-

काख छाम्छिन् छोरा खोइ भनेर
बुबा दुई थोपा आँसु झारेर
श्रद्धान्जली दिन्छन् देशकालागि मरिस भनेर ।

(तीन : लघु कविता, पृ. ४८)

**५.४.२.२ गरिबी**

भीम खरेल प्रगतिवादी कवि हुन् । उनले आफ्ना कविताहरूमा गरीब जनताका पक्षमा आवाज उठाएका छन् ।

गरीबको वाध्यतालाई कविले यसरी व्यक्त गरेका छन् :

मेरो देशका असंख्य अन्न उब्जाउने किसानहरू
भोकभोकै फुटपाथमा लम्पसार परेको देखेको छु
कारखानामै कैयौं पुस्ता बिताउने मजदुरहरू
चोक बजारमा बेइजती भएर हिड्नु परेको देखेको छु ।

(केही मुक्तक, पृ. ४ )

**५.४.२.३ सामाजिक विसङ्गति**

कवि भीम खरेलले आफ्ना कविताहरूमा देशमा भएका असमानता, अत्याचार, शोषण जस्ता प्रवृत्तिलाई यसरी अभिव्यक्त गरेका छन् :

जुन मान्छेको अंश अंशले
निर्मित भएका यी महलहरू
थोपा थोपा रगतले सिंचिएका
यी ताजमहलहरू
आज शहरका फुटपाथमा
आफूलाई निर्माण गर्नेको
नाङ्गो वर्तमान देखेर
लम्पसार खण्डित जीवन देखेर
हाँसिरहेछन्........।

(उठ ! जिजीविषा बटुलेर, पृ. २२)

शहरका फुटपाथमा
घरका रछ्यान रछ्यानमा
मेरो धरतीका मुटु
भीख मागेर हिँड्छन् ।

(फुटपाथको कथा, पृ. १९) ।

तलतिर रछ्यानमा
एउटा लङ्गडो
टपरीका सिता बटुलि रहेको थियो ।
\+ + + + + +
झुपडीभित्रका चिसा चुलाहरूमा
ढुडी उठिसकेका छन्
झपडीभित्रका मान्छेको इतिहास
हराइसकेको छ ।
(मातेको मान्छे : प्रेमिकासँगको वार्तालाप, पृ. ३०) ।

**५.४.२.४. नारी समस्या**

कवि भीम खरेलले आफ्ना कविताहरू मार्फत नेपाली नारीहरूको वाध्यता र विवशतालाई व्यक्त गरेका छन् ।

कवितामा नारीले इच्छाबिना कसैलाई सन्तुष्टि पार्नुपर्ने वाध्यतालाई यसरी व्यक्त गरेका छन् :

उसले मुस्कान खान दिनुपर्छ
मुस्कान चाहनेलाई
उसले लालीमय गाला
चुम्बन खान दिनुपर्छ
\+ + + + +
विचरीले विवशता अगाडि
वाध्यताले घचेटेपछि
आफ्नो सतित्व गुमाइ दिन्छे
यस धरतीको अभिसाफ नै भएर
(एउटी सुकुमारी : आँखाको आयतनभरि, पृ.२६ ) ।

छोरी करुणा
हाम्रो न्यानो काखमा खेलेकी
सम्झना आँखाभरि छ
ताते नानी ताते
कोखाइ बा कोखाइ भनेको
ऊ पनि आज

कान्छ मुखियाकामा
आँसुका घुट्का पिउँदै बाँचेकी छ ।
( प्रतिज्ञा बोकेर फर्क, पृ. ४१)

### ५.४.२.५. क्रान्तिकारिता

कवि भीम खरेलका कविताहरूमा प्रायः क्रान्तिकारीचेत प्रबल रहेको पाइन्छ । उनका कविताहरूले देशको राजनैतिक, आर्थिक र सामाजिक समस्यालाई प्राथमिकता दिएको पाइन्छ । देशमा विद्यमान रहेको पूँजीवादी तथा सामन्ती संस्कारबाट मुक्त हुन सङ्घर्षलाई समात्न उनी आग्रह गर्दछन् ।

उनका कवितामा सङ्घर्षका अभिव्यक्तिहरू यसरी आएका छन् :

भत्काइदेऊ यी दिवालहरूलाई
जसले नवयुगलाई थुनेका छन्
तोडिदेऊ यी अवरोधहरूलाई
जसले मानवताको हत्या गरेका छन्
(विद्रोह बोल्छ पृ. ९ ) ।

भोलि झुल्कने सूर्यको किरणसँगै
हामीले पनि विजय गर्नुपर्छ
त्यसैले आत्मा भरि-भरि
प्रतिशोधको भावना बोकेर फर्क
मुटु भरि तातो रगत बाकेर फर्क
हृदय भरि विद्रोह बोकेर फर्क
(प्रतिज्ञा बोकेर फर्क पृ. ४२ ) ।

अन्याय-अत्याचारको विरोधका अभिव्यक्ति यी पङ्तिहरूमा पनि छ :

शदीयौं शदीयौंको किचाइपछि
हजारौं बुटको बलत्कारपछि
जनता ! मुक्ति खोजिरहेछन्
जनता ! अस्तित्व खोजिरहेछन्
( देश जनता सडक र सडकका भित्ताहरू, पृ. ४९ ) ।

हामीलाई हजारौं वर्षदेखि कुल्चनेहरूको विरुद्ध
हामीलाई बोल्नै नदिने अज्ञानताको विरुद्ध

हामीले खान माग्दा नदिनेको विरुद्ध
हाम्रा नाङ्गा आङ देख्दा बलात्कार गर्नेहरूको विरूद्ध
तिमीले कमसेकम लड्नसक्ने भएर आउनुपर्छ ।
+ + + +
थाप्नै परेपछि, बरु अब हाम्रो छाती
हत्केलाभरि ठेला संगाल्ने
जनताको मुक्तिको निम्ति थापिन्छ ।
(घडाभरि शुभ-साइत लिएर : पर्खिरहन्छौँ, पृ. ५३ ) ।

### ५.४.२.६. स्वतन्त्रता र समानता

कवि भीम खरेल स्वतन्त्रता र समानताका पक्षपाती कवि हुन् । उनका कवितामा मानव स्वतन्त्रता र संसारका मानव समान हुन् भन्ने भावना अभिव्यञ्जित भएको पाइन्छ ।

उनका कविताहरूमा समानताका स्वरहरू यसरी आएका छन् :

एउटा आँधी आउँदैछ- मुक्तिको सन्दर्भमा
एउटा विद्रोह चर्कदैछ- समानताको पक्षमा ।
(तीन : लघु कविता पृ. ४८ ) ।

हाम्रो, तिम्रो संसारभरिका
सबै मानव जातिको एउटै निशान हुनेछ
एउटै गौरव हुनेछ,
हो पक्का त्यो दिन आउँछ ।
( निशान पृ. ४७ ) ।

यसरी कवि खरेलले माथिका विविध विषयहरूलाई आफ्ना कविताहरूमा प्रकट गरेका छन् ।

### ५.४.३ भावविधान

भीम खरेलले **अस्तित्व र मान्छे** कवितासङ्ग्रहमा विभिन्न विषयवस्तुलाई प्रगतिवादी स्वरले सजाएका छन् । कविले कवितामा गद्यशैलीको आत्मपरक चित्रण गर्दै मानवीय मूल्यको खोजी गरेका छन् । खरेलले यस सङ्ग्रहका 'जिन्दगी' (पृ. १), 'उदाउनु अस्ताउनुका क्रम' (पृ. ८), 'गुम्सिएको वर्तमान भित्र : छटपटिएका मुटुहरू' (पृ. १०), 'भेटिन्छन् पाइलै पिच्छे जीवनहरू' (पृ. २०) जस्ता कविताहरूमा नेपाली समाजमा रहेका विकृति र विसङ्गतिहरूलाई प्रस्तुत गरेका छन् भने 'विद्रोह बोल्छ' (पृ. ९), 'उठ अब हिमाल भएर' ( पृ. १२), 'उठ ! जीजिविषा बटुलेर' (पृ.२२), 'अस्तित्व मेटिसकेछ' (पृ. २४), जस्ता

कविताहरूमा निरङ्कुशता, अन्याय र अत्यचारप्रति आक्रोश प्रकट गर्दै त्यसका विरुद्ध उभिन कविले आवाहन गरेका छन् । 'भोलि जन्मिने छोराको बाबु भएर' (पृ. १४) कवितामा कविले भविश्यप्रति आशावादी हुँदै सुन्दर भविश्यको कल्पना गरेका छन् । 'फुटपाथको कथा' (पृ. १९) नामक कवितामा कविले नेपालका गरीबहरूको यथार्थलाई चित्रण गरेका छन् । 'एउटी सुकुमारी : आँखाको आयतनभरि' (पृ. २५) मा कविले नेपाली नारीहरू यौनको शिकार भएर बाँच्नु परेको यथार्थलाई प्रस्तुत गरेका छन् । 'कुइरोभित्र कोरिएका रेखाहरू : वर्तमानको दृष्टिकोण' (पृ. ३७) कवितामा कविले दुई ठूला देशले नेपालमा गर्दै आएको दमन र सीमाना अतिक्रमणलाई देखाएका छन् भने 'निशान' (पृ. ४६) कविताले देश-देशबीचमा कोरिएको सीमारेखाहरू कालान्तरमा मेटिने र विश्वको एउटै निशान हुने भाव प्रकट गरेका छ । 'तीन : लघुकविता' (पृ. ४८) शीर्षकमा रहेका कविताहरूले नेपाली वीरहरूप्रति सम्मान प्रकट गरेका छन् । 'घडाहरूको शुभ-साइत लिएर : पर्खिरहन्छौँ' (पृ. ५१) कविताले क्रान्तिपछिको सुन्दर र समानताको युगको कल्पना गर्दै क्रान्तिको आह्वान गरेको छ ।

कवि भीम खरेलका कविताहरूमा स्वच्छन्दवादी प्रगतिवादी स्वर पाइन्छ । उनले कविताहरूमा वर्तमानप्रति आक्रोश र विद्रोह तथा भविष्यप्रति आशा प्रकट गरेका छन् । उनका कविताका मूल भावहरूमा राष्ट्रियता, समानता, स्वतन्त्रता, निरङ्कुशताको विरोधमा क्रान्तिको आह्वान, सामाजिक विसङ्गतिको प्रस्तुति, मानवता आदि विभिन्न प्रसङ्गका रूपमा प्रकट भएका छन् । क्रान्तिधर्मी तथा आशावादी कविता रच्नु उनको भावगत वैशिष्ट्य पनि हो । कवितामा कविको केन्द्रीय भाव सुबोध्य, सरल, सरस र गेयात्मक ढङ्गमा प्रकटभएको छ ।

### ५.४.४ लयविधान

भीम खरेलको **अस्तित्व र मान्छे** मुक्तलयका कविताहरूको सङ्ग्रह हो । गद्यलयमा प्रस्तुत हुने कविताहरूको छन्दलाई मुक्त छन्द भनिन्छ । खरेल पनि त्यही मुक्तछन्दका प्रयोक्ता भई कविता सिर्जना गर्न समर्थ भएका छन् । उनले छन्दको क्लिष्टतातिर भन्दा सम्प्रेषणीयता र सरलतापट्टी ध्यान दिएका छन् । त्यसैगरी सुन्दर अनुप्रासिक भाषाको संयोजनका कारण कविताहरू श्रुतिमधुर, लयात्मक र गेयात्मक बन्नपुगेका छन् । यो मुक्तलयका कविताहरूको सङ्ग्रह भए पनि कवितामा आएको वाक्यात्मक समानान्तरता, पुनरावृत्तिले कविताहरूमा साङ्गीतिकता र लयात्मकता थपेको पाइन्छ ।

### ५.४.५ बिम्बालङ्कार र प्रतीकविधान

प्रस्तुत कवितासङ्ग्रहमा खरेलले अनुप्रास शब्दालङ्कारका साथै उपमा, रूपक, स्वभावोक्ति र उत्प्रेक्षाजस्ता अर्थालङ्कारको प्रयोग गरेका छन् । उनको यो अलङ्कार प्रयोग काव्यात्मक चमत्कार प्रर्दशनका लागि नभई भाव सम्प्रेषणका रूपमा स्वतः सिर्जित भएको पाइन्छ । यस कविता सङ्ग्रहमा कविले 'उषा', 'जल', 'पहाड', 'कुइरो', 'आँधी', 'ढुसी' जस्ता

प्राकृतिक बिम्बको प्रयोग गरेका छन् । त्यसैगरी ‘गल्ली’, ‘कात्रो’, ‘ ‘लास’, ‘महल’ जस्ता प्रतीकहरूको प्रयोग गरेका छन् ।

### ५.४.६ कथनपद्धति

प्रस्तुत कविता संग्रहभित्रका ‘भोलि जन्मिने छोराको बाबु भएर’, ‘एउटी सुकुमारी : आखाँको आयतनभरि’, ‘प्रतिज्ञा बोकेर फर्क’, ‘तीन : लघु कविता’ आदि कविताहरूमा तृतीय पुरुष (कविनिबद्धवक्तृप्रौढोक्ति) उक्तिढाँचाको प्रयोग भएको छ । ‘फुटपाथको कथा’, ‘अब उठ हिमाल भएर’, ‘देश जनता सडक र शहरका भित्ताहरू’, ‘मातेको मान्छेको प्रेमिकासँग वार्तालाप’, ‘कोठाभरिको सन्दर्भमा : छातीभरिको क्रन्दन्’ आदि कविताहरूमा प्रथमपुरुष ( कविप्रौढोक्ति) उक्तिढाँचाको प्रयोग भएको छ ।

### ५.४.७ भाषाशैली

कवि भीम खरेलको **अस्तित्व र मान्छे** सरल एवम् सहज भाषाशैली र मुक्तछन्दमा रचना गरिएका कविताहरूको सङ्ग्रह हो । प्रचलित शब्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरू लयात्मक र प्रभावपूर्ण रहेका छन् । उनले आफ्ना कविताहरूमा वर्णनात्मक, व्याङ्गात्मक, विद्रोहात्मक र प्रश्नात्मक आदि भाषाशैलीको अनुसरण गरेका छन् ।

कवि खरेलले यस सङ्ग्रहका कविताहरूमा तत्सम र आगन्तु शब्दहरूको प्रयोग गर्नुका साथै झर्रा र अनुकरणत्मक शब्दहरूको पनि प्रयोग गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा ‘भगीरथ’, ‘धरा’, ‘नपुंसक’, ‘वीर्य’, ‘क्रन्दन’, ‘अन्जुली’, ‘सूर्य’, ‘करुणा’, ‘अस्तित्व’, ‘जल’ आदि जस्ता तत्सम र ‘पर्दा’, ‘कीट्स’, ‘कोलम्बस’, ‘अफसोस’, ‘रंग साइड’, ‘बुट’ आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यसैगरी ‘घुटुक्क’, ‘मुसुक्क’, ‘ताते’, जस्ता अनुकरणात्मक शब्दहरूको पनि परिवेश अनुकूल प्रयोग गरिएको पाइन्छ । कविताहरूमा पूर्णविराम, सापेक्षविराम, विस्मयादिबोधक चिन्हरूको अत्यधिक प्रयोग भएको पाइन्छ ।

यसरी शब्दहरूमा विविधता हुनका साथै वर्णनात्मक, व्यङ्ग्यात्मक, विद्रोहात्मक र प्रश्नात्मक भाषाशैलीको सुचित प्रयोगले यस सङ्ग्रहका कविताहरू उत्कृष्ट बनेका छन् ।

### ५.४.८ निष्कर्ष

साहित्यकार भीम खरेलको पूर्वार्द्ध चरणको दोस्रो पुस्तकाकार कृति **अस्तित्व र मान्छे** कविता सङ्ग्रह २०३७ सालमा प्रकाशित भएको हो । यस सङ्ग्रहमा २०३४ सालदेखि २०३७ सालसम्म रचना गरिएका जम्मा २७ वटा कविता र मुक्तक सङ्गृहीत छन् । खरेलले यस सङ्ग्रहका कविताहरूमा प्रकृति, देशभक्ति, मायाप्रेम, मानवता आदि जीवनजगत्का विविध विषयलाई समेटेका छन् । उनका यस सङ्ग्रहका कविताहरूमा सामाजिक विकृति,

विसङ्गति, अन्याय, अत्याचार, शोषण आदिलाई यथार्थ रूपमा चित्रण गरिएको छ । गद्यकविताहरूको सङ्ग्रह भए तापनि अनुप्रास र अलङ्कारको स्वभाविक प्रयोगले कविताहरू सुमधुर, लयात्मक र गेयात्मक बनेका छन् । कवितामा विविध विषयलाई समेट्ने क्रममा वर्णविन्यासमा केही कसरमसर देखिए पनि भाषाशैलीको विविधतामय प्रयोगले विषयवस्तु, भाव र शिल्पका बीच सङ्गति कायम भएको छ । स्वच्छन्दतावादी भावलाई प्रगतिवादी स्वरमा उराल्दै मानवतावादी र सामाजिक न्यायका चेतनामा पुऱ्याई समाजिक विकृति-विसङ्गतिप्रति विद्रोही बन्दै शान्तिपूर्ण सह-अस्तित्व र सामाजिक-सांस्कृतिक सुधारको अपेक्षाको भाव पोखिएका कविताहरूको सङ्ग्रह **अस्तित्व र मान्छे** कवि भीम खरेलको उल्लेखनीय उपलब्धि ठहरिन्छ ।

# छैटौँ परिच्छेद
# भीम खरेलको नाटककृतिको अध्ययन

## ६.१ नाटकको सैद्धान्तिक चिनारी

नाटक अभिनयका माध्यमबाट प्रस्तुत गरिने विधा हो । 'नट्' धातुमा 'अक' प्रत्ययको योगबाट बनेको नाटक शब्दले अभिनेताहरूको कार्य भन्ने अर्थ दिन्छ (आचार्य, २०६६ : १) । नाटक श्रव्य र दृश्य गरी दुई भेदमा विभाजित छ । श्रव्य नाटकमा शब्दका माध्यमबाट घटना तथा वातावरणको एक मानसिक बिम्ब उपस्थित गराइन्छ भने दृश्य नाटक अभिनय काव्य भएकाले यसको रसास्वादन गर्न दर्शनेन्द्रियको सहायता लिइन्छ (उपाध्याय,२०५२:१) । त्यसैले नाटकको रचना पठनका निम्तिमात्र नभई प्रदर्शनका निम्ति पनि भएको हुन्छ । साहित्यका अन्य विधाभन्दा प्रदर्शनीय तत्त्वले गर्दा नाटकको आफ्नै पहिचान छ । साहित्यको एक विधाको रूपमा रहेको नाटकमा पनि जीवन र जगत्को अनुकरण गरिएको हुन्छ तर अन्य विधा पठनका निम्ति लेखिन्छ र तिनमा सर्जक र पाठकबीच प्रत्यक्ष सम्बन्ध नहुनसक्छ तर नाटकको प्रयोजन पाठ्यमात्र नभई दृश्य पनि भएको हुँदा यसलाई अभिनेताहरूद्वारा रङ्गमञ्चमा प्रस्तुत गर्नु अनिवार्य हुन्छ (आचार्य, २०६६ : ३) । नाटकमा कार्यको अनुकरण गरी त्यसलाई संवादात्मक शैलीमा प्रस्तुत गरिने भएकाले कथावस्तुलाई व्यवस्थित गर्न नाटकलाई अङ्क र दृश्यमा विभाजन गरिएको हुन्छ । नाटक अभिनयको माध्यमबाट रङ्गमञ्चमा प्रस्तुत गरिने विधा भएकाले यसको साहित्यका क्षेत्रमा छुट्टै पहिचान छ ।

नाटक विधालाई चिनाउने कार्यका पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै अवधारणाहरू प्रस्तुत गरेको पाइन्छ । पूर्वीय तथा पाश्चात्य केही साहित्यचिन्तक तथा समालोचकहरूले विभिन्न समयमा गरेका नाटकसम्बन्धी परिभाषाहरू तल प्रस्तुत गरिन्छ :-

## ६.२ नाटकको परिभाषा

### (क) संस्कृत साहित्यमा नाटकको परिभाषा

नाटकका सम्बन्धमा संस्कृत साहित्यका केही प्रमुख विद्वान्हरूले व्यक्त गरेका परिभाषाहरू यसप्रकार छन् :

आचार्य भरतको नाटकका बारेमा यस्तो धारणा पाइन्छ :

'नाटक प्रख्यात कथावस्तु र उदात्त चरित्रमा आधारित एवम् अङ्कहरूमा विभाजित विभिन्न रस र भावहरूको समन्वित रचना हो' (आचार्य, २०६६ : २) ।

महिम भट्टले नाटकलाई यसरी चिनाएका छन् :

'विभाव, अनुभाव आदिको वर्णन काव्य हो र तिनैको गीतआदि मनोरञ्जनात्मक तत्त्वहरू सहितको रङ्गमञ्चीय प्रयोग नाट्य हो' (उपाध्याय, २०५२ : ३९) ।

विश्वनाथले नाटकलाई यसरी चिनाएका छन् :

'नाटक राम आदिको स्वरूपको आरोप गरिने हुँदा दृश्यकाव्य नै नाटक हो' ( विश्वनाथ,१९१० : ७) ।

धनञ्जयले नाटकका बारेका यसो भनेका छ :

'अवस्था विशेषको अनुकरण नाटक हो' (धनञ्जय,२०१९:४)

## (ख) पश्चिमी साहित्यमा नाटकको परिभाषा

पाश्चात्य विद्वान्हरूले नाटकका सम्बन्धमा दिएका केही प्रमुख परिभाषाहरू यसप्रकार छन् :

अरस्तुतले नाटकलाई यसरी चिनाएका छन् :

'नाटक (दुःखान्त) निश्चित आयाम भएको त्यस्तो स्वतःपूर्ण रचना हो, जुन विभिन्न प्रकारका अलङ्करणहरूले सुशोभित भई सम्भाषणका रूपमा अभिव्यक्त हुन्छ र अभिनयका माध्यमले प्रस्तुत भई त्रास र करुणाद्वारा मनका विकारहरूलाई विरेचन गर्दछ' (आचार्य, २०६६ : २) ।

जोन ड्राइडनले नाटकलाई यसरी परिभाषित गरेका छन् :

'नाटक (दुःखान्त) स्वयम्मा पूर्ण, महान् र सम्भाव्य कार्यव्यापारको यस्तो अनुकरण हो, जसले अभिनयद्वारा मनका त्रास, करुणा आदिभावहरू परिष्करण गर्दछन् (आचार्य, २०६६ : २) ।

एम्. एच्. अब्रहमको नाटकसम्बन्धी धारणा यस्तो छ :

'नाटक रङ्गमञ्चमा प्रस्तुत गर्नका निम्ति तयार पारिएको सुसङ्गठित साहित्य हो । यसमा अभिनेताहरू चरित्रको भूमिका निर्वाह गर्दै अभिनय गर्दछन् र लिखित संवाद वाचन गर्दछन्' (आचार्य, २०६६ : २) ।

निकोलले नाटकलाई यसरी चिनाएका छन् :

'नाटक अभिनयहरूका माध्यमले जीवनसम्बन्धी विचारहरूलाई अभिव्यक्त गर्ने कला हो' (आचार्य, २०६६ : २) ।

**(ग) नेपाली साहित्यमा नाटकको परिभाषा**

नेपालीमा नाटकको परिभाषा दिनेक्रममा विद्वान्हरूले दिएका केही प्रतिनिधि परिभाषाहरू तल प्रस्तुत गरिएको छ :

हृदयचन्द्रसिंह प्रधानले नाटकलाई यसरी परिभाषित गरेका छन् :

'नाटक समाजको त्यो फोटो हो जसलाई हेरेर समाज विचारेर हिँड्ने गर्दछ, फेरि त्यो समाजको नाङ्गो फोटोमात्र होइन, त्यसमा माथि चढाउने आदर्शको यथेष्ट आकर्षण शक्ति पनि हुन्छ' (उपाध्याय, २०५२ : ४०) ।

बालचन्द्र शर्माले नाटकको परिभाषा यसप्रकार गरेका छन् :

'अभिनेताहरूको वेशभूषा रही हावभाव र कथोपकथनद्वारा रङ्गमञ्चमा गर्ने चरित्र, घटना आदिको प्रदर्शन हो' (उपाध्याय, २०५२ : ४०) ।

केशवप्रसाद उपाध्यायले नाटकलाई यसरी चिनाएका छन् :

'वास्तवमा नाटक देश, काल र वातावरणविशेषसित सम्बन्धित नरनारीको जीवनलाई अभिनेता अभिनेत्रीद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरेर देखाइने कला हो' (उपाध्याय, २०५२ : ४०) ।

मोहनराज शर्माको नाटकका बारेमा यस्तो धारणा रहेको छ :

'आख्यानात्मक कथ्यको अनुकार्यप्रधान संवादात्मक रचना नाटक हो' (उपाध्याय, २०५२ : ४०) ।

नेपाली बृहत् शब्दकोशले नाटकलाई यसरी परिभाषित गरेको छ :

'कुनै देश, काल र वातावरणसँग सम्बद्ध नर-नारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमद्वारा प्रदर्शित गरिने उद्देश्यले संवादात्मक साहित्यिक विधा; दृश्य विधा नाटक हो' (त्रिपाठी २०६७ : ६७६) ।

पूर्वीय र पाश्चात्य विद्वान्हरूका नाटकसम्बन्धी परिभाषालाई समन्वय गरेर वास्तविक नाटकको स्वरूप पहिल्याउँदा नाटक सांसारिक गतिविधिहरूको वा संसारको सुख, दुःख आदिको अभिनयका माध्यमबाट रङ्गमञ्चमा अभिनयकर्ताले संवादात्मकशैलीमा प्रदर्शन गर्ने कार्यव्यापार हो भन्ने कुरा स्पष्ट हुन्छ ।

### ६.३ नाटकका तत्त्वहरू

नाटक निर्माणको निम्ति आवश्यक पर्ने कुरालाई नाटकीय तत्त्व भनिन्छ । समय र स्थान अनुसार नाटकका तत्त्वहरूमा परिवर्तन आएको देखिन्छ । संस्कृत साहित्यमा वस्तु, नेता र रसलाई नाटकका प्रमुख तत्त्वका रूपमा निकै महत्त्व दिएको पाइन्छ (त्रिपाठी, २०५० : ५५) । ग्रीकका विद्वान्हरूले कथावस्तु, चरित्र, पदरचना, विचार, गीत र दृश्य यी छ कुरालाई नाटकका तत्त्वका रूपमा उल्लेख गरेका छन् (त्रिपाठी, २०५५ : ६६) । समयको परिवर्तन सँगसँगै नाट्यमान्यतामा परिवर्तन आउन थाल्यो त्यसैले आधुनिक नाट्य विचारकहरूले पुराना मान्यताभन्दा केही भिन्न तत्त्वहरूलाई स्वीकारेका छन् । ती कथावस्तु, चरित्रचित्रण, संवाद, परिवेश, उद्देश्य, द्वन्द्व र भाषाशैली रहेका छन् ।

नाटकका तत्त्वहरूको सामान्य परिचय तल प्रस्तुत गरिएको छ :

**(क) कथावस्तु**

कथावस्तुलाई नाटकको मेरुदण्डका रूपमा लिइन्छ । कथावस्तु नाटकीय संरचनामा आबद्ध कार्यव्यापारको अनुक्रम हो (आचार्य, २०६६ : ४) । यसले नाटकका विभिन्न घटनाहरूको आयोजना मिलाएको हुन्छ । त्यसैले कथावस्तुलाई नाटकको अनिवार्य तत्त्व मानिन्छ । उत्तरवर्ती पाश्चात्य नाटककार र नाट्यविद्वान्हरू चरित्रमा जोड लगाउँछन् भने संस्कृत काव्यशास्त्रले चहिँ रसमा जोड दिन्छ तर अरिष्टोटल कथावस्तुमा जोड दिन्छन् ( त्रिपाठी, २०५० : ५५) । कथावस्तु भन्नाले पात्रद्वारा गरिने कार्य र त्यही कार्यगर्ने क्रममा घट्ने घटना भन्ने बुझिन्छ । नाटककारले इतिहास, पुराण, दन्त्यकथा वा समकालीन समाजबाट आवश्यक सामग्री लिएर नाटकीय कथास्तु वा कथानकको निमार्ण गरेको हुन्छ ( आचार्य, २०६६ : ५) । पूर्वीय नाट्यशास्त्रीहरूले कथावस्तुको किसिममा पाँच कार्यावस्था मानेका छन् भने ती कार्यावस्थालाई पाँच अर्थप्रकृति र पाँच सन्धिसँग जोडेका छन् भने पाश्चात्य नाट्यशास्त्रीहरूले नाटकको कथावस्तुमा कार्यव्यापार र द्वन्द्वको भूमिका अन्योन्याश्रित रहने कुरामा जोड दिएका छन् (आचार्य, २०६६ : ५) । कथावस्तुसम्बन्धी उपर्युक्त नियम शास्त्रीय हो, तर यी सबै शास्त्रीय नियमका सबै अङ्गहरू पूर्ण रूपमा निर्वाह नगरीकन पनि नाटक लेखिने गरेको पाइन्छ ।

**(ख) चरित्रचित्रण**

नाटकको कथावस्तुमा आयोजित कार्य, विचार आदि प्रस्तुत वा प्रतिपादन गर्ने माध्यम वा साधन भाषा हो । नाटकको विषयवस्तु, कार्यव्यापार आदि समस्त कुरा प्रदर्शन गर्न चरित्रको ठूलो महत्त्व रहन्छ ।

पूर्वीय नाट्यशास्त्रीहरूले नायकलाई धीरोदात्त, धीरललित, धीरप्रशान्त र धीरोद्धत गरी चार वर्गमा विभाजन गरेका छन् भने नायिकालाई मुग्धा, मध्या र प्रौढा गरी तीन वर्गमा विभाजित गरेका छन् । यसैगरी पाश्चात्य नाट्यशास्त्री अरस्तुले पनि नाटकमा नायक

उच्चकोटिको हुनुपर्ने, चरित्रमा भद्रता, एकरूपता, औचित्यजस्ता गुण हुनुपर्ने कुरामा जोड दिएका छन् (आचार्य, २०६६ : ७) । कुनै पनि नाटकमा आवश्यकता अनुसार नायक-नायिका, प्रतिनायक-प्रतिनायिका र अन्य पात्रहरूको भूमिका रहन्छ । मोहनराज शर्माले पात्रलाई निम्नानुसार विभाजन गरेको पाइन्छ :-

क) लिङ्गको आधारमा : पुरुष र स्त्री,
ख) कार्यको आधारमा : प्रमुख र सहायक,
ग) प्रवृत्तिको आधारमा : अनुकूल र प्रतिकूल,
घ) स्वभावको आधारमा : गतिशील र गतिहीन,
ङ) जीवन चेतनाको आधारमा : व्यक्तिगत र वर्णगत,
च) आसन्नताको आधारमा : मञ्चीय र नेपथ्य,
छ) आबद्धताको आधारमा : बद्ध र मुक्त (शर्मा, २०४८ : ७२) ।

नाटक अभिनय विधा भएकाले साहित्यका अन्य विधाका सापेक्षतामा चरित्रको बढी महत्त्व रहेको छ ।

**(ग) संवाद**

संवाद भनेको सामान्यतः दुई पात्रहरूका बीचको कुराकानी हो । यो साहित्यका अन्य विधाबाट नाटकलाई छुट्ट्याउने प्रमुख तत्त्व हो । नाटक पूर्णतया संवाद शैलीमा नै लेखिने हुनाले यसमा यो अनिवार्य छ (उपाध्याय, २०३० : ९५) । नाटककार जे भन्न चाहन्छ, त्यो कुरा पात्रहरूको संवादबाट मात्र पाउँछ (आचार्य, २०६६ : ९) । नाटककारका लागि संवाद कथावस्तु रचना गर्ने आधार, चरित्रचित्रण र विचार प्रस्तुति गर्ने माध्यम हो । नाटकीय कथावस्तुलाई निश्चित उद्देश्यसम्म पुऱ्याउने काम पात्रले नै गर्दछन्, जहाँ पात्रहरूबीच कुनै रूपमा वार्तालापको आवश्यक्ता पर्दछ । संवाद स्वभाविक र उपयुक्त भएमा त्यो विश्वसनीय हुन्छ र यसैका माध्यमबाट पात्रको स्तर, शिक्षा, प्रवृत्ति, संस्कृति एवम् संस्कारको परिचय पाउन सकिन्छ । त्यसैले नाटकीय कार्यव्यापारलाई अगाडि बढाउन संवादको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**(घ) परिवेश**

परिवेश भनेको देश, काल र परिस्थिति अर्थात वातावरण हो । परिवेशविधान भनेको कथावस्तुको घटना एवम् पात्रसँग सम्बन्धित देश, काल र परिस्थितिको चित्रण हो । नाटकमा कथावस्तुको उपस्थिति हुने भएकाले यसलाई जीवन्त बनाउन परिवेश आवश्यक हुन्छ । नाटकमा युगीन जीवनको चित्रण संक्षिप्त र सारगर्भित रूपमा गरिएको हुन्छ । युगीन जीवनको चित्रण नगर्दा नाटक अकालिक र असफल बन्न पुग्दछ । देशकाल वातावरणले नाटकमा विश्वसनीयता र प्रमाणिकता प्रदान गर्ने भएकाले परिवेश नाटकको अनिवार्य तत्त्व हो (उपाध्याय, २०३० : ९३) ।

**(ङ) उद्देश्य**

कुनै कृति रचना गर्ने प्रयोजनलाई नै उद्देश्य भनिन्छ । उद्देश्य पूर्तिका लागि कुनै पनि साहित्य कृतिमा लेखकले निश्चित जीवनदर्शन प्रस्तुत गरेको हुन्छ । यसलाई विचार तत्त्व पनि भनिन्छ । संस्कृत नाटकमा रस प्रतिपादन नै मुख्य उद्देश्य रहेको छ । नाटकमा रसाभिव्यक्ति हुनुपर्छ भन्ने कुरामा पाश्चात्य विद्वान्हरूको पनि सहमति छ । त्यसैले यसलाई नाटकको प्राणतत्त्वका रूपमा लिइएको छ । नाटकको आस्वादनले धर्म, अर्थ, यश, आयु, हित र बुद्धिको विकास हुन्छ  भन्ने नाट्याचार्य भरतमुनिको भनाई छ (थापा, २०५० : ९७) । त्यसैले नाटकको महत्त्वपूर्ण तत्त्व उद्देश्य पनि हो ।

**(च) द्वन्द्व**

नाटकीय चरित्रहरूका बीच आ-आफ्ना उद्देश्य वा लक्ष्य प्राप्तिका लागि हुने सङ्घर्षलाई द्वन्द्व भनिन्छ । द्वन्द्वको आरम्भका साथ नाटक आरम्भ र यसको समाप्तिका साथ नाटकको पनि समाप्ति हुने हुनलले द्वन्द्वलाई नाटकको प्राण तत्व मानिन्छ  (उपाध्याय , २०३० : ९३) । नाटकमा द्वन्द्व बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । पात्र-पात्रका बीचमा हुने वाद-विवाद र हिंसात्मक कार्य बाह्य द्वन्द्व हो भने एउटै पात्रका मनभित्र हुने द्वन्द्व आन्तरिक द्वन्द्व हो (उपाध्याय , २०३० : ९३) । नाटक दुखान्त र सुखान्त हुनमा पनि द्वन्द्वको प्रमुख भूमिका रहन्छ । त्यसैले नाटकमा कतै सिद्धान्त स्थापनाका लागि, कतै उपदेशका लागि त कतै नाटकीय प्रभावलाई तिर्खानका लागि द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । एक प्रकारले भन्ने हो भने द्वन्द्व नै नाटकीय कथावस्तुको आधारशिला हो ।

**(छ) भाषाशैली**

नाटकका तत्त्वहरू मध्ये भाषाशैली पनि महत्त्वपूर्ण तत्त्व हो । भाषा र शैली दुईवटा शब्दहरू मिलेर भाषाशैली बनेको छ । भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो (आचार्य, २०६६ : ११) भने शैली नाट्यरचनाको पद्धति हो (उपाध्याय, २०३० : ९६) । शैलीको सम्बन्ध लेखकको लेखनकलासँग हुन्छ । शैली कथानक, पात्र र वातावरण जस्तो मूर्त नहुने भएकाले  र यसको प्रत्यक्षसम्बन्ध भाषासँग हुने भएकाले यसलाई भाषाशैली भन्नु बढी उपयुक्त   हुन्छ । नाटकमा भाव र विचार सम्वादका माध्यमबाट व्यक्त हुनेहुँदा सम्वादको विधानमा भाषिक स्वरूपको विचार गरिन्छ (उपाध्याय, २०३० : ९७) । संस्कृत नाटकमा उच्चवर्गका पात्रहरू संस्कृत भाषाको प्रयोग गर्दछन् र निम्न वर्गका पात्रहरू र नारीपात्रहरू प्राकृत भाषाको प्रयोग गर्दछन् । आधुनिक नाटकमा भाषाको यस्तो दोहोरो प्रयोग देखिँदैन तर पात्रहरूको सामाजिक-सांस्कृतिक स्तरलाई अभिव्यञ्जित गर्ने भाषिक प्रयोग भने आधुनिक नाटकमा पनि पाउन सकिन्छ (आचार्य, २०६६ : ११) । नाटकलाई प्रभावशाली, आकर्षक र सुन्दर बनाउन विचारको गम्भीरता, भावको रोचकता, अर्थको स्पष्टता हुने खालको भाषाशैलीको प्रयोग आवश्यक हुन्छ ।

## ६.४ 'अभिलाषा र सफलता' नाटकको विश्लेषण

**अभिलाषा र सफलता** वि.सं. २०३२ मा प्रकाशित नाट्य कृति हो । दुई अङ्क र छ दृश्यमा विभाजित यो नाटक ४० पृष्ठमा फैलिएको छ । यस नाटकलाई  तत्त्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ६.४.१ कथावस्तु

घण्टाघरको घण्टीले बेलुकाको पाँच बजेको सङ्केत गरेपछि मदनको घरमा प्रवेशसँगै नाटकको कथावस्तु प्रारम्भ हुन्छ । मदन सिनेमा हेर्नलाई आमा प्रभासँग पैसा माग्छ, त्यसै क्रममा आमा र छोरो बीचमा सिनेमाको राम्रो-नराम्रो पक्षका बारे बहस चल्छ । मदनको विभिन्न कुरा गरेर पैसा उम्काउने असफल प्रयास भएपछि ऊ बिनापैसा घरबाट निस्कन्छ तर प्रभाले बोलाएर पैसा दिएपछि सिनेमा हेर्न जान्छ । सिनेमा हेरेर घर आएपछि मदनका बुबा कृष्णबहादुरले सिनेमाको बारेमा प्रश्नगर्दा नायकले नायिकामाथि गरेको कामुक कार्यलाई उत्साहित हुँदै सुनाउँछ । छोराको यस्तो चाला देखेपछि कृष्णबहादुर झोकिन्छन् । छोरो राम्रो बाटोतिर लाग्छ कि भन्ने आशामा कृष्णबहादुर र प्रभाले छोराको विवाह गरिदिने निणर्यसँगै नाटकको पहिलो अङ्कको कथावस्तु समाप्त हुन्छ ।

नाटकमा मदन र प्रमिलाको विवाहसँगै दोस्रो अङ्कको प्रारम्भ हुन्छ । प्रमिला मदनकी सहपाठी हो । मदन विवाह गरेको दुई महिना पछि प्रमिलासँग असन्तुष्ट भई घर छोडेर हिँड्छ । यसै समयमा प्रमिलाले छोरोलाई जन्म दिन्छे । कृष्णबहादुरले नातीको पास्नी गरी गाउँलेहरूलाई भोज खुवाउँछन् । प्रमिला भने पति वियोगमा जीवनप्रति नै वाक्क भएको अनुभव गर्छे । त्यसै बीचमा कृष्णबहादुरको मृत्यु हुन्छ भने छोरो र पतिको पीडाले प्रभा ओछ्यानमा थला पर्छिन् साथै घरको स्थिति दयनीय हुँदै जान्छ । आमाको उपचार गर्न प्रमिलाले डाक्टरलाई घरमा बोलाएर ल्याउँछिन् । डाक्टरले मुमाको मुटु वेदनाले छियाछिया भएको भन्छन् । उता मदन भने रक्सीपसले कान्छीको पसलमा रक्सी खाँदैं कान्छीलाई विस्तारै आफ्नो पासोमा पार्न तिर लाग्छ तर कान्छीले मदनको त्यस्तो आग्रह अस्वीकार गर्छे । मदन भने फकाएर नभएपछि जबरजस्ती गर्छ । कान्छीको चित्कारले वरिपरिका मानिस भेला भएर उसलाई करणी गरेको मुद्दामा जेल हाल्छन् । उता प्रभाको बिमार ठीक भएको हुँदैन् । मदनको खबर सुनाउन किरण उसको घरमा पुग्छ । मदनको घरको बेहाल देखेपछि ऊ केही नभनी हिँड्न खोज्छ । तर प्रमिलाले अनुनय-विनय गरेपछि मदन करणी मुद्दामा जेल परेको कुरा भन्छ । मदनको  घरमा रुवावासी हुन्छ । किरणले प्रभालाई सम्झाए पछि प्रमिला छोरोलाई काखमा लिएर बुबा आमाको अभिलाषा पूरा गर्ने संङ्कल्प गर्छे र नाटकको कथावस्तु टुङ्गिन्छ ।

## ६.४.२ चरित्र

कथावस्तुलाई अगाडि बढाउने कार्यमा पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । नाटक अभिनयका माध्यमबाट प्रस्तुत गरिने विधा भएकाले यसमा चरित्रको प्रधानता रहेको हुन्छ । प्रस्तुत नाटकका पात्रहरूलाई निम्नानुसार राखेर चर्चा गरिएको छ :

### ६.४.२.१ मदन

प्रस्तुत नाटकको प्रमुख पात्र मदन मध्यमवर्गीय, शिक्षित तर सामाजिक मर्यादा विपरीत कार्य गर्ने चरित्रका रूपमा देखापरेको छ । सम्पूर्ण नाटकको कथावस्तु मदनको वरिपरि घुमेको र उसैको क्रियाकलापले गर्दा नाटकले गति लिएकाले मदन यस नाटकको केन्द्रीय पात्र हो । मदन शिक्षित तर कामुक प्रवृत्तिभएको पात्रका रूपमा नाटकमा आएको छ । मदनले आफ्नै सहपाठी मित्र प्रमिलासँग विवाह गरे पनि दुई महिनापछि घर र श्रीमती समेतलाई त्यागरेर हिँडेको छ । मदन पढ्न छाडेर सिनेमा हेर्न जाने, घरपरिवार र सम्पूर्ण समाजप्रतिको जिम्मेवारीलाई बेवास्ता गरेर हिँड्ने स्वच्छन्द प्रवृत्ति भएको पात्र हो । पढाइमा प्रथम हुँदै आएको तर विस्तारै पढाइ छाडेर सिनेमा र तरुनीको पछि लाग्ने गतिशील चरित्र हो । मदनका यी भनाइबाट पनि उसको चरित्र स्पष्ट भएको छ :

> 'होइन आमा म सिनेमा नै हेर्दिन भनी कहिल्यै प्रतिज्ञा भने गर्न सक्तिन् ।
> बरु अरु दिन नहेरूँला आज भने कसै गरी पनि '। (पृ. ४)

अझ मदनका यी भनाइबाट उसको चरित्रका बारे स्पष्ट हुन्छ :

'केही छैन प्रमिला ! दुःख नमान । परीक्षा केही पनि होइन । हामी छौ कि परीक्षा छ '(पृ. ११) ।

> 'सिनेमा हिरो र हिरोइन त हुन् नी
> हिरोले हिरोनीसँग के के गऱ्यो कसरी भन्ने '। (पृ. १४)

मानसिक रूपमा विकृत बनेको मदनमा मानवताको कुनै अंश भेटिँदैन । ऊ घर र समाजप्रति उत्तरदायी बन्न सकेको छैन । समाजिक नियमहरू उसका लागि फगतका कुरा बनेका छन् । मदनले कामुक प्रवृत्तिलाई यसरी व्यक्त गरेको छ :

> 'केही आपत्ति छैन् कान्छी तिमीले सिन्दूर पनि त पैरेकी छैनौँ । तिमी अर्काकी भईसकेकी पनि छैनौँ । अझै त तिमी साझा छौँ ।' (पृ. ३०)

> 'के को सरम कान्छी ? तिमी  छौँ, म छु । अरु यहाँ को छ ?' (पृ. ३०)

मदनका यी भनाइले पनि उसको मानसिक विकारलाई स्पष्ट गरेका छन् ।

मानसिक रूपमा विकृत बनेको मदनमा मानवताको कुनै अंश भेटिदैन । बुबा आमाको अभिलाषा र श्रीमतीको चाहनालाई लत्याएर वासनाजन्य विकृतिको शिकार भएका

धेरै नेपाली युवाहरूको प्रतिनिधित्व गर्ने मदन यस नाटकको वर्गीय पात्र हो । विवाह गरेको दुई महिना पछि घर र श्रीमतीलाई त्यागेर हिड्ने, केटीहरूलाई इच्छापूर्ति गर्ने साधन मान्ने प्रवृत्तिका करण मदन यस नाटकको प्रतिकूल चरित्र हो । रक्सीपसले कान्छीलाई जबरजस्ती गर्ने मदन असत् पात्र हो । नाटकको आरम्भदेखि अन्त्यसम्म कार्यव्यापार गर्ने मञ्चीय र बद्ध पात्र हो । सानामा अध्ययनशील मदन उमेर बढ्दै जाँदा अनैतिक कार्यमा संलग्न हुने गतिशील चरित्र हो । यस नाटकको प्रमुखपात्र मदन प्रतिकूल चरित्रको नायक हो ।

### ६.४.२.२ प्रमिला

प्रस्तुत नाटककी प्रमुख स्त्रीपात्र एवम् नायिका प्रमिला हो । ऊ पहिले मदनकी सहपाठी र पछि श्रीमती बनेकी छ । प्रमिला यस नाटककी आदर्शवादी पात्र हो । गाउँबाट अध्ययनका लागि सहर आएकी र त्यही विवाह बन्धनमा बाँधिएकी प्रमिला शिक्षित पात्र हो । स्त्रीमा हुने माया, प्रेम प्रमिलामा पाइन्छ । प्रमिला सामाजिक मर्यादामा बस्ने नारी पात्र हो । उसमा देशका लागि केही गर्ने उत्साह नाटकमा यसरी आएको छ :

'नेपाल आमाको ऋण चुकाउँनका लागि म कम्मर कस्ने छु' । (पृ. १०)

मदनले त्यागेर हिँडेपछि प्रमिलाले रमेशलाई जन्म दिएकी छ र उसले मदनले गर्नुपर्ने सबै काम गरेकी छ । प्रमिलाको उत्साह हावामा मिलाउने परिस्थितिको निर्माण मदनले गरेको छ । नारी पुरुषकै दास भएर बाँच्नु पर्ने स्थितिमा जकडिएकी प्रमिला लोग्नेले त्यागेर हिँडेपछि पनि उसैको सम्झना बोकेर बस्न विवश पात्र हो । नाटकमा प्रमिला भन्छे: :

'आज  तीन-तीन वर्ष भईसक्यो, त्यही चरीको प्रतिक्षामा बसेकी । कति साँझ कुरियो । कति दोबाटो कुरियो । तर खोई ?' (पृ. ३६)

'मेरो सिउँदाको सिन्दूरले साँझ-बिहान घामको झुल्काभन्दा पहिले र पछिसम्म दोबाटो नियाल्न र ढुक्न पुग्छ ।' (पृ. ३९)

प्रमिलाले नाटकको अन्त्यमा नेपाली समाजमा महिलाले भोग्नु परेको समस्यालाई समाधान गर्ने कर्मठ सन्तानहरूप्रति  लक्षित गर्दै भनेकी छ:

'तपाईं धैर्य गर्नुहोस । तपाईंका आकाँक्षा तपाईंका अभिलाषाहरू तपाईंको दूध पिएका बाँकी सन्तानले पूरागर्ने छन् ।' (पृ.४०)

प्रमिला यस नाटककी शिक्षित पात्र हो । समाजमा पतिद्वारा त्याग गरिएका नारीहरूको प्रतिनिधित्व गर्ने प्रमिला वर्गीय पाात्र हो । प्रमिला राष्ट्र र समाजको भलो चिताउने अनुकूल पात्र हो । आफ्नो विचारमा अटल रहने प्रमिला स्थिर पात्र हो । प्रमिला नाटककी बद्ध र मञ्चीय पत्र हो ।

### ६.४.२.३ कान्छी

प्रस्तुत नाटककी सहायक पात्र कान्छी हो । आर्थिक अवस्था कमजोर भएका कारण आफ्नै घरमा रक्सी पसल चलाउन बाध्य बनेकी कान्छी निम्नवर्गको प्रतिनिधित्व गर्ने पात्र हो । कान्छी नाटकमा समाजका नराम्रो विचार बोकेका मानिसको शिकार भएकी छ । रक्सी पसलमा बस्ने सबै नारी यौनवृत्तिमा लागेका हुँदैनन् तर समाजमा रहेका कुतत्त्वहरूले उनीहरूको अस्मिता जबरजस्ती लुट्छन् । यही विवशता भोग्न कान्छी बाध्य बनेकी छ । मदनले कान्छीलाई बलात्कार गरेर उसको जीवन बर्बाद पारेको छ भने कान्छीले पनि आफ्नो अस्तित्व लुट्ने मदनलाई जेलसम्म पुऱ्याएर साहस देखाएकी छ । कान्छीको उपस्थितिमा नाटकले गति लिएकाले ऊ यस नाटककी सहायक पात्र हो । आफ्नो विचारमा अडिक रहने कान्छी स्थिर पात्र हो । नराम्रो मान्छेलाई दण्ड दिनुपर्छ भन्ने कान्छी अनुकूल र वर्गीय पात्र हो ।

### ६.४.२.४ कृष्णबहादुर

प्रस्तुत नाटकको सहायक पुरुष पात्र कृष्णबहादुर हो । ऊ मदनको बाबु र प्रभाको श्रीमान् हो । कष्णबहादुर आफू अशिक्षित भए पनि छोरोलाई उच्च शिक्षासम्म पढाउने चेतनशील पात्रका रूपमा नाटकमा आएको छ । कृष्णबहादुर मदन र अन्य युवाहरूलाई राम्रो मार्गदर्शन दिने सत्पात्रका रूपमा नाटकमा देखापरेको छ । नाटकमा कृष्णबहादुरले देश र समाजलाई परिवर्तन आवश्यक छ र त्यसका लागि सबै एकजुट हुनुपर्ने विचार राखेको छ । नारी र पुरुष दुवै बराबर हुन्, सबैले देशका लागि केही गर्नु पर्छ भन्ने मान्यता राख्ने कृष्णबहादुर मानवतावादी, राष्ट्रवादी पात्र हो । उसका यी भनाइबाट चरित्र स्पष्ट हुन्छः

'हजारौँ हजार नारीहरूको उत्थानको लागि तिमीजस्ता कर्मठ युवतीको बाहुलीबाट केही होलाकी भनी आशा गरिरहेकी छिन् आमा ।'(पृ. ९)

कृष्णबहादुर शिक्षा दिएर चेतना दिने काममा मात्र होइन समाजबाट अन्याय अत्याचार निर्मूल पार्नु पर्छ र राम्रा प्रवृत्तिको विकास गर्नु पर्छ भन्ने मान्यता राख्ने पात्र हो । ऊ नाटकमा स्वाभिमानी, चेतनशील, जागरुक, समझदार एवम् व्यावहारिक पात्रका रूपमा आएको बद्ध र मञ्चीय पात्र हो ।

### ६.४.२.५ किरण

किरण यस नाटकको सहायक पुरुष पात्र हो । किरण  मदन र प्रमिलाको सहपाठी मित्र हो । ऊ नाटकमा लगनशील, बौद्धिक र राष्ट्रवादी पात्रको रूपमा आएको छ । किरण मदनको ठीक विपरीत प्रवृत्ति भएको पात्र भएकाले पनि दुईको विचार मिलेको छैन् । किरणले समाजमा भएका राम्रा युवाहरूको प्रतिनिधित्व गरेको छ । नाटकको प्रारम्भदेखि नै किरणमा सहयोगी र सकारात्मक विचार पाइन्छ । किरण नाटकमा साहित्यकारका रूपमा आएको छ ।  उसले देशमा ठूलाबडाको सानाप्रति गर्ने व्यवहार र ठूला साहित्यकारले भर्खर लेखनतर्फ लागेका साहित्यकारलाई गर्ने व्यवहारको विरोध गर्दै भनेको छ :

'अघाएका मान्छेको साहित्यको यहाँ प्रशंसा गरिन्छ । भोका मान्छेको साहित्य साहित्य नै गनिदैन ।'(पृ. २८)

किरण समाजमा भएका अन्याय, अत्याचारमा पिल्सिएका व्यक्तिलाई सहयोग र सान्त्वना दिने, सबैको भलो चिताउने अनुकूल पात्र हो । ऊ नाटकमा आएको बद्ध र मञ्चीय पात्र हो ।

### ६.४.२.६. प्रमानन्द

प्रमानन्द गाउँमा पण्डित काम गर्ने यस नाटकको गौण पात्र हो । भाग्यमा विश्वास गर्ने प्रमानन्द छोराछोरीलाई पढाउनु हुँदैन पढेकाले संस्कृतिको बेवास्ता गर्छन् भन्ने विचार राख्ने पात्र हो । ऊ समाजको भलो चिताउने र समस्यामा परेकालाई सान्त्वना दिने सहयोगी पात्र हो ।

### ६.४.२.७ मुना

मुना यस नाटककी गौण पात्र हो । ऊ मदनकी बहिनी, कृष्णबहादुर र प्रभाकी छोरी हो । ऊ फूलको हेरचाहर गर्न मनपराउने १२/१३ वर्षकी नाटकमा सामान्य भूमिका भएकी पात्र हो ।

### ६.४.२.८. चंखे

कृष्णबहादुरको घरमा नोकरका रूपमा कामगर्ने १५/१६ वर्षको चंखे यस नाटकको गौण पात्र हो । ऊ गाईवस्तुलाई घाँस, खोले दिने र मालिकले भनेको काम गर्ने पुरुष पात्र हो । चंखे यस नाटकको मुक्त पात्र हो ।

### ६.४.२.९.अमृत

अमृत प्रभाको उपचार गर्ने डाक्टरी पेशामा लागेको यस नाटकको गौण पात्र हो । मृत्यु नियतिको खेल हो । डाक्टरले प्रयासमात्र गर्ने हो भन्ने विचार राख्ने ऊ नाटकमा सहयोगी पात्रका रूपमा देखापरेको छ ।

### ६.४.२.१०. रमेश

मदन र प्रमिलाको छोरो रमेश यस नाटकको गौण पात्र हो । ऊ डेढ वर्षको छ । नाटकमा रमेशको कुनै भूमिका नरहेकाले ऊ नाटकको मुक्त पात्र हो ।

### ६.४.२.११. एकजना र अर्कोजना

यस नाटकमा एक जना र अर्को जना नामका पात्र नेपथ्य पात्रका रूपमा आएका छन् । नाटकमा यिनीहरूको भूमिका गौण रहेकाले यी मुक्त पात्र हुन् ।

### ६.४.३ संवाद

प्रस्तुत नाटकको संवाद सहज र स्वभाविक गद्यभाषामा रहेको छ । यस नाटकमा प्रत्येक पात्रको संवाद नाटकीय कार्यव्यपारसँग सम्बधित छ । नाटकमा कथ्य नेपाली भाषाको राम्रो प्रयोग भएको छ । यहाँ रहेका केही प्रासङ्गिक कथ्य भाषाका नमुनाहरू यसप्रकारका छन :

'हन म त को गुनगुन गरी बोल्छ भनेको त छोरी पो आएकी रहिछन् ।'

'केही छैन छोरी आज जेजति भएपनि यही बस्नु पर्छ ।'(पृ. ९)

माथि आएका संवादहरूले सर्वसाधारण नेपालीले बोल्ने नेपाली सामान्य भाषाको प्रयोग नाटकमा भएको स्पष्ट हुन्छ ।

संवादका माध्यमबाट नाटकमा व्यङ्ग्यको प्रयोग पनि भएको छ । मदन र प्रभाको संवादमा यस्तो व्यङ्ग्य पाइन्छ :

'हो मदन सिनेमाले मान्छेलाई बेकारी बनाउँदैन होला तर काम नपाएको कुकुर झैँ मूल सडकको तल्लो छेउ र माथ्लो छेउ हल्लिन मात्र विवश गराउँछ ।' (पृ. २)

संवादको प्रयोगको आधारका हेर्दा नाटकमा कृष्णबहादुर, प्रभा, मदन, प्रमिला, प्रमानन्द, अमृत, रक्सीपसले कान्छी, किरण र अन्य पात्रबीच भएको पाइन्छ । यस नाटकमा पात्रको तह र स्तर सुहाउँदो संवादको प्रयोग भएको छ । संवादका माध्यमबाट कथानकलाई भन्दा चरित्रलाई नाटकले महत्त्व दिएको छ ।

### ६.४.४ परिवेश

प्रस्तुत नाटकमा स्पष्ट रूपमा स्थानको बारेमा नखोलिए पनि घण्टाघरको स्पष्ट आवाज सुनिने, ठूला-ठूला घरहरू, सिनेमाहल ५ मिनेटमा नै पुगिने अवस्थालाई हेर्दा काठमाडौँ सहर नै हो भन्ने अवस्था भने नाटकमा रहेको छ । समयका आधारमा हेर्दा नाटकमा २०३२ साल अगाडिको नेपाली समाजको शासनव्यवस्था र त्यसका विरूद्धमा जनतामा आएको चेतना प्रमुख रूपमा आएको छ । वातावरणका रूपमा तत्कालीन राजनीतिक अवस्थाका साथै युवायुवतीहरूमा पश्चिमी सिनेमाले पारेको मनोवैज्ञानिक प्रभाव र त्यसबाट एउटा घर, समाज अनि राष्ट्रमा कस्तो प्रभाव पर्छ, भन्ने कुरालाई नाटकले यथार्थ रूपमा देखाएको छ ।

### ६.४.५ द्वन्द्व

प्रस्तुत नाटकमा बाह्य र आन्तरिक द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको छ । नाटकको मुख्यपात्र मदनको द्वन्द्व नाटकको प्रारम्भदेखि अन्त्यसम्म रहेको छ । नाटकमा बाह्य द्वन्द्व मदन र समाज, मदन र उसको परिवार, मदन र रक्सीपसले कान्छीका बीचमा भएको छ । मदनले घर छाडेर हिँडेपछि मदनका बाबु कृष्णबहादुर, आमा प्रभा र श्रीमती प्रमिलाका मनमा आन्तरिकद्वन्द्व चलेको छ । नाटकको अन्त्यमा मदनले कान्छीलाई बलात्कार गरेपछि समाज र मदनकाबीच भएको प्रमुख बाह्यद्वन्द्व हो । मदनलाई करणी मुद्दामा जेल हाल्नु द्वन्द्वको चरम अवस्था हो । नाटकमा पुरानोपुस्ता र नयाँपुस्ता, शासक र शासित , नेपाली र पाश्चात्य संस्कृति र सज्जन र खराबका बीचमा द्वन्द्व रहेको छ ।

### ६.४.६ उद्देश्य

प्रस्तुत नाटकले प्रेमबिना गरिने विवाहलाई वासनाजन्य दृष्टिकोणबाट हेरेको छ । घरका श्रीमती हुँदाहुँदै अल्लारे केटाहरू केटीहरूलाई प्रेमजालोमा फसाएर मजा लिनखोज्ने समाजिक कुप्रवृत्ति हो, त्यस्ता प्रवृत्तिलाई टाढैबाट बिदाई दिनुपर्छ भन्ने सन्देश दिनु यस नाटकको एउटा उद्देश्य हो भने विवाह गरेर मात्र होइन श्रीमतीलाई आत्मिक प्रेम दिएर दायित्वपूर्ण जिम्मेवारी निर्वाह गर्न सक्नुमा मात्र विवाहित प्रेम सार्थक हुने कुरालाई यस नाटकले मदनका माध्यमबाट देखाउनु यस नाटकको अर्को उद्देश्य हो ।

### ६.४.७ भाषाशैली

प्रस्तुत नाटकको भाषाशैली  सरल किसिमको बोलचालको भाषा प्रयोगलाई सहज, स्वभाविक, मार्मिक, संवेद्य रूपमा प्रस्तुत गरिएको छ । विशुद्ध गद्यभाषाको प्रयोग गर्ने क्रममा  मदनको भाषा प्रयोग स्तरीय छ भने किरणको भाषा तार्किक छ । प्रभाको भाषामा मनको प्रेमभाव प्रकट भएको छ भने प्रमिलाको भाषा संवेद्य र मार्मिक बन्नपुगेको छ । त्यसैगरी नाटकमा आएका 'काम नपाएको कुकुर झैं', 'ठूलोनिधार भएको धेरै भाग्यमानी हुन्छ', 'चिचिलोको हालत', 'मुटु छियाछिया भयो', जस्ता नेपाली उखान टुक्काहरूले नाटकमा सरसता थपेका छन् । 'एकपटक फूलबाट उडेको भमरो', 'आँसुका घुटका', 'वियोगी चरी', 'वेदनाका छाल', जस्ता काव्यात्मक भाषाको प्रयोगले नाटकको भाषाशैलीलाई गहन बनाएका छन् । नाटकमा 'टङ्-टङ्', 'खासखास-खुसखुस', 'कुहुँकुहुँ', 'टहटह' जस्ता अनुकरणात्मक शब्द र 'क्यालेण्डर', 'सेन्सर', 'बुट' आदि जस्ता आगन्तुक शब्दको प्रयोग भए तापनि तत्सम र झर्रा नेपाली शब्दको बाहुल्यता पाइन्छ । नाटकमा र, रे, त जस्ता निपातको प्रयोग भएको पाइन्छ । यस्ता विविध शब्दहरूको प्रयोगले नाटकको भाषाशैली मधुर भएको छ । नाटकको भाषामा कतैकतै तार्किकता र बौद्धिकता देखिए पनि सरलता नै यसको भाषिक विशेषता हो । वर्णनात्मक शैलीको प्रयोग भएको यस नाटकले पूर्वीय नाट्यमान्यता भन्दा पाश्चात्य नाट्यशैलीलाई अँगाल्न पुगेको छ ।

## ६.४.८ निष्कर्ष

प्रस्तुत नाटक भीम खरेलको पूर्वार्द्ध चरणको पहिलो पुस्तकाकार कृति हो । वि. सं. २०३२ मा प्रकाशित दुई अङ्क र छ दृश्यमा विभाजित यो नाटक ४० पृष्ठमा फैलिएको छ। नाटकले विदेशी सिनेमाहरूले युवायुवतीमा कामवासनालाई जगाएर उनीहरूको उर्जाशील समय कसरी बेकाममा गइरहेको छ भन्ने तर्फ सङ्केत गरेको छ । जब युवायुवतीहरू सस्ता, छाडा र असामाजिक प्रचारले विकृतिको शिकार बन्दै जान्छन् तब तिनीहरूको राष्ट्रप्रति गर्ने दायित्व कता जान्छ र देशको कस्तो दूर्दशा हुन्छ भन्नेतर्फ नाटक लक्षित छ । नाटकले सिनेमाबाट आउने विकृतिको शिकार भएर रक्सीभट्टी र अश्लीलकार्यमा नलाग्न युवाहरूलाई सचेत गराएको छ । आजपनि हाम्रो समाजमा यस नाटकको नायक मदन जस्ता युवक छैनन् भन्न सकिँदैन । त्यसैले सबै मदनहरूलाई किरण जस्तो राष्ट्रवादी, देशभक्त र प्रमिला जस्ती कर्तव्यपरायण नारी बनाउने उद्देश्य नाटकले लिएको छ । पुरुषप्रधान नेपाली समाजमा पुरुषले नारीलाई भोगको वस्तु ठान्ने अनि यौनको आगो निभाउन दिनरात तल्लीन हुने कर्तव्यविमुख व्यक्तिहरूलाई नाटकले सिस्नु-पानी हानेको छ ।

यथार्थवादी पक्षका आधारमा यो नाटक सफल रहेको छ । समाजभित्र रहेका यथार्थका पाटाहरू यस नाटकमा आएका छन् । हाम्रो समाजमा भएका यथार्थलाई टपक्क टिपेर थपक्क राखेको यस नाटकले समाजलाई विनासको बाटोतर्फ नलाग्न युवाहरुलाई सचेत गराएको छ । बाबु आमाले आफ्ना सन्तानबाट कस्तो अभिलाषा राखेका हुन्छन् ? र यदि त्यो अभिलाषा पूरा सन्तानले गरेनन् भने एउटा परिवार मात्र होइन देश नै अन्धकारको भूमरीमा फस्दछ भन्ने विषयलाई नाटकले देखाएको छ ।

# सातौं परिच्छेद
# भीम खरेलका समालोचनाकृतिहरूको अध्ययन

## ७.१ समालोचनाको सैद्धान्तिक चिनारी

समालोचना शब्दको व्युत्पत्ति अवलोकन अर्थ बहन गर्ने 'लुच्' धातुमा 'णिच्' लागेर 'लोच' बनेपछि यस 'लोच' शब्दमा 'यु' प्रत्यय थपिएर 'अन' आदेश हुँदा लोचन शब्द व्युत्पादन हुन्छ । 'लोचन' शब्दमा समग्रबोधी 'आ' उपसर्ग र स्त्रीत्व बोधी 'आ' प्रत्यय लागेपछि आलोचना शब्द व्याकरण सम्मत तयार हुन्छ । व्युत्पादन प्रक्रियाको अन्त्यमा सम्यक, सन्तुलित र समीचीन अर्थ सम्मिश्रण भएर आउने द्वितीय उपसर्ग 'सम्' पनि थपिएपछि समालोचना शब्द निर्माण हुन्छ (सुवेदी, २०६१ : ८) । यस शब्दको अर्थ हेर्ने साधन वा हेराइको भाव भन्ने हुन्छ । समालोचनाका लागि प्रयुक्त हुने अंग्रेजी शब्द क्रिटिसिजमको पश्चिमेली व्युत्पत्ति 'क्रिटिस' धातुबाट गरिन्छ । क्रिटिसिजममा रहेको 'क्रिटिस' धातुको अर्थ बेग्लाउनु, निर्णय गर्नु, छिद्रन्वेषण गर्नु र मूल्याङ्कन गर्नु हुन्छ । पूर्वीय तथा पश्चिमेली दुवै व्युत्पत्तिबाट समालोचना तथा क्रिटिसिजम शब्दको तात्पर्य कुनै साहित्यिक कृतिको गुण, दोष सन्तुलित दृष्टिले हेर्नु र त्यसको पारख गर्दै मूल्याङ्कन गर्नु हो (शर्मा र लुइटेल, २०६० : ३०७) । समालोचना शब्द कुनै विषयवस्तु वा कुराका राम्रा-नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम, कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना, कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुणदोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षा आदि कोशीय अर्थमा प्रयोग पाइन्छ ।

साहित्यिक कृति र कृतिकारको गुण, दोषको व्याख्या, विवेचना र मूल्याङ्कन गर्ने विशेष विधा नै समालोचना हो । जीवनजगत्को यथार्थरूप साहित्यले उतार्दछ, भने साहित्यका प्रत्येक पाटाको अध्ययन समालोचनाले गर्दछ । कुनै विषयमा सिर्जित सौन्दर्ययुक्त रचना वा कला विशेषको विवेचना, विश्लेषण, मूल्याङ्कन समालोचना हो (सुवेदी, २०६१ : २१) । समालोचना पनि सिर्जनात्मक विधा भएकाले समालोचकका लागि सिर्जनात्मक क्षमता आवश्यक पर्दछ । समालोचनाले सिर्जनात्मक साहित्यको मात्र अध्ययन गर्दैन, यसले समालोचना साहित्यको पनि अध्ययन गर्ने हुनाले वर्तमान युगमा समालोचना साहित्यको उपयोगिता अझ बढी देखिन्छ ।

## ७.२ समालोचनाको परिभाषा

### (क) संस्कृत साहित्यमा समालोचनाको परिभाषा

समालोचनाको परिभाषा स्थान, समय र मान्यताका आधारमा विभिन्न विद्वान्ले विभिन्न किसिमबाट गरेको पाइन्छ । पूर्वीय काव्यशास्त्रमा रसवाद, अलङ्कारवाद, रीतिवाद,

बक्रोक्तिवाद ध्वनिवाद, औचित्यवाद आदि विभिन्न सम्प्रदाय रहेका छन् । तिनले समालोचनाका बारेमा छुट्टै परिभाषा दिएको पाइँदैन, तर प्रत्येक सौन्दर्यशास्त्रीहरूले छुट्टाछुट्टै रूपमा आफ्ना प्रमुख मान्यतालाई आधार मानेर काव्यको परिभाषा गर्ने काम गरेका छन् । जस अनुसार आचार्य भरतबाट यो कार्यको प्रारम्भ भएको छ । उनले साहित्यमा रसचिन्तनको परम्परा आरम्भ गरेका हुन् । यो चिन्तन संस्कृत समालोचनाको आधारभूमि हो । भरतमुनिबाट सुरु भएर अघि बढ्ने क्रममा चौथो शताब्दीका भामह र सातौं शताब्दीका दण्डीले अलङ्कारलाई मूलआधार मानेको पाइन्छ (उपाध्याय, २०५५ : १३) । यसैगरी दसौं शताब्दीका वामनले शैली र अभिव्यक्ति पक्षलाई समीक्षाको मूलआधार मानेका छन् । त्यस्तै विश्वनाथ र जगन्नाथ जस्ता विद्वान्ले पनि भरतको रसपरम्परालाई समीक्षाको आधार मानेका छन् । राजशेखरले समालोचनासम्बन्धी यसरी परिभाषा दिएका छन् :

'समालोचकले ब्रह्माजी नदेखेको, नजानेको पनि देख्न र जान्न सक्दछ र ब्रह्माजीभन्दा पनि सूक्ष्मदर्शी हुन्छ' (सुवेदी, २०५५ : २१) ।

**(ख) पश्चिमी साहित्यमा समालोचनाको परिभाषा**

समालोचनाको व्यस्थित रूपमा परिभाषा दिनेकार्य पश्चिमी विद्वान्हरूले सुरु गरेका हुन् । तिनीहरूका समालोचनासम्बन्धी अनेकौं परिभाषाहरू पाइन्छन् । ती मध्ये प्रमुख विद्वान्का परिभाषा यसप्रकार छन् :-

विलियम हेनरी हड्सनले समालोचनालाई यसरी चिनाएका छन् :

'समालोचना अनि सिर्जना गर्ने कलाकार, एकै संवेदनाको तहमा पुग्न सक्ने हुनुपर्दछ' (सुवेदी, २०६१ : २१) ।

इमर्सनले समालोचनाको परिभाषा यसरी दिएका छन् :

'आलोचकको कार्य शिक्षा दिनु होइन, अपितु स्रष्टालाई प्रेरित या उत्साहित गर्नु हो' (सुवेदी, २०६१ : २१) ।

मैथ्यू आर्नोल्डका विचारमा समालोचनाको परिभाषा यस्तो छ :

'संसारमा आजसम्म जेजति जानियो र विचार गरियो तिनमा सबभन्दा राम्रा कुरालाई ग्रहण गरेर त्यसको प्रचार गर्नु नै समालोचना हो' (सुवेदी, २०६१ : २१) ।

ड्राइडनले समालोचनाको परिभाषा यसरी प्रस्तुत गरेका छन् :

'कुनै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने कसीलाई समालोचना भनिन्छ' (शर्मा र लुइटेल, २०६० : ३०७) ।

कार्लाइलले समालोचनाको परिभाषा यसरी दिएका छन् :

'पुस्तक पढ्दा पर्ने प्रभावलाई समालोचना भनिन्छ' (लुइटेल, २०६० : ३०७) ।

## (ग) नेपाली साहित्यमा समालोचनाको परिभाषा

सालोचनाको परिभाषा दिने क्रममा नेपाली साहित्यका विद्वान्हरूले पनि आ-आफ्ना ढङ्गले परिभाषित गरेका छन् । ती मध्ये प्रमुख केही विद्वान्हरूका परिभाषा यसप्रकार छन् :

रामकृष्ण शर्माले समालोचनासम्बन्धी धारणा यसरी व्यक्त गरेका छन् :

'सुख-दुःख, राम्रो-नराम्रो, मन-पर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणमस्वरूप समालोचनाको जन्म हुन्छ' (सुवेदी, २०६१ : २१) ।

यदुनाथ खनालले समालोचनाको परिभाषा यसरी दिएका छन् :

'पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु उसको मूल, मुख खोज्नु समालोचना हो' (सुवेदी, २०६१ : २१) ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०५८) मा समालोचनाको परिभाषा यसरी दिएका छन् :

'सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी हुन्छ' (प्रधान, २०५८ : १५८) ।

रत्नध्वज जोशीले  समालोचनालाई  यसरी चिनाएका छन् :

'लेखकहरू आलोचकले राम्रा कुरा मात्र लेखिदेओस् भन्ठान्छन्, उनीहरू यो कुराको विचार राख्दैनन्; आलोचक लेखकको कमारो होइन' (सुवेदी, २०६१ : २१) ।

राजेन्द्र सुवेदीले समालोचनालाई **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (२०६१) मा यसरी परिभाषित गरेका छन् :

'सृजित वस्तुको अन्तर्तहमा कलागत सौन्दर्यको गम्भीरतापूर्वक विवेचना गरेर सकारात्मक वा नकारात्मक परिणतिसमेतको उद्घोषण गरिदिनु समालोचना हो' (सुवेदी, २०६१ : ९) ।

उपर्युक्त विद्वान्हरूका परिभाषाहरूको अध्ययन गर्दा समग्रमा समालोचनाको परिभाषा यस्तो हुन्छ : समालोचना भनेको सिर्जनात्मक साहित्यको अध्ययन, आस्वादन र

बोध भइसकेपछि त्यसमा अन्तर्निहित वस्तुगत र कलात्मक सौन्दर्यको निष्पक्ष रूपमा मूल्याङ्कन गर्ने प्रक्रिया हो ।

### ७.३ समालोचनाका प्रकार

पूर्व र पश्चिम दुवैतिर साहित्यका विभिन्न विधासम्बन्धी कृतिहरूको रचना गरिए पछि तिनको व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी आफ्ना दृष्टिकोण प्रस्तुत गर्ने क्रममा समालोचनाको जन्म भएको हो । कुनै पनि कृतिको जन्म भइसकेपछि त्यस कृतिलाई समालोचकीय दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा विविध खालका अवधारणा र मान्यताहरू विकसित हुँदै गई समालोचनाका पनि अनेक विधाहरू देखिन थालेका छन् । अहिले प्रचलित समालोचनाका विभिन्न प्रकारहरू मध्ये प्रमुख प्रकारहरू निम्नलिखित रहेका छन् :

१. प्रभाववादी समालोचना
२ सैद्धान्तिक समालोचना
३. एतिहासिक समालोचना
४. प्रगतिवादी समालोचना
५. प्रयोगात्मक समालोचना
६. निर्णयात्मक समालोचना
७. तुलनात्मक समालोचना
८. वर्णनात्मक समालोचना
९. रूपवादी समालोचना
१०.मनोवैज्ञानिक समालोचना
११. शैलीविज्ञानपरक समालोचना
१२. समकालीन समालोचना (लुइटेल,२०५७:२०८-२०९)

यसरी समालोचनाका विभिन्न प्रकारहरू देखिए तापनि नेपालीमा प्रभाववादी, सैद्धान्तिक, एतिहासिक, प्रगतिवादी, मनोवैज्ञानिक, शैलीवैज्ञानिक, समकालीन, नारीवादी, संरचनावादी समालोचनाका अतिरिक्त केही मात्रामा कृतिपरक, निर्णयात्मक र तुलनात्मक समालोचनाहरू पनि पाइन्छन् ।

भीम खरेलका समालोचना कृतिहरूमा समालोचनाका क्षेत्रमा देखापरेका प्रकारहरू मध्ये प्रभाववादी समालोचना विशेष रहेकाले यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ ।

#### (क) प्रभाववादी समालोचनाको सैद्धान्तिक परिचय

कुनै पनि कृति पढ्दा आफ्ना मनमा परेको प्रभावका आधारमा गरिने समालोचनालाई प्रभाववादी समालोचना भनिन्छ । यसमा वैयक्तिक वा आत्मापरक ढङ्गले रचना वा रचनाकारको प्रशंसा वा विरोध बढी मात्रामा हुन्छ (लुइटेल, २०५७ : २१०) । व्यक्तिको अभिरुचि कृतिको अध्ययनबाट आफूमा परेको प्रभावको केन्द्रीयतामा समालोचना

गरिने हुँदा प्रभाववादी समालोचनालाई व्यक्तिप्रधान वा आत्मप्रधान समालोचना पनि भन्ने गरिन्छ । कृतिबारे व्यक्त उसका विचार शास्त्रीय मापदण्डमा मिल्छन् वा मिल्दैनन् भन्नेतर्फ उसको ध्यान त्यति हुँदैन । कुनै कृति पढ्दा उसलाई जस्तो प्रभाव पर्छ र उसले जस्तो अनुभव गर्छ, त्यसैलाई ऊ इमान्दारीसाथ व्यक्त गर्न मन पराउँछ । यसमा केही हदसम्म तथ्य अन्वेषणको मात्रा पनि रहन्छ र सैद्धान्तिक आधारहरूको चयन पनि केही मात्रामा प्रभावपरक ढङ्गमा गरिएको हुन्छ (सुवेदी, २०६१ : २६८) । त्यसरी नै यसमा साहित्यका रूपगत दृष्टिले रचनाका बाह्य पक्षलाई पनि केलाइन्छ र सारगत दृष्टिले रचनाको आन्तरिक पक्षलाई पनि धेरथोर नियालिन्छ (सुवेदी, २०६१ : २६८) । प्रभाववादी समालोचनामा विचारको मात्रा कम र कल्पना एवम् रागात्मक पक्षको मात्रा बढी हुन्छ । प्रभावपरक आधारमा समालोचना गरिने हुँदा कुनै एउटा कृतिलाई दुई भिन्नाभिन्नै समालोचकले समालोचना गर्दा कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन अलग-अलग रूपमा आउन सक्छ ।

### ७.४ भीम खरेलका समालोचनात्मक कृतिहरूको अध्ययन

भीम खरेलले वि.सं. २०३३ सालमा **सौगात** पत्रिकामा 'नेपाली साहित्यको विकासक्रम' नामक समालोचनात्मक लेख प्रकाशित गरी नेपाली समालोचनाका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । हालसम्म खरेलका **रवीन्द्र शाह व्यक्तित्व र कृति**(२०४९), **शाह वंशका स्रष्टा : कही सिर्जना केही विवेचना** (२०५३) र **जी. शाह व्यक्तित्व र सिर्जना** (२०५६) नामक तीनवटा समालोचना कृतिहरू प्रकाशित भएका छन् । यी कृतिहरूका अतिरिक्त विभिन्न समयमा पत्र-पत्रिकाहरूमा थुप्रै साहित्य र साहित्येतर विषयका फुटकर समालोचनात्मक लेखहरू प्रकाशित गरेका छन् । भीम खरेलका समालोचना कृतिहरूको अध्ययन क्रमश गरिएको छ ।

## ७.४.१ 'रवीन्द्र शाह व्यक्तित्व र कृति' कृतिको विश्लेषण

### १. परिचय

**रवीन्द्र शाह व्यक्तित्व र कृति** प्रतिनिधि प्रकाशनबाट प्रथमपटक २०४९ सालमा प्रकाशित भएको कृति हो । कृतिको आवरणपृष्ठको माथिल्लो भागमा सेतो रङमा कृतिको नाम र तल्लो भागमा लेखकको नाम लेखिएको छ । आकार प्रकारका दृष्टिले डिमाइ देखिने प्रस्तुत कृति २१२ पृष्ठमा संरचित रहेको छ । तीन भागमा विभाजित प्रस्तुत कृतिको पहिलो भागलाई खण्ड एक मानिएको छ । यस खण्डको शीर्षक *रवीन्द्र शाह: व्यक्तित्व र विकास* रहेको छ भने यस खण्डका ३ वटा शीर्षकमा शाहले प्राप्त गरेका प्रेरणा, प्रभाव, सिर्जनाक्रमबारे समीक्षात्मक दृष्टिकोण र गीतहरूको सूची राखिएको छ । यो खण्ड १२०

पृष्ठमा विस्तारित रहेको छ । खण्ड दुईको शीर्षक *रवीन्द्र शाहः कृतित्व विश्लेषण* रहेको छ । यस खण्डका ८ वटा शीर्षकमा शाहका गीतहरूलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यो खण्ड ८० पृष्ठमा विस्तारित छ । खण्ड तीनको शीर्षक *रवीन्द्र शाहः अनेक सृष्टि अनेक दृष्टि* रहेको छ । यस खण्डमा रवीन्द्र शाहका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले व्यक्तगरेका विचारहरू राखिएको छ । यो खण्ड १० पृष्ठमा विस्तारित रहेको छ । यसरी संरचित भएको पुस्तकको मूल्य रु ९० ।- रहेको छ ।

## २. विषयवस्तु

प्रस्तुत कृतिमा रहेको विषयवस्तुलाई खण्डका आधारमा क्रमश अध्ययन गरिएको छ :

### (१) खण्ड एक

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रहेका छन् :

*स्रष्टा रवीन्द्र शाहः प्रेरणा र प्रभाव* शीर्षकअन्तर्गत रवीन्द्र शाहले पूर्ववर्ती साहित्यकारहरूबाट प्राप्त गरेको प्रेरणा र प्रभावलाई अगाडि ल्याइएको छ । बीसको दशकबाट साहित्यलेखनमा अग्रसर शाहका प्रेरणाका स्रोतका रूपमा रहेका पूर्वीय तथा पाश्चात्य सात्यिकारहरू, पारिवारिक माया ममता, प्राकृतिक वातावरण र साहित्यिक माहोलले महत्त्वपूर्ण भूमिका खेलेको कुरालाई चर्चा गरिएको छ ।

*स्रष्टा रवीन्द्र शाहको गीतिरचनाको सिर्जनाक्रम* शीर्षकमा बीसको दशकमा नेपाली गीतिक्षेत्रमा देखापरेका शाहका गीतिकविता यात्रालाई खरेलले पाँच मोडमा विभाजन गरेका छन् । यसरी विभाजन गर्ने क्रममा प्रवृत्तिलाई मुख्यआधार मानिएको छ । शाहका गीतहरूको विभाजन गर्दा पहिलो मोडमा सौन्दर्य र प्रेमभाव, दोस्रो मोडमा राष्ट्रिय भावना, मानवीय संवेदना र राष्ट्रियता  मुख्य रूपमा आएको र  त्यसपछिका तेस्रो, चौथो र पाँचौं मोडहरूमा अस्तित्वबोध, मानवीयप्रेम मुख्य रूपमा आएको कुरा स्पष्ट गरिएको छ ।

*रवीन्द्र शाहका गीतका सूची* शीर्षकअन्तर्गत रवीन्द्र शाहले रचना गरेका र विभिन्न गायक तथा सङ्गीतकारले स्वरबद्ध र सङ्गीतबद्ध गरेका *झरेको फूलता हुँ नि, रानी तलाउ किनारा, छोडि जाउँ भने पनि, एकफेरा हाँसेर बोलिदिए, आएन नींद रातभर, ढल्की ढल्की नहिंड नानी, प्रभातले मलाई हेर्छ आज किन होला, सुन्दर सपना गाँसि रहुँला, प्रेमको अधुरो कहानी, आउँ भने गाँउ टाढा छ, पीरतिको फूल मेरो यसै झर्ने हो कि, बगाइ आँशु झारेर बसें, जब तिमी नै आउन्नौ भने, आँशुको मोल हाँसोले मात्र, क्या राम्रो मौसम जीवनको, औंला भाची गनेकी हौली, सन्ध्यात अब गइ गइन, आँखा तरी नजाउँ नानी, छाँया गयो लम्केर पाखामा, ढल्केको रात हुँ म,बिहानी निरास छ, कुखुरा बास्यो बिहानी हाँस्यो* आदि जस्ता बोलका ९० वटा गीतहरू कालक्रमिक रूपमा राखिएको छ । उक्त शीर्षक ८९ पृष्ठमा विस्तारित रहेको छ ।

(२) **खण्ड दुई**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रहेका छन् :-

*रवीन्द्र शाहः गीत संरचना आग्रह* शीर्षकमा खरेलले रवीन्द्र शाहले रचना गरेका गीतहरूलाई सैद्धान्तिक आधारमा विश्लेषण गरेका छन् । समसामयिक विविध सन्दर्भ र विषयबाट प्रभावित हुँदै रचना गरिएका गीतहरू सरल, सरस र प्रभावशाली रहेका बारे चर्चा गरिएको छ । शाहका गीतिकविताहरूमा कोमलभाव, सहज संवेदना र सुन्दर अभिव्यक्ति रहेको कुरा यिनका रचनाको विश्लेषणबाट स्पष्ट गरिएको छ । शाहका रचनाहरूको विश्लेषण गर्ने क्रममा भावविधान, बिम्बविधान, विषयगत आग्रह, प्रतीकात्मकता, परिस्थिति बोध र भाषाशैली प्रयोगलाई  खरेलले चर्चा गरेका छन् ।

*रवीन्द्र शाह र अनुरागात्मक अभिव्यक्ति* शीर्षकअन्तर्गत मानवीय स्वभावको चर्चा गर्दै संयोग र वियोगमा उत्पन्न हुने स्वभाविक अनुरागको कसीमा शाहका गीतिकविताहरूलाई विश्लेषण गरिएको छ । यस क्रममा प्रेमीप्रेमिका बीचमा हुने भावनात्मक, प्राकृतिक प्रेमलाई कविले सहज रूपमा पोखेको कुरा खरेलले गीतका अंशहरूको साथ पुष्टि गरेका छन् ।

*शाह र रोमान्टिक भावधारा* शीर्षकमा शाहका गीतहरूलाई स्वच्छन्दतावादी मान्यताका आधारमा विश्लेषण गरिएको छ । त्यसैगरी उत्तर्वर्ती पूर्वीय तथा पाश्चात्य स्वच्छन्दतावादी कविहरूबाट परेको प्रभावलाई प्रस्तुत गरिएको छ । गीतमा आएको प्रकृति प्रेम, शहर भन्दा गाउँप्रतिको मोह, बन्धनको परित्याग र स्वतन्त्रताको वरण, बाह्य भौतिक वस्तुप्रतिको विमुखता जस्ता विशेषताका आधारमा चर्चा गरिएको छ ।

*शाहका गीतमा नारी विश्लेषण* शीर्षकमा शाहका गीतहरूमा मानवजीवन सञ्चालनका रूपमा रहेका नारी कोमल, स्नेह, आदर्श र ममताको स्रोत भएको कुरा खरेलले चर्चा गरेका छन् । नारीको पीर दुख्छ, व्याथा दुख्छ, चर्किन्छ र सामाजिक व्याभिचारले चिमोट्छ भन्दै शाहका गीतमा आएका नारीप्रतिको भावनालाई विश्लेषण गरिएको छ ।

*स्रष्टा रवीन्द्र शाह र देशप्रेम* शीर्षकअन्तर्गत शाहका गीहरूमा राष्ट्रिय भावना यत्रतत्र प्रकट भएको भन्दै राष्ट्रनिर्माणमा सजकता, माटोप्रतिको ममता, भातृत्वको भावना आदि मुख्य रूपमा आएको चर्चा गरिएको छ ।

*रवीन्द्र शाह र समसामयिक जीवनचिन्तन* शीर्षकमा पूर्वीय र पाश्चात्य आदिम मान्यतादेखि हालसम्म विकसित हुँदै आएका मान्यता समेतलाई आधार मानी विश्लेषण गर्ने क्रममा शाहका गीतहरू अध्यात्मवाद भन्दा भौतिकवादको नजिक रहेको भनी चर्चा गरिएको छ । त्यसैगरी शाहका गीतहरूमा जीवनजगत्लाई उपयोगीमूलक रूपमा हेरिएको कुरा चर्चा गर्नुका साथै उनलाई जीवनवादी गीतकारका रूपमा स्थापित गरिएको छ ।

*रवीन्द्र शाहका गीतमा स्वर-सङ्गीतको आग्रह* शीर्षकअन्तर्गत नेपाली सङ्गीत परम्पराको उत्पत्तिको चर्चा गर्दै त्यसको बीज उल्लेख गरिएको छ । प्राचीन कालको

सामवेददेखि सुरु भएको गीतिपरम्परालाई शाहका गीतसम्म आइपुग्दा भएको परिवर्तन र गीतकार शाहले अंगालेका मान्यतालाई स्पष्ट गरिएको छ । शाहका गीतमा स्वर र सङ्गीत दिने गायककार तथा सङ्गीतकारको सामान्य परिचय दिइएको छ ।

*गीतकार रवीन्द्र शाहका ग्रहणमूलक प्रवृत्तिहरू* शीर्षकमा शाहले गीत रचना गर्ने क्रममा उठएका जीवनजगत्सम्बन्धी विभिन्न आग्रह र मान्यतालाई चर्चा गरिएको छ । गीतहरूलाई स्वच्छन्दतावादी मान्यताका आधारमा विश्लेषण गर्ने क्रममा खरेलले सामाजिक चेतना र दायित्व, रोमान्टिकभाव, मानवतावादी स्वर, सरल र सहज भावभिव्यक्तिलाई विश्लेषणको आधार  बनाएका छन् ।

**(३) खण्ड तीन**

खण्ड तीन अन्तर्गत *रवीन्द्र शाह अनेक सृष्टि अनेक दृष्टि* शीर्षक रहेको छ । यस खण्डमा गीतकार रवीन्द्र शाहका गीतका बारेमा विभिन्न समयमा विभिन्न विद्वान्, समीक्षक एवम् शाहका गीतमा सङ्गीत र स्वर दिने विभिन्न कलाकारहरूले व्यक्त गरेका भावना र विचारहरूलाई समेटिएको छ ।

**(३) भाषाशैलीय विन्यास**

भीम खरेलले **रवीन्द्र शाहको व्यक्तित्व र कृति** कृतिमा रवीन्द्र शाहका स्वर र सङ्गीतबद्ध गीतहरूको सूची राख्नुका साथै ती गीतहरूलाई प्रवृत्तिका आधारमा चर्चा गरेका छन् । यस कृतिको भाषा सरल र स्पष्ट भएकाले कुनै कुरा बुझ्न गाह्रो पर्दैन् । रवीन्द्र शाहका गीतहरूको विश्लेषणात्मक अध्ययन र गीतहरूको सङ्कलनले यो कृति अत्यन्त रोचक र गहन बन्नपुगेको देखिन्छ । खरेलले नेपाली गीतका क्षेत्रमा देखापरेका प्रवृत्तिहरूलाई ध्यान दिँदै शाहका गीतहरूको चर्चा गरेका छन् । यो कृति आधुनिक नेपाली गीतिक्षेत्रका उत्कृष्ट गीतकारलाई चिनाउने क्रममा आएकाले यसको छुट्टै स्थान रहेको छ । यस कृतिमा रवीन्द्र शाहका गीतमा देखिएका प्रवृत्तिगत विशेषतालाई स्पष्ट्याउने काम गरिएको छ । उनको अथक प्रयास, परिश्रम, बौद्धिक चेतना र विश्लेषणात्मक क्षमता एवम् मूल्याङ्कन योग्यता कृतिमा राम्ररी प्रतिबिम्बि भएको छ । खरेलले शाहका ९० वटा गीतहरूको पूर्णअंश समावेश गरेर कृतिलाई अझ गहन बनाएका छन् । अन्त्यमा शाहका बारेका विभिन्न विद्वान्हरूले राखेका धारणा समावेश गरेर खरेलले रवीन्द्र शाह व्यक्तित्व र कृतिको महत्त्व बारे अझ स्पष्ट गरेका छन् । प्रभाववादी समालोचकको दृष्टिबाट विश्लेषण गरिएको प्रस्तुत कृतिमा केही सैद्धान्तिक मान्यताको पनि चर्चा गरेर सैद्धान्तिक समालोचकका रूपमा आफूलाई उभ्याउन कोशिस खरेलले गरेका छन् । यस समालोचना कृतिबाट रवीन्द्र शाहको गीतकार व्यक्तित्वलाई केलाउने काम गरिएको छ ।

## ७.४.२ 'शाह वंशका स्रष्टा केही सिर्जना केही विवेचना' कृतिको विश्लेषण

### १. परिचय

**शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** नामक कृति प्रतिनिधि प्रकाशनबाट २०५३ सालमा प्रथमपटक प्रकाशित भएको कृति हो । सर्वप्रथम यस कृतिमा अमर स्रष्टा शीर्षकमा पृथ्वीनारायण शाह, म.वी.वि. शाह, वीरेन्द्र शाह, चाँदनी शाह, र जी. शाहका विचारहरू राखिएको छ । आकार प्रकारका दृष्टिले डिमाइ आकारको देखिने प्रस्तुत कृति १५९ पृष्ठमा संरचित रहेको छ । आवरण पृष्ठमा सेतो र निलो रङको प्रयोग गरिएको अमूर्त चित्र राखिएको छ भने सेतो रङले शाह वंशका स्रष्टा र हरियो रङले केही सिर्जना केही विवेचना लेखेर कृतिको नमाकरण गरिएको छ । अन्त्यमा हरियो रङमा कृतिलेखकको नाम दिइएको छ । नौ खण्डमा विभाजित प्रस्तुत कृतिको पहिलो भागलाई खण्ड एक मानिएको छ । यस खण्डको शीर्षक *शाह वंशीय स्रष्टाः सिर्जनाधर्मीता र आग्रह* रहेको छ । यस खण्डमा एउटामात्र शीर्षक रहेको छ । यस शीर्षकमा शाह वंशका स्रष्टाहरूको सिर्जनाका बारेमा सामान्य जनकारी दिइएको छ । खण्ड दुईको शीर्षक *कवि म. वी. वि शाहः राष्ट्रियताका अनन्य धरोहर* रहेको छ । यस खण्डमा शाहका गीतहरूमा आएका प्रवृत्तिगत विशेषताको र उत्कृष्ट रचनाहरूको चर्चा गरिएको छ । खण्ड तीनको शीर्षक *गीतकार रञ्जना शाहः समसामयिक जीवन चिन्तक* रहेको छ । यस खण्डमा रञ्जना शाहका साहित्यिक प्रवृत्ति, उत्कृष्ट रचना र समसामयिक जीवन चिन्तनका बारेका विश्लेषण गरिएको छ । खण्ड चारको शीर्षक *कलाकार वीरेन्द्र शाहः अक्षत भावका अमर व्यक्तित्व* रहेको छ । यस खण्डमा वीरेन्द्र शाहको चित्रकारिताको चर्चा गर्नुका साथै उत्कृष्ट चित्रहरू राखिएको छ । खण्ड पाँचको शीर्षक *कवयित्री चाँदनी शाहः भावनाकी अजेय व्यक्तित्व* रहेको छ । यस खण्डमा चाँदनी शाहका लेख्य प्रवृत्ति, उत्कृष्ट रचनाहरू राखेर त्यसको संक्षिप्त रूपमा चर्चा गरिएको छ । खण्ड छ को शीर्षक *जी. शाह राष्ट्रियताका संवाहक* रहेको छ । यस खण्डमा जी. शाहका उत्कृष्ट रचनाहरूका बारेमा चर्चा गरिएको छ । खण्ड सातको शीर्षक *गीतकार सोहनी शाहः युवा चेतनाकी ढुकढुकी* रहेको छ । यस खण्डमा सोहनी शाहका  गीतहरूमा अएका प्रवृत्तिका साथै उत्कृष्ट रचनाहरूका बारेका जानकारी दिइएको छ । खण्ड आठको शीर्षक *कवि दीपेन्द्र शाहः राष्ट्रियताका अथक पुजारी* रहेको छ । यस खण्डमा कवि दीपेन्द्र शाहका रचाहरूका बारेका  चर्चा गरिएको छ । खण्ड नौ को शीर्षक *कलाकार श्रुति शाहः अक्षत रङ्गकी प्रयोक्ता* रहेको छ । यस खण्डमा श्रुति शाहका उत्कृष्ट चित्रहरू समावेश गरी विश्लेषण गरिएको छ ।

(२) **विषयवस्तु**

प्रस्तुत कृतिमा रहेका विषयवस्तुलाई खण्डका आधारमा अध्ययन गरिएको छ ।

(१) **खण्ड एक**

यस खण्डमा *शाह वंशीय स्रष्टाः सिर्जना धर्मिता र अनुभूति* एउटामात्र शीर्षक रहेको छ । यस अन्तर्गत खरेलले नेपाली साहित्याकाशका विविध क्षेत्रमा आफूलाई स्थापित गर्न सफल शाह वंशका स्रष्टाहरूलाई संक्षिप्त रूपमा चिनाएका छन् ।

(२) **खण्ड दुई**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*म. वी. वि शाह र उहाँका लेख्य प्रवृत्तिहरू* शीर्षकअन्तर्गत शाहको सामान्य परिचय दिँदै उनका 'उसैका लागि' र 'फरि उसैका लागि' गीतिसङ्ग्रहलाई प्रवृत्तिका आधारमा चर्चा गरिएको छ । दुई पृष्ठ उक्त शीर्षकलाई चर्चा गरिएको छ ।

*म. वी. वि शाहका उत्कृष्ट रचनाहरू* शीर्षकमा शाहद्वारा रचनागरिएका *हे वीर हिँड, देशको माटो, आमाको पुकार, रारा कि अपसरा, त्यो मान्छे कस्तो छ* र *मेरो नेपाल* जस्ता गीत र कविताहरू समावेश गरिएको छ ।

*म. वी. वि. शाहका काव्यमा अभिव्यक्त देशीय स्वरहरू* शीर्षकअन्तर्गत खरेलले कवि शाहका गीत र कविताहरूमा आएका देश र राष्ट्रिपक्षीय स्वरहरू, सामाजिक मूल्यमान्यता, स्वतन्त्रता र सौन्दर्यगत पक्षहरूलाई चर्चा गरेका छन् ।

(३) **खण्ड तीन**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*रञ्जना शाह र उहाँका लेख्य प्रवृत्तिहरू* शीर्षकमा रञ्जना शाहको सामान्य परिचय दिइएको छ । शाहलाई यथार्थ जगत्मा उभिएर आध्यात्मिक मान्यताको सहज स्वीकृतिका माध्यमबाट परमात्माको नजिक पुग्ने आग्रहमा अग्रसर कवयित्रीका रूपमा चर्चा गर्दै मानवजीवनप्रति आस्था र विश्वास जाउने प्रेरणाको स्रोतका रूपमा स्थापित गरिएको छ । सरल भाषा, सहज शैली समसामयिक विषयवस्तुको छनौट र प्रभावपूर्ण प्रस्तुति आदि प्रवृत्ति शाहका गीतहरूका रहेको स्पष्ट गरिएको छ ।

*रञ्जना शाहका उत्कृष्ट रचनाहरू* शीर्षकअन्तर्गत *स्वप्न सरी जगत्मा* गीत र *जीवनव्याथा सुनाउँ कसलाई* शीर्षकको कवितालाई समावेश गरिएको छ ।

*रञ्जना शाहका गीतिकवितामा समसामयिक जीवनचिन्तन* शीर्षकअन्तर्गत शाहका गीतहरूमा आएका भौतिक र आध्यात्मिक पक्षहरूका बारेका चर्चा गर्दै शाहलाई आध्यात्मिक प्रेरणाको स्रोतका रूपमा परिचित गराइएको छ ।

(४) **खण्ड चार**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*कलाकार वीरेन्द्र शाह र उहाँको चित्रकारिता* शीर्षकअर्न्तगत कलाकार वीरेन्द्र शाहलाई कलाकार व्यक्तित्वका रूपमा परिचित गराउने कलाकृतिहरूको चर्चा गर्नुका साथै शाहले प्राप्तगरेको प्रेरणका बारेमा विश्लेषण गरिएको छ ।

*कलाकार वीरेन्द्र शाहका उत्कृष्ट चित्रहरू* शीर्षकमा शाहले बनाएको *मोती*को चित्र, *झरना*को तेलचित्रका साथै *प्रोफेसर यदुनाथ खनाल*को तस्विर राखिएको छ ।

*कलाकार वीरेन्द्र शाह भावगत रङ्ग र रेखाचित्र* शीर्षकमा शाहका कलाकृतिमा सरल र ग्राह्य रङ्गहरूको प्रयोग, मौलिकशैली र समसामयिक विषयवस्तुको छनौट भएको बारेमा चर्चा गर्दै चित्रकलामा आकर्षित हुनका कारणहरू समेत स्पष्ट गरिएको छ ।

**(५) खण्ड पाँच**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*चाँदनी शाह र उहाँका लेख्य प्रवृत्तिहरू* शीर्षकमा शाहको सामान्य चिनारी दिँदै नवीन विचार, नौलोभाव, समसामयिक जीवनचिन्तन र सरलभाषा र सहज अभिव्यक्ति सामर्थ्य हुने गीतकारका रूपमा चर्चा गरिएको छ ।

*चाँदनी शाहका उत्कृष्ट रचनाहरू* शीर्षकअन्तर्गत गीतकार चाँदनी शाहका *तिमीले जति नै माया दिए पनि, आँसु र सुस्केराका बाचाहरू, उकाली ओरालीहरूमा, पुस माघ महिना जस्तै, कैले यो माया बिर्सेनी, आमा भएर बोकी हेर, मेरा छोराछारीका लागि, यौटा मान्छेको मायाले, मायाको मर्म* बोलका ९ वटा गीत र *समस्त नेपालीका एक अंश* शीर्षकको कविता राखिएको छ ।

*नेपाली गीतिसाहित्यको सन्दर्भमा गीतकार चाँदनी शाह* शीर्षकअन्तर्गत गीतकार चाँदनी शाहलाई एक सरल, सहज र मार्मिक गीतकारका रूपमा स्थापित गराउँदै शाहका गीतहरूमा प्रकृतिप्रेम, मानवीयप्रेम, जीवनजगत्का अनेक दुःख र पीडाजस्ता विषय गीतका माध्यमबाट आएको स्पष्ट गरिएको छ । शाहका गीतहरूमा हार्दिकता, कोमलता, छन्दमा मिठास  र गीतहरूमा कवितात्मकशैली रहेको कुरा कविताका अंशहरूबाट पुष्टि गरिएको छ।

*चाँदनी शाहका गीतमा अभिव्यक्त राजाका केही सन्दर्भ* शीर्षकमा चाँदनी शाहका गीतहरूमा राजसंस्थाप्रति आएका आस्थाका स्वरहरूका बारेका चर्चा गरिएको छ ।

**(६) खण्ड छ**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*गीतकार जी. शाह* शीर्षकअर्न्तगत जी. शाहको संक्षिप्त परिचय दिँदै उनको गीतलेखनका बारेका चर्चा गरिएको छ । यस क्रममा शाहको प्रेरणाको स्रोतका रूपमा परिवार, नेपाली प्रकृति र आदर्श आएको कुरा स्पष्ट गरिएको छ ।

*जी. शाहका उत्कृष्ट सिर्जना* शीर्षकअर्न्तगत गीतकार जी. शाहका *हे युवा तिमी हौ देशको शक्ति, मारेर पनि मेरो माया, बाँच्नु नै छ यदि भने, जीवनलाई फर्केर हेर्दा, गाउँछन् गीत मेचीका जहाँ, नामछन् सयौँ परन्तु कुन नाम दिऊ, कति भार खप्छ जीवन, तोड्नुछ*

*कति यस्ता पर्खालहरू, मेरो जात भन्नु नै* बोलका ९ वटास्वर र सङ्गीतबद्ध उत्कृष्ट गीतहरू समावेश गरिएको छ ।

*गीतकार जी. शाहले अनुभूत गरेका राष्ट्रियता* शीर्षकअन्तर्गत जी. शाहका गीतहरूमा आएका राष्ट्रियता, माटोप्रतिको आस्था, जातीयप्रेम, प्रकृतिप्रेम र राष्ट्रिय गौरवजस्ता विषयवस्तुहरूलाई कविताका अंशहरूका आधारमा स्पष्ट गरिएको छ ।

(७) **खण्ड सात**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*गीतकार सोहनी शाह* शीर्षकअन्तर्गत गीतकार सोहनी शाहलाई सौखिन स्रष्टाका रूपमा परिचित गराइएको छ । २०३० को उत्तरार्द्धदेखि नेपाली गीत क्षेत्रमा संलग्न शाहलाई युवामनस्थिति र नारी मनोभावजन्य भावधाराको अभिव्यक्तिमा रमाउने गीतकारका रूपमा चर्चा गरिएको छ ।

*सोहनी शाहका केही उत्कृष्ट सिर्जनाहरू* शीर्षकअन्तर्गत शाहले रचना गरेका *सङ्गालिएका हरेक प्रेमका बूँदहरू, ती आँखाहरू भित्रको उज्यालो मनपर्छ, साथ रहनेछु साथी तिम्रो विश्वासमा, तिमीले दिएको सिन्दूरको सीमा, उपेक्षाको लहरमा जीवन फालेर,* बोलका ५ वटा स्वर र सङ्गीतबद्ध गीतहरू समावेश गरिएको छ ।

*गीतकार सोहनी शाह र सामयिक युवाचेत* शीर्षकअन्तर्गत शाहका गीतहरू जीवनचिन्तनबाट आध्यात्मिक आराधनातिर लम्केको कुरा खरेलले स्पष्ट गर्दै गीतहरूमा प्रेमभाव, रोमान्टिकभावका साथै समसामयिक मूल्यमान्यता समेतले प्रवेश पाएको कुरालाई चर्चा गरिएको छ ।

(८) **खण्ड आठ**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*कवि दीपेन्द्र शाह* शीर्षकमा दीपेन्द्र शाहको साहित्यिक व्यक्तित्वका बारेका संक्षिप्त परिचय दिइएको छ । यस क्रममा शाहका कविता र निबन्धहरूको बारेमा चर्चा गरिएको छ।

*दीपेन्द्र शाहका केही उत्कृष्ट* सिर्जनाहरू शीर्षकमा शाहले रचना गरेको *हे आमा* शीर्षकको कविता राखिएको छ । त्यसैगरी शाहले लेखेको *मेरो गोरखा भ्रमण* र *मेरो मुक्तिनाथ यात्रा* शीर्षकका दुई यात्रासंस्मरण राखिएको छ ।

*कवि दीपेन्द्र शाह र सामयिक राष्ट्रियचिन्तन* शीर्षकअर्न्तगत शाहलाई समसामयिक राष्ट्रियचिन्तकका रूपमा स्थापित गर्ने क्रममा उनका कविताहरूमा आएको माटोप्रतिको मोह, नेपालआमाप्रतिको आदरभाव र यात्रासंस्मरणमा आएको प्रकृतिप्रतिको आकर्षणको चर्चा गरिएको छ ।

(९) **खण्ड नौ**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*कलाकार श्रुति शाह शीर्षकअन्तर्गत* कलाकार श्रुति शाहको कालकारितालाई संक्षिप्तरूमा चर्चा गर्दै उनका कलाकृतिमा सरस रङ्गहरूको प्रयोग, सहज अनुभूति र विषयवस्तुको गाम्भीर्यताजस्ता अनेकौ विशेषताहरू रहेको कुरा स्पष्ट गरिएको छ ।

*श्रुति शाहका केही उत्कृष्ट सिर्जनाहरू* शीर्षकमा शाहले बनाएका *गणेश, शिव, फूल* र *घोडा*को तेल चित्रलाई रङ्गीन पृष्ठभूमिमा राखिएको छ ।

*कलाकार श्रुति शाह र उहाँका चित्रात्मक आग्रहहरू* शीर्षकअन्तर्गत खरेलले इतिहासदेखि नेपाली आदर्शमा अभिव्यक्त हुँदै आएको कलाकारिताको परम्परा आधुनिककालसम्म आइपुग्दा यसमा विश्वका अनेकौं शैलीले प्रवेश पाएको चर्चा गर्दै शाह पनि त्यसबाट प्रभावित भएको कुरालाई स्पष्ट गरेका छन् ।

(२) **भाषाशैलीय विन्यास**

भीम खरेलले **शाहवंशका स्रष्टा : केही सिर्जना केही विवेचना** कृतिमा नेपाली साहित्य र कलाका क्षेत्रमा उदाएका शाहवंशका म.वी.वि शाह, रञ्जना शाह, चाँदनी शाह, जी. शाह, सोहनी शाह, दीपेन्द्र शाह र श्रुति शाहका रचनाहरूको चर्चा गरेका छन् । यस कृतिको भाषाशैली सरल र स्पष्ट रहेको छ । शाहवंशका स्रष्टाहरूले रचनागरेका कविता र गीतहरूलाई समावेश गर्नुका साथै चित्रकारका रूपमा समेत देखापरेका वीरेन्द्र शाह र श्रुति शाहका उत्कृष्ट चित्रहरू राखिएका कारणले पनि यो कृति अत्यन्त रोचक र गहन बन्न पुगेको छ । यस कृतिले खरेललाई समालोचकका रूपमा अझ माथि उठाएको छ । खरेलले यस कृतिलाई प्रभाववादी समालोचकको दृष्टिबाट विश्लेषण गरेको पाइन्छ । केही सैद्धान्तिक मान्यतालाई आधार लिएको भए पनि प्रभाववाद नै प्रमुख भएर आएको छ । कृतिमा लेखहरू छोटा रहेका छन् भने सङ्कलन गरिएका गीत, कविता र चित्रहरूको सङ्ख्या बढी रहेको छ । यस समालोचना कृतिबाट शाहवंशीय नौ जना स्रष्टाहरूका साहित्य र कलाका बारेमा अध्ययन गरिएको छ ।

## ७.४.३ 'जी. शाह व्यक्तित्व र सिर्जना' कृतिको विश्लेषण

(१) **परिचय**

**जी. शाहः व्यक्तित्व र सिर्जना** नामक समालोचनात्मक कृति प्रतिनिधि प्रकाशनबाट २०५६ सालमा परिमार्जन सहित तेस्रो पटक प्रकाशित भएको कृति हो । यसको पहिलो संस्करण २०४२ सालमा र दोस्रो संस्करण २०४६ सालमा सूचना विभागबाट प्रकाशित भएको पाइन्छ । २२१ पृष्ठमा समेटिएको पहिलो संस्करण दोस्रो संस्करण प्रकाशन हुँदा २४६ पृष्ठमा विस्तारित भयो भने तेस्रो संस्करणसम्म आइपुग्दा २३६ पृष्ठमा समेटिन पुगेको देखिन्छ । पहिलो र दोस्रो संस्करणमा **जी. शाहका गीतहरूको पर्यावलोकन** नामकरण

गरएको यस कृतिको तेस्रो संस्करणमा नाम परिवर्तन गरी **जी.शाह व्यक्तित्व र सिर्जना** राखिएको छ । पहिलो संस्करणमा ५६ वटा  सङ्गीत र स्वरबद्ध गीतहरू समेटिएको छ भने दोस्रो संस्करणमा ६१ वटा गीतहरू समावेश गरिएको छ । तेस्रो संस्करणमा आइपुग्दा गीतहरूको संख्या ६१ नै भए पनि विश्लेषण गर्ने शैलीमा भने परिवर्तन भएको पाइन्छ । दोस्रो संस्करणमा पुस्तक चर्चाका क्रममा आएका गीत र सङ्गीत क्षेत्रसँग सम्बन्धित प्रतिभाहरूको अनुक्रमणिकालाई तेस्रो संस्करणमा राखिएको छैन् ।

**जी. शाह व्यक्तित्व र सिर्जना** कृतिमा प्रकाशकीय शीर्षकमा रवि के.सी. ले लेखेको छोटो लेख राखिएको छ । कृतिको आवरणपृष्ठमा सातै रङको प्रयोग गरिएको अमूर्त चित्र राखिएको छ । कृतिको माथिल्लो भागमा सेतो रङ्ले कृतिको नाम र तल्लो भागमा निलो रङले लेखकको नाम लेखिएको छ । एक पृष्ठमा गीतकार जी. शाहको रङ्गीन तस्विर राखिएको छ ।  डिमाइ आकारको देखिने प्रस्तुत कृतिमा २३६ पृष्ठ रहेको छ । चार भागमा विभाजित प्रस्तुत कृतिको पहिलो भागलाई  परिच्छेद एक मानिएको छ । यस परिच्छेदको शीर्षक गीतकार *जी. शाह पूर्व नेपाली गीत सङ्गीतको परम्परा र पृष्ठभूमि* रहेको छ भने यस खण्डलाई ५ वटा शीर्षकमा विभाजन गरिएको छ । यो परिच्छेद ४० पृष्ठमा विस्तारित रहेको छ । परिच्छेद दुई *जी. शाहः प्रतिभा र विकास* शीर्षकमा ४ वटा शीर्षक राखिएको छ । यसमा जी. शाहको  गीतका क्षेत्रमा प्रवेश, प्राप्त गरेका  प्रेरणा, गीतियात्रा र प्रकाशित गीतहरूको सूची राखिएको छ । यो परिच्छेद ९८ पृष्ठमा संरचित छ । यस कृतिको परिच्छेद तीनको *शीर्षक जी. शाहः कृतित्व परिशीलन* रहेको छ । यस परिच्छेदलाई ९ वटा शीर्षकमा विभाजन गरिएको छ । यस परिच्छेदमा जी. शाहका गीतहरूलाई प्रवृत्तिका आधारमा चर्चा गरिएको छ । यो परिच्छेद ६९ पृष्ठमा विस्तारित भएको छ । परिच्छेद चारको शीर्षक गीतकार *जी. शाहः सिर्जना र आस्थाहरू* रहेको छ । यस परिच्छेदमा गीतकार जी. शाहका गीतहरूका बारेमा समय-समयमा विद्वान्, समीक्षक एवम् शाहका गीतमा सङ्गीत र स्वर दिने विभिन्न कलकारहरूले व्यक्त गरेका भावना र विचारहरूलाई समेटिएको छ । यो परिच्छेद ९ पृष्ठमा संरचित छ ।

### (२) **विषयवस्तु**

प्रस्तुत कृतिमा रहेको विषयवस्तुलाई परिच्छेदका आधारमा क्रमश अध्ययन गरिएको छ :

### (१) **परिच्छेद एक**

यस परिच्छेदमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*गीतसङ्गीतका मूल्यमान्यता र महत्त्व* शीर्षकअन्तर्गत गीतसङ्गीतका बारेमा खोज गर्ने क्रममा खरेल सामवेदसम्म पुगेका छन् । गीतका मूल्यमान्यताको विश्लेषण गर्ने क्रममा खरेलले पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले व्यक्त गरेका धारणालाई समेत चर्चा गरेका छन् ।

*२००७ सालपूर्व नेपाली गीत लेखन परम्परा र उपलब्धि* शीर्षकमा खरेलले नेपाली गीतहरू कसरी विकास भए र त्यसको परम्परा कसरी अगाडि बढ्यो भन्ने कुरालाई चर्चा गरेका छन् । त्यसैगरी नेपाली गीतिपरम्पराको विकासमा पृथ्वीनारायण शाह, १०४ वर्षे राणा शासन र नेपाली सर्जकहरूको सक्रियता मुख्य रहेको कुरा स्पष्ट गरिएको छ ।

*२००७ सालपूर्व नेपाली सङ्गीत सिर्जना परम्परा र उपलब्धि* शीर्षकअन्तर्गत खरेलले देवताको समयदेखि सुरु भएको सङ्गीतको चर्चा गर्दै गोपाल वंश, मल्लकाल हुँदै शाहकालसम्म आइपुग्दा सङ्गीत पूर्ण रूपमा विकसित भएको चर्चा गरेका छन् । त्यसैगरी यस शीर्षकमा २००७ सालपूर्व नेपाली सङ्गीतका योगदान पुऱ्याउने व्यक्तिहरूका बारेका संक्षिप्त परिचय दिइएको छ ।

*२००७ सालपछि नेपाली गीतलेखनमा भएका प्रयास र उपलब्धि* शीर्षकअन्र्तगत २००७ साल अघिको राणाकालमा गुम्सिएर बसेका नेपाली सर्जकहरूका मनका भावहरू २००७ सालपछि स्वतन्त्र रूपमा बाहिर आएको चर्चा गर्दै हालसम्म गीत लेखनका क्षेत्रमा स्थापित प्रतिभाहरूका बारेमा संक्षिप्त परिचय दिइएको छ ।

*२००७ सालपछि नेपाली सङ्गीत सिर्जना र गायनसाधनामा भएका प्रयास र उपलब्धि* शीर्षकमा २००७ सालपछि नेपाली सङ्गीतसिर्जना र गायनसाधना योजनाबद्ध रूपमा अगाडि बढेको चर्चा गर्दै यसलाई सबल र मजबुत पार्दै लैजाने क्रममा सिर्जना तथा गायनका क्षेत्रमा देखापरेका सर्जकहरूका बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

(२) **परिच्छेद दुई**

यस परिच्छेदमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*नेपाली गीतपरम्परामा: जी. शाह: प्रेरणा र प्रवेश* शीर्षकमा गीतकार जी. शाहको संक्षिप्त परिचय दिइएको छ । शाह गीतरचनाका क्षेत्रमा लाग्नुका मुख्य कारणहरू मातृवियोग, कवि म.वी.वि. शाहको प्रेरणा र प्रभाव, प्रकृति र राष्ट्रियता र अन्य विविध सन्दर्भबाट स्पष्ट गर्दै उनका गीतहरूको चर्चा गरिएको छ ।

*गीतकार जी. शाह: सिर्जना-यात्रा र विकास* शीर्षकअन्तर्गत ४ वटा उपशीर्षक रहेका छन् । ती मध्ये पहिलोमा जी. शाहको गीतियात्राको २०३१ सालदेखि २०३७ सालसम्म पहिलो चरण निर्धारण गरी यस चरणमा पर्ने गीतहरूको विश्लेषण गरिएको छ । दोस्रो उपशीर्षकमा २०३६ देखि २०४० सालसम्मलाई दोस्रो चरण निर्धारण गरी यस चरणमा आएका गीतहरूको चर्चा गरिएको छ । तेस्रो उपशीर्षकमा २०४० देखि हालसम्मको समयावधिलाई तेस्रो चरणमानि त्यस बीचमा देखापरेका रचनाहरूको बारेमा चर्चा गरिएको छ ।

*जी. शाह प्रकाशित गीतहरूको सूची* शीर्षकमा गीतकार जी. शाहले रचना गरेका र विभिन्न गायक तथा सङ्गीतकारहरूले स्वर र सङ्गीतबद्ध गरेका *हे युवा तिमी हौ दशको शक्ति, मेरो आँखा के खोज्छ, मारेर पनि मेरो माया मर्दैन, शून्यको सूनसानमा तिमी बाँची*

*हेर, मुटुको विश्वासलाई टुक्राउँन नखोज, बाँच्नु नै छ यदि भने बाँच नेपाली भै* आदि जस्ता बोलका ९० वटा गीतहरू कालक्रमिक रूपमा राखिएको छ । उक्त शीर्षक ६१ पृष्ठमा विस्तारित रहेको छ ।

**(३) परिच्छेद तीन**

यस परिच्छेदमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*जी. शाहको गीतको रचना-प्रक्रिया* शीर्षकमा खरेलले नेपाली माटोलाई आस्थाको केन्द्र, युवालाई देशको अनन्त शक्ति, माटोप्रतिको वचनबद्धता, जीवनजगत्‌लाई हेर्ने दृष्टिकोणको चर्चा गर्दै आस्थागत आग्रह, पूर्वपरम्पराको प्रभाव, कल्पनाको उपयोग, बिम्बविधान र प्रतीकात्मकता, जीवनभोगको आग्रह, आकारमा संक्षिप्तता, लयविधान र भाषाशैली जस्ता विषयवस्तुलाई आधार मान्दै शाहको रचनाप्रक्रिया बारे  स्पष्ट गरेका छ ।

*जी. शाहका गीतमा प्रेमका स्वरहरू* शीर्षकमा शाहका गीतमा आएका भावनात्मक प्रेम, आदर्शप्रेम, देशप्रेम, प्रकृतिप्रेम, भाषा र जातिप्रतिको प्रेम आदिजस्ता स्वरहरूलाई गीतको सन्दर्भबाट चर्चा गर्दै स्पष्ट गरिएको छ ।

*जी. शाहका गीतमा प्रकृतिका विविधरूपहरू* शीर्षकमा शाहका गीतहरूमा जीवन र प्रकृति, नेपाली प्रकृतिप्रतिको आकर्षण, प्रकृतिप्रतिको संवेदनशीलता र मानवीय प्रेरणाको स्रोतकारूपमा प्रकृतिजस्ता विषयहरू उद्‌घाटित भएको भन्दै शाहको गीतिलेखनमा परेको प्रकृतिको प्रभावलाई चर्चा गरिएको छ ।

*जी. शाहका गीतमा नारी अस्मिता* शीर्षकअन्तर्गत शाहका गीतहरूमा नारीप्रतिको सम्मान, सृष्टिको प्रतीक, जीवनको अभिन्नअङ्ग, सौन्दर्यको प्रतीकको रूपमा आएको कुरा स्पष्ट गर्दै शाहलाई नारीप्रति सम्मान राख्ने गीतकारका रूपमा स्थापित गरिएको छ ।

*जी. शाहका गीतमा राष्ट्रियताका स्वरहरू* शीर्षकअन्तर्गत गीतकार शाहका गीतहरूमा आएको राष्ट्र, जनता, माटो र भाषाका बारेमा विश्लेषण गर्नुका साथै गीतमा रहेको संस्कृतिप्रतिको मोह र राष्ट्रिय उन्नति र प्रगतिका विचारहरूलाई चर्चा गरिएको छ ।

*जी. शाहका गीतमा मनोविश्लेषण* शीर्षकमा गीतकार जी. शाहका गीतहरूमा देखिएका मानवीय जीवनका बाह्य पक्ष, मनको स्वरूपको विश्लेषण, मानसिक घटनाहरूको स्वरूपको चर्चा, दुःखको वर्णन, संयोग, सामान्य संवेद्यता, स्मृति एवम् विस्मृति आदि जस्ता मनोविश्लेषणत्मक विषयले स्थान लिएको कुरा स्पष्ट पारिएको छ ।

*जी. शाहका गीतमा सङ्गीत सिर्जना र गायन साधना* शीर्षकअन्तर्गत शाहका गीतमा आएका भावनात्मकता, लयात्मकता र सङ्गीतात्मकतालाई संक्षिप्त चर्चा गर्दै प्रकाशित भएका ६१ वटा गीतहरूमा स्वर र सङ्गीतदिने गायककार तथा सङ्गीतकारहरूको समान्य चर्चा गरिएको छ ।

*गीतकार जी. शाह र नेपाली गीतका समकालीन* उपलब्धिहरू शीर्षकमा गीत सिर्जनाका क्षेत्रमा अढाईदशकसम्म संलग्न रहेका गीतकार जी. शाहबाट नेपाली

गीतिजगत्ले समाजबोध, प्रकृतिकबोध, बिम्बबोध, प्रतीकात्मक अभिव्यक्ति, आध्यात्मिक जीवनचिन्तन, सरलसहज भावसम्प्रेषण र विविध लयको उपयोग जस्ता उपलब्धि हासिल गरेको कुरा स्पष्ट गरिएको छ ।

**(४) परिच्छेद चार**

परिच्छेद चार अन्तर्गत *गीतकार जी. शाहः सिर्जना र आस्थाहरू* एउटामात्र शीर्षक रहेको छ । यस परिच्छेदमा गीतकार जी. शाहका गीतका बारेमा विभिन्न समयमा विभिन्न विद्वान्, समीक्षक एवम् शाहका गीतहरूमा सङ्गीत र स्वर दिने कलाकारहरूले व्यक्त गरेका भावना र विचारहरूलाई समेटिएको छ ।

**(३) भाषाशैलीय विन्यास**

भीम खरेलले **जी. शाह व्यक्तित्व र सिर्जना** कृतिमा गीतकार जी. शाहका गीतहरूलाई प्रवृत्तिका आधारमा विश्लेषण गर्नुका साथै शाहले रचना गरेका ६१ वटा गीतहरू सङ्कलन गरेका छन् । यस कृतिको भाषाप्रयोग सरल र स्पष्ट रहेको छ । यस कृतिमा गीतिपरम्परा समावेश गरिएकाले पाठकलाई धेरै कुराको स्वतः ज्ञान हुन्छ । जी. शाहका सम्पूर्ण गीतहरूको समावेश गरिएकाले पनि यो कृतिको महत्त्व अझ बढेको पाइन्छ । नेपाली गीतिसमालोचनाका क्षेत्रमा यस कृतिको आफ्नै स्थान रहेको छ । खरेलको बौद्धिक क्षमता, विश्लेषणात्मक क्षमता र अथक प्रयास कृतिमा झल्किएको छ । यस कृतिको भाषा विश्लेषणत्मक हुनका साथै कृतिमा राखिएका विभिन्न व्यक्तित्वका विचार र सन्दर्भसूचीले कृतिलाई प्रामाणिक बनाएका छन् । विभिन्न सैद्धान्तिक मान्यताहरूलाई अगाडि सारिए पनि कृति प्रभाववादी समालोचनाको निकट रहेको छ । यस कृतिले जी. शाहलाई गीतकार व्यक्तित्वका रूपमा अगाडि ल्याउन थप भूमिका खेलेको पाइन्छ ।

**७.४.४ निष्कर्ष**

नेपाली समालोचनाका क्षेत्रमा २०३२ सालदेखि कलम चलाउँदै आएका भीम खरेलका **रवीन्द्र शाह व्यक्तित्व र कृति** (२०४९), **शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** (२०५३) र **जी. शाह व्यक्तित्व र सिर्जना** (२०५६) तीनवटा समालोचना कृतिहरू प्रकाशित भएका छन् । यिनले नेपाली गीति र कलाक्षेत्रका स्रष्टाहरूको समालोचनालाई पुस्तकाकार रूपमा प्रकाशित गरेका छन् । खरेलले समालोचना गर्ने क्रममा आफूलाई प्रभावपरक समालोचकका रूपमा उभ्याएका छन् । उनले शाहवंशका स्रष्टाहरू र उनीहरूका गीत, कविता, यात्रासंस्मरण र चित्रकलालाई समालोचनाको घेरामा राखेका छन् । भीम खरेलको पहिलो पुस्तकाकार समालोचना **जी. शाहका गीतको पर्यावलोकन** २०४२ सालमा प्रकाशित भएको छ । यस समालोचना कृतिमा गीतकार जी. शाहका गीतहरूलाई सङ्कलन गर्नुका साथै विभिन्न कोणबाट विश्लेषण गरिएको छ भने यसै समालोचना कृतिलाई परिमार्जन सहित वि.सं. २०४६ प्रकाशन गरेको पाइन्छ । २०४९ सालमा प्रकाशित **रवीन्द्र**

**शाह व्यक्तित्व र कृति** नामक कृति खरेलको दोस्रो समालोचना कृति हो । यसमा कवि तथा गीतकार रवीन्द्र शाहको समग्र साहित्यिक व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । २०५३ सालमा प्रकाशित **शाहवंशका स्रष्टा : केही सिर्जना केही विवेचना** समालोचना कृति यिनको तेस्रो कृति हो । यस समालोचनामा खरेलले पूर्व राजपरिवारका नौ साहित्यिक प्रतिभाहरूलाई विविध कोणबाट विश्लेषण गरेका छन् । २०५६ सालमा **जी. शाह व्यक्तित्व र सिर्जना** समालोचना कृति प्रकाशित भएको छ । यो वि.सं. २०४२ र २०४६ मा प्रकाशित भएको **जी. शाहका गीतको पर्यावलोकन** नामक समालोचनाको कृतिको पूर्ण परिमार्जित रूप हो । यस कृतिमा खरेलले जी. शाहका गीतहरूलाई समय र सन्दर्भ अनुसार विश्लेषण गरेका छन् । यी बाहेक खरेलका विविध विषयमा लेखिएका समालोचनाहरू फुटकर रूपमा प्रकाशित भएका छन् । समग्रमा खरेलका यी समालोचनाहरूले प्रभावपरक समालोचनालाई अगाडि बढाउन सहयोग पुऱ्याएको देखिन्छ ।

# आठौं परिच्छेद
# उपसंहार

## ८.१ सारांश

**पहिलो परिच्छेद**अर्न्तगत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अर्न्तगत भीम खरेलको जीवनी पक्षबारे चर्चा गरिएको छ । भीम खरेलको जन्म वि.सं. २०१० कार्तिक २७ गते ताप्लेजुङ जिल्लाअन्तर्गत थेचम्बु गा.वि.स. को खहरे गाँउमा भएको हो । बुबा रूपनारायण खरेल र आमा रूपादेवी खरेलका तेस्रो सन्तानका रूपमा यिनको जन्म भएको देखिन्छ । यिनको बाल्यकालको १४ वर्ष थेचम्बुमा नै बितेको पाइन्छ । पाङ्ग्रा, फुटबल, भलिबल, पैडी खेल्नुजस्ता रमाइला खेल खेल्दै उनले बाल्यकाले बिताएका थिए । उनले ११ वर्षको उमेरमा चण्डेश्री नि.मा.वि. थेचम्बुबाट आफ्नो औपचारिक शिक्षा आरम्भ गरेका थिए । २०२८ सालमा यिनले जनता मा.वि. गौरादहबाट प्रवेशिका उत्तीर्ण गरेका थिए । २०३० सालमा खरेलले प्राइवेट परीक्षा दिएर आई. ए. उत्तीर्ण गरे । त्रिभुवन विश्वविद्यालयमा यिनले स्नातकोत्तर तहको अध्ययन सुरु गरेको भए पनि पूरा गरेको देखिँदैन ।

ब्राह्मण कुलमा जन्मेका भीम खरेलको पारिवारिक आर्थिक अवस्था सामान्य रहेको पाइन्छ । भीम खरेलका बुबा रूपनारायण खरेल खेतीपातीद्वारा सामान्य जीवन सञ्चालन गर्दै आएका थिए । निम्नमध्यमवर्गीय परिवार भए तापनि खरेल परिवार शैक्षिक रूपले भने सुशिक्षित रहेको थियो । ११ वर्षको उमेरमा हिन्दुसंस्कार अनुसार उपनयनसंस्कार गरेका खरेलको विवाह २०४३ सालमा विराटनगर निवासी लता के.सी.सँग भएको थियो । श्रीमान् र श्रीमती दुवै जागिरे भएकाले भौतिकवस्तु समस्याका रूपमा देखानपरेका खरेल हाल काठमाडौँ नगरपालिका वाड नं. ३५ तीनकुने, सुविधानगरको आफ्नै घरमा बस्दै आएका छन् ।

अत्यन्त सरल र मिजासिलो स्वभावका खरेल त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना र साधारण पैहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र पत्रपत्रिका अध्ययनमा रुचि राख्दछन् । खरेलले कार्यक्षेत्रका दृष्टिले मुख्यतः प्रशासनिक क्षेत्रमा संलग्न  भएका व्यक्ति हुन् ।

यिनी २०२९ सालमा झापाको तोपगाछी मा.वि. मा १ वर्ष र २०३० सालदेखि २०३१ सालसम्म गौरादह प्रा.वि. मा शिक्षण कार्यमा संलग्न भएका थिए । २०३३ सालबाट साझा प्रकाशन इलामबाट प्रशासनिक सेवामा प्रवेश गरेका खरेल २०३६ सालमा राजीनामा

दिएर लोकसेवा आयोगको परीक्षा पास गरी २०३९ सालबाट रत्नरेकर्डिङ संस्थानमा अधिकृत स्तरमा नियुक्त भए । खरेलले २०४१ देखि २०४३ सालसम्म काजमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको निजी सहायको भएर कार्य गरेको थिए । २०४८ सालदेखि गोरखापत्र संस्थानमा कार्यरत खरेल हाल निमित्त निर्देशकको उच्च पदमा रही कार्य गर्दै आएका छन्।

कुनै पनि राजनीतिप्रति संलग्न नभएका खरेल स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । खरेलको साहित्यिक, प्रशासनिक र सामाजिकजस्ता अनेक संघसस्थाहरूको स्थापना, विकास र प्रबर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । खरेलले विविध उद्देश्यलाई लिएर स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । प्रशासनिक, साहित्यसाधना र सामाजिक सेवा खरेलका जीवनका मूल कार्यहरू हुन् ।

माटो र देशप्रति इमान्दार हुनुपर्ने विचार राख्ने खरेल स्वतन्त्रपूर्वक बाँच्न पाउने सबैको अधिकार हो भन्दछन् । कसैको आशा नगरी कुनै पनि क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ सफलता र जीवनमा जेजस्ता अप्ठ्यारा आइपर्छन तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा खरेलको रहेको छ । जीवनलाई आशावादी रूपमा हेर्ने खरेल प्रतिभा सम्पन्न व्यक्ति हुन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत भीम खरेलको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, खाइलाग्दो देखिने उनी प्रभावशाली र आकर्षक देखिन्छन् । खरेलको साहित्यिक व्यक्तित्व कवि, नाटककार, गीतकार, बालसाहित्यकार र समालोचक व्यक्तित्वका रूपमा फैलिएको छ भने साहित्येतर व्यक्तित्व शिक्षक, प्रशासक र सम्पादकका रूपमा रहेको छ ।

**चौथो परिच्छेद**अन्तर्गत भीम खरेलको साहित्ययात्रको अध्ययन गरिएको छ । २०२७ सालमा झापाबाट प्रकाशित हुने **पञ्चामृत** साहित्यिक पत्रिकामा **कर्णधार बालक** शीर्षकको कवितामार्फत लेखनयात्रा प्ररम्भ गरेका भीम खरेलको विधागत परिवर्तन, बौद्धिकता र परिपक्वताका आधारमा पूर्वार्द्ध चरण (२०२६-२०४८) र उत्तरार्द्ध चरण (२०४९-हालसम्म ) गरी दुई चरण देखा पर्दछन् । पूर्वार्द्ध चरणमा कविता, नाटक, गीत र समालोचनाजस्ता साहित्यिक विधामा केन्द्रित भएकाले यो चरण साहित्य सिर्जनाको अवधि र उत्तरार्द्ध चरणमा समालोचना र साहित्येतर लेखमा बढी केन्द्रित र केही सिर्जना भएकाले यो चरण समालोचना लेखनको अवधिका रूपमा रहेको छ ।

**पाँचौं पच्छिेद**अन्तर्गत भीम खरेलको कविता कृतिको विश्लेषण गरिएको छ । नेपाली साहित्यका क्षेत्रमा पुस्तकाकार कृतिको रूपमा आएको **अस्तित्व र मान्छे** कविता सङ्ग्रह २०३७ सालमा प्रकाशित भएको छ । यस कवितासङ्ग्रहमा खरेलका वि.सं. २०३४ देखि वि.सं. २०३७ सम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित कविता र केही मुक्तकहरू रहेका छन् । यस कविता सङ्ग्रहमा प्रगतिवादी भावधार बढी प्रवाहीत भएको छ । कविताहरूमा

सामाजिक, साँस्कृतिक र राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ ।

**छैटौँ परिच्छेद**अन्तर्गत भीम खरेलको नाटक कृतिको विश्लेषण गरिएको छ । २०३२ सालमा यिनको **अभिलाषा र सफलता** नाटक प्रकाशित भएको छ । यस नाटकमा खरेलले २०३२ सालभन्दा अगाडि नेपाली समाजमा देखिएको सामाजिक, राजनीतिक विकृति र विसङ्गतिलाई प्रस्तुत गरेका छन् । खरेलको यो सामाजिक यथार्थवादी नाटक हो ।

**सातौँ परिच्छेद**अर्न्तगत भीम खरेलका समालोचना कृतिहरूको अध्ययन गरिएको छ । यिनका हालसम्म **रवीन्द्र शाह व्यक्तित्व र कृति** (२०४९), **शाह वंश स्रष्टा : केही सिर्जना केही विवेचना** (२०५३) र **जी. शाह व्यक्तित्व र सिर्जना** (२०५६) तीनवटा समालोचना कृति प्रकाशित भएका छन् । यी समालोचना कृतिहरूमा उनले नेपाली साहित्य र कलाका क्षेत्रमा शाहवंशीय स्रष्टाहरूबाट भएको योगदानको चर्चा गरेका छन् । यी समालोचना कृतिहरूले खरेललाई प्रभाववादी समालोचकका रूपमा स्थापित गराएका छन् ।

**आठौँ परिच्छेद**अन्तर्गत यस शोधसार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका साथै प्रशासनिक कार्यलाई सँगसँगै अगाडि बढाउँदै आएका भीम खरेल प्रतिभा सम्पन्न व्यक्ति हुन् । विभिन्न क्षेत्रमा देखिएको खरेलको प्रतिभाले उनलाई नेपाली साहित्यका एक उच्चसेवी व्यक्तिका रूपमा चिनिँदै आएका छन् । यिनको अथक परिश्रम, निरन्तर साधनाले नेपाली साहित्यलाई ठूलो योगदान पुगेको छ । कविता, गीत र समालोचनालाई यिनले आफ्नो कार्यक्षेत्र बनाएका छन् । आधुनिक नेपाली साहित्यमा खरेलको योगदान विशिष्ट रहँदै आएको छ ।

### ८.२ निष्कर्ष

वि.सं. २०१० कार्तिक २७ गतेका दिन ताप्लेजुङ जिल्लाको थेचम्बु गा.वि.स. को खहरे गाउँमा रूपनारायण खरेलको मध्यमवर्गीय परिवारमा जन्मेका भीम खरेलले स्नातक तहसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । लेखन तथा सिर्जना कार्यमा मात्र एकलैटी समय दिन नपाएका खरेलको अधिकांश समय प्रशासनिक क्षेत्रमा व्यतीत भएको देखिन्छ । साहित्यलाई जीवनको एउटा पाटो मान्दै अगाडि बढेका खरेलले जीवनका चार दशक साहित्यका क्षेत्रमा समर्पण गरिसकेका छन् । यस बीचमा उनका एक नाटक, एक कविता सङ्ग्रह र तीनवटा समालोचना कृति पुस्तकाकार रूपमा प्रकाशित भएका छन् । खरेलको **अभिलाषा र सफलता** सामाजिक यथार्थवादी नाटक हो । **अस्तित्व र मान्छे** खरेलको प्रगतिवादी भावधारा प्रबल भएको कविताहरूको सङ्ग्रह हो । यस संङ्ग्रहका कविताहरूमा खरेलले समाजिक विकृति, विसङ्गति, गरिबी, अन्याय, अत्याचार र समाजमा व्याप्त हुँदै गएको स्वाथी र आडम्बरी प्रवृत्तिको चित्रण गरेका छन् । खरेलले **रवीन्द्र शाह व्यक्तित्व र कृति**, **शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना** र **जी. शाह व्यक्तित्व र**

**सिर्जना** नामक समालोचना कृतिहरूमा शाह वंशका स्रष्टाहरूले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका छन् । यिनै विविध आधारमा हेर्दा आधुनिक नेपाली सहित्यमा भीम खरेलको योगदान उल्लेखनीय रहँदै आएको छ ।

### ८.३ सम्भाव्य शोध शीर्षकहरू

भीम खरेलका बारेमा भविष्यमा थप अध्ययन अनुसन्धानका सम्भावनाहरू छन् । यो शोधपत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव भएको छैन । अतः भविष्यमा भीम खरेलका बारेमा शोध गर्ने शोधार्थीहरूका लागि निम्नलिखित शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ :

(१) भीम खरेलका कवितामा प्रगतिवादी चेतना,

(२) भीम खरेल र नेपाली समालोचना,

(३) भीम खरेलका गीतहरूको अध्ययन ।

# सन्दर्भसामग्रीसूची


आचार्य, व्रतराज. (२०६६), **आधुनिक नेपाली नाटक**, काठमाडौँ : साभ्का प्रकाशन ।

उपाध्याय, केशवप्रसाद. (२०३०), **साहित्य प्रकाश**, ललितपुर : साभ्का प्रकाशन ।

..........(२०५२), **नाटक र रङ्गमञ्च,** काठमाडौँ : रुम प्रकाशन ।

..........(२०३९), मोतीराम व्यक्तित्व र योगदान, **मोतीस्मृति ग्रन्थ**, काठमाडौँ : नेपाली शिक्षा परिषद् ।

...........(२०५५), **पूर्वीय साहित्य सिद्धान्त,** ते. सं., काठमाडौँ : साभ्का प्रकाशन ।

कँडेल, घनश्याम. (२०५५), **नेपाली समालोचना,** काठमाडौँ : साभ्का प्रकाशन ।

खनाल, यदुनाथ. (२०२३), **समालोचना सिद्धान्त,** दो. सं., काठमाडौँ : साभ्का प्रकाशन ।

खरेल, भीम. (२०३२), **अभिलाषा र सफलता,** भ्कापा : गजेन्द्र पौड्याल ।

...........(२०३७), **अस्तित्व र मान्छे,**, भ्कापा : भानु प्रकाशन ।

...........(२०४९), **रवीन्द्र शाह व्यक्तित्व र कृति**, काठमाडौँ : प्रतिनिधि प्रकाशन ।

.............(२०५३), **शाह वंशका स्रष्टा केही सिर्जना केही विवेचना**, काठमाडौँ : प्रतिनिधि प्रकाशन ।

...........(२०५६), **जी. शाह व्यक्तित्व र सिर्जना**, काठमाडौँ : प्रतिनिधि प्रकाशन ।

.........(सम्पा.)(२०५९,१ : २३), **प्रतिनिधि सहित्यिक पत्रिका,** काठमाडौँ : प्रतिनिधि प्रकाशन, पृ. ६२ ।

भट्टराई, घटराज. (२०५१), **नेपाली साहित्य परिचयकोश**, काठमाडौँ : नेशनल रिसर्च एसोसियट्स ।

घिमिरे, रघु. (२०५०, साउन २३), 'रवीन्द्र शाह व्यक्तित्व र कृति', **गोरखापत्र,** पृ. १० ।

त्रिपाठी, वासुदेव. (सम्पा.) (२०६७), **नेपाली बृहत् शब्दकोश**, सा. सं., काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

..........(२०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, काठमाडौँ : साभ्का प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य. (२०६०), **नेपाली कविता**, भाग ४, चौ. सं., काठमाडौँ : साभ्का प्रकाशन ।

थापा, मोहनहिंमाशु. (२०५०), **साहित्य परिचय**, चौ. सं., काठमाडौँ : साभ्का प्रकाशन ।

धनञ्जय. (२०१९), **दशरूपक**, वारणसी : चाँखम्बा विद्याभवन ।

प्रधान, कृष्णचन्द्र सिंह. (२०५८), **साभ्का समालोचना** (सम्पा.), पाँ. सं., काठमाडौँ : साभ्का प्रकाशन ।

रिजाल, लक्ष्मी. (२०५६), **मेची किनारका कविताहरूमा सङ्कलित कवि र कविताहरूको अध्ययन**, (अप्रकाशित शोधपत्र), त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

लुइटेल, खगेन्द्र. (२०६७), **नेपाली काव्य समालोचना**, काठमाडौँ : पैरवी प्रकाशन ।

.............(२०५७), **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : साझा प्रकाशन ।

............(२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

विश्वनाथ. (ई.सं.१९१०), **साहित्य दर्पण**, बम्बाई : निर्णयसागर ।

श्रेष्ठ, दयाराम र अन्य. (२०६३), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आ. सं., काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज. (२०४८), **शैली विज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र अन्य. (२०६०), **नेपाली गद्य, भाषा साहित्य र इतिहास,** काठमाडौँ : नवीन प्रकाशन ।

सुवेदी, राजेन्द्र. (२०६१), **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति**, वारणासी : भूमिका प्रकाशन।

सुवेदी, मीना. (२०५५, १६ : २८), 'शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना', **जनभावना साप्ताहिक**, पृ. १० ।